सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ असार २०८०, बिहीबार (6 July 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ८४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सम्पत्ति शुद्धीकरणमा १३ वर्षपछि नेपालको मूल्यांकन हुँदै

'ग्रे लिस्ट'मा पर्ने जोखिम

मूल्यांकनका लागि हुने एपिजीको वार्षिक बैठकमा सहभागी हुन गभर्नर र तीन सचिवसहित २९ सदस्यीय नेपाली टोली आज क्यानडा उड्दै, नेपालले तयार गरेको प्रतिवेदन एपिजीको साधारणसभामा पेस हुने

सुवास भट्ट/नयाँ पत्रिका

सम्पत्ति शुद्धीकरण नियन्त्रणको प्रभावकारिता सम्बन्धमा १३ वर्षपछि नेपालको पारस्परिक मूल्यांकन हुँदै छ। अधिकांश सूचक नकारात्मक भएकाले नेपाल 'ग्रे लिस्ट'मा पर्ने जोखिम छ।

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा नेपालको प्रयास र अवस्थाबारे मूल्यांकन हुन लागेको हो। सम्पत्ति शुद्धीकरण मामिलामा एसिया प्रशान्त क्षेत्र हेर्ने समूह (एपिजी अन मनी लाउन्डरिङ)को वार्षिक साधारणसभामा नेपालको पारस्परिक मूल्यांकन हुन लागेको हो।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक तारानाथ अधिकारीका अनुसार यही ९ जुनदेखि १४ जुलाई (२४-२९ असार) मा क्यानडामा साधारणसभा हुँदै छ। 'बैठकमा सम्पत्ति शुद्धीकरण नियन्त्रण सम्बन्धमा नेपालसहितका देशको पारस्परिक मूल्यांकन हुनेछ,' विभागका महानिर्देशक अधिकारीले भने, 'नेपालले आफ्नोतर्फबाट तयारी गरेको छ।'

विभागका अनुसार नेपालबाट २९ जनाको प्रतिनिधिमण्डलले बैठकमा सहभागिता जनाउनेछ। बिहीबारदेखि टोली क्यानडा जान सुरु गर्नेछ। बैठकको 'हेड अफ दी डेलिगेट' गभर्नर महाप्रसाद अधिकारी रहेका छन्। त्यस्तै, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव धनराज ज्ञवालीले पारस्परिक मूल्यांकन समितिको अध्यक्षता गर्नेछन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन तथा मानव अधिकार हेर्ने सचिव उदयराज सापकोटाले राष्ट्रिय समन्वय समितिको संयोजन गर्नेछन्।

प्रतिनिधिमण्डलमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव रामेश्वर दंगाल, विभागका महानिर्देशक अधिकारी, नेपाल प्रहरीका एआइजी दीपक थापा, नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी एकाइ (एफआइयू)का प्रमुख दीर्घ रावललगायत सहभागी हुनेछन्।

२०१९ मै हुनुपर्ने नेपालको पारस्परिक मूल्यांकन कोभिड- १९ लगायत कारण चार वर्ष पछि सरेको हो। यसअघि सन् २०१० मा नेपालको मूल्यांकन भएको थियो। त्यसपश्चात् १३ वर्षपछि नेपालको पूर्ण मूल्यांकन हुन लागेको हो। क्यानडामा नेपालसहित तीन देशको पारस्परिक मूल्यांकन हुनेछ भने केही देशको रिपोर्ट पेस हुनेछ। बैठकमा एपिजीअन्तर्गतका ४१ देश र अन्तर्राष्ट्रिय संघसंस्थासमेत सहभागी हुनेछन्।

एक वर्षदेखिको तयारी

ठ्याक्कै एक वर्षअघि २१ असार ०७९ देखि सम्पत्ति शुद्धीकरणसम्बन्धी नेपालको मूल्यांकन प्रक्रिया सुरु भएको थियो। यो मूल्यांकन प्रक्रियामा एपिजी सहभागी

» पृष्ठ ११ मा क्रमशः

■ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक तारानाथ अधिकारी भन्छन्-



बैठकमा सम्पत्ति शुद्धीकरण नियन्त्रण सम्बन्धमा नेपालसहितका देशको पारस्परिक मूल्यांकन हुनेछ। नेपालले आफ्नोतर्फबाट तयारी गरेको छ।

नेपालको अधिकांश सूचक नकारात्मक

सम्पत्ति शुद्धीकरण नियन्त्रणमा नेपालको प्रभावकारिता न्यून रहेको प्रारम्भिक प्रतिवेदन एपिजीले यसअघि नै दिइसकेको छ। सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी व्यवस्थाको प्राविधिक परिपालनासमेत कमजोर रहेको प्रतिवेदनले औंल्याइसकेको छ।

प्रारम्भिक प्रतिवेदनमा एफएटिएफले निर्धारण गरेका ११ तत्कालीन नतिजा (इमिडिएट आउटकम)मध्ये अधिकांशमा नेपालको न्यून 'रेटिङ' छ। एपिजीको प्रारम्भिक प्रतिवेदनअनुसार ११ मध्ये नौमा मध्यम, एकमा न्यून मध्यम र बाँकी आठमा न्यून रेटिङ छ।

प्राविधिक परिपालना (टेक्निकल कम्प्लायन्स) तर्फ पनि नेपाल कमजोर देखिन्छ। प्राविधिक परिपालनालाई पाँच भागमा वर्गीकरण गरिएको छ। त्यसमा परिपालना, पूर्ण परिपालना, आंशिकपूर्ण परिपालना, आंशिक परिपालना र परिपालना नभएका छन्।

प्रारम्भिक प्रतिवेदनअनुसार परिपालना र पूर्ण परिपालनामा नेपालले १७ अंक पाएको छ भने आंशिक र परिपालना नभएकाको अंक २३ छ। आंशिक र परिपालना नभएकाको अंक २० भन्दा बढी भएकालाई जोखिम मानिन्छ। त्यस्तालाई एपिजीले 'अब्जर्भेसन'मा राख्छ।

सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि कानुन निर्माण तथा कारबाही कमजोर भएको, प्रभावकारिता नदेखिएकालगायत कारण अधिकांश सूचक नकारात्मक देखिएकाले यससम्बन्धी मामिलाका जानकारहरू नेपाल 'अब्जर्भेसन'मा जाने बताउँछन्।

२०१० मा 'ग्रेस पिरियड' तोकेर एपिजीले नेपाललाई 'ग्रे लिस्ट'मा राखेको थियो। केही पूरा गरेर तथा केहीमा प्रतिबद्धता जनाएर २०१४ मा नेपाल ग्रे लिस्टबाट बाहिर निस्किएको थियो। त्यतिबेला पारस्परिक कानुनी सहायता ऐन, सुपुर्दगी ऐनलगायत कानुन जारी भएका थिए। तर, ती सबै प्रतिबद्धता अझै पनि पूरा भएका छैनन्।

पहिलो मूल्यांकनमा कानुन र संरचना नै नबनेकाले नेपालले छुट पाएको थियो। २००५ मा नेपालको पहिलो मूल्यांकन भएको थियो। २०१० मा भएको दोस्रो मूल्यांकनमा सुविधा पाएका कारण नेपालको अन्तर्राष्ट्रिय मूल्यांकन खस्किन पाएन।

बालुवाटारको सरकारी जग्गामा व्यक्तिका महलदेखि विशाल गोदामसम्म



बालुवाटारभित्र ८ रोपनी १ आना १ पैसा २ दाम क्षेत्रफलमा फैलिएको भाटभटेनीको गोदाम। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

टेकराज थामी/नयाँ पत्रिका

ललितानिवासको एक सय ४३ रोपनी जग्गा हिनामिनामा संलग्न केही अभियुक्तलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ, केही फरार छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त साढे तीन वर्षअघि नै अभियुक्तविरुद्ध मुद्दा दायर गर्दै जग्गा जफत गर्न भनेको थियो। तर, सरकारले चार वर्षअघि नै रोक्का राख्ने निर्णय गरेको सो जग्गामा व्यक्तिका महलदेखि अभियुक्तका विशाल गोदामसम्म छन्। अहिले पनि भोगचलन उनीहरूले नै गरिरहेका छन्।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) स्रोतका अनुसार भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङले मात्रै ललितानिवासको २९ रोपनी जग्गा हडपेका थिए। जसमध्ये १४ रोपनी

» पृष्ठ ११ मा क्रमशः

■ **हडपिएको सरकारी जग्गामा कसका कस्ता संरचना ?**

नाम	कित्ता नं.	क्षेत्रफल	संरचना
महेशराज तुलाधर	५१, १५, १८	६ आना २ पैसा	घर
सन्ध्या शाक्य	११६, २९, ३१, २४	६ आना २ पैसा १ दाम	घर
सरिता मानन्धर	३२५, ३४४, १०२, १००, ९८	६ आना २ पैसा २ दाम	घर
रेणु बज्राचार्य	१०१, ९८	६ आना २ पैसा ३ दाम	घर
शर्मिला शाक्य	४०१	६ आना २ पैसा २ दाम	घर
धर्मशोभा शाक्य	१०९	६ आना २ पैसा २ दाम	घर
नूतन श्रेष्ठ	९६, ४६८, ४८६, ९३, ९४, ८९	५ आना ३ पैसा ३ दाम	घर
हेमान्द्रीशरशेर जबरा	९१	३ रोपनी ५ आना ३ पैसा	घर
एनआरएन	७४८, ७५२, ७४४, ७४६, ७५०	५ रोपनी १२ आना	घर
भाटभटेनी सुपर स्टोर	९, १०, ७९, ८०, ८१, ८२, १२, ५७, ५६, ५५, ३७९, ३१७, ३१४, २८४, २१५, ६१, २८२, २८५, ५९, २८६, ५८, १४, २१, ३७७, २७६, २१८, १०२, १००, ३७५, ३०७, २७३, १०१, २७४	८ रोपनी १ आना १ पैसा २ दाम	गोदाम

भाटभटेनी गोदामको नक्सा पास पनि छैन

भाटभटेनीका मालिक मीनबहादुर गुरुङले बालुवाटारको १४ रोपनी १० आना एक पैसा तीन दाम जग्गामा विशाल गोदाम बनाएका छन्। गोदमको पक्की संरचना मात्रै आठ रोपनी एक आनामा फैलिएको छ। काठमाडौं महानगरपालिकाका अनुसार गोदामघरको नक्सा पास भने गरिएको छैन।

'ललितानिवासको हडपिएको जग्गामा भाटभटेनीले विशाल गोदाम बनाएको छ। तर, नक्सा पास नगरिकनै बनाएकाले महानगरले अनुसन्धान गरिरहेको छ,' महानगरका नगर प्रहरी प्रमुख एसपी राजुनाथ पाण्डेले भने, 'नक्सा पास गरेको नपाइए डोजर लगाएर भत्काउँछौं।' व्यक्तिका नाममा लगिएको ललितानिवासको जग्गामा महानगरले तारबार लगाउने घोषणा गरिसकेको छ। त्यहाँ रहेका संरचना हटाउन सातदिने म्याद जारी भइसकेको छ। त्यसपछि त्यहाँका सबै संरचना भत्काउने महानगरको योजना छ। नक्सा पास गरेर पहिले नै बनाइसकिएको संरचना भने अदालतको फैसलापछि मात्रै हटाइने नगर प्रहरी प्रमुख एसपी पाण्डेले बताए।

प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिले राजनीतिक तरंग



संसद् अवरोध गर्दै एमालेले उठायो राजीनामाको माग, प्रधानमन्त्री भन्छन्- विपक्षीले अनावश्यक बबन्डर गऱ्यो

पृष्ठ ३

■ जुकरबर्ग भर्सेस मस्क

'थ्रेड्स' ल्याएर ट्विटरलाई चुनौती



पृष्ठ ७

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ **साढे दश महिनापछि कांग्रेस केन्द्रीय समिति बैठक**

आक्रामक इतर, रक्षात्मक संस्थापन

बैठकका एजेन्डा

- प्रदेश र प्रतिनिधिसभा निर्वाचन र उपनिर्वाचनको समीक्षा
- सरकार फेरबदलमा पार्टीको भूमिका
- आगामी रणनीति
- भ्रातृ संस्था र विभाग गठन, कोषाध्यक्ष मनोनयन
- नीति अधिवेशन
- नेतृत्वको कार्यशैली
- समसामयिक राजनीतिक विषय



केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

झन्डै एक वर्षपछि बोलाइएको कांग्रेस केन्द्रीय समिति बैठकमा आक्रामक छलफल हुने देखिएको छ। साढे दश महिनासम्म बैठक बस्न नसक्दा समसामयिक विषयमा छलफल र रणनीति तय हुन सकेको छैन।

महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापासहित इतर समूहले नेतृत्वको कार्यशैलीसहितका विषय उठाउने तयारी गरेपछि बैठकमा सघन छलफलको सम्भावना छ। निर्वाचनयता नाटकीय रूपमा प्रतिपक्षमा पुगेको पार्टीलाई सत्तारूढ दल बनाउन नेतृत्वको महत्त्वपूर्ण भूमिका रहेको भन्दै संस्थापन पक्ष प्रतिरक्षाको मनस्थितिमा छ।

कार्यवाहक मुख्यसचिव डा. प्रदीप पराजुलीका अनुसार सभापति शेरबहादुर देउवाले २७ असारका लागि बैठक आह्वान गरेका हुन्। बैठक अपराह्न १ बजे केन्द्रीय कार्यालय सानेपामा बोलाइएको छ।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले पदाधिकारी तहमा छलफलपछि एजेन्डा टुंगो लाग्ने बताए। तर, निर्वाचनको समीक्षा, सरकारको कार्यसम्पादन, पार्टीका आन्तरिक र समसामयिक विषयमा मूलतः छलफल हुने उनको भनाइ छ। 'एजेन्डा टुंगो लागिसकेको छैन। पदाधिकारी तहमा छलफलबाट औपचारिक रूपमा टुंगो लाग्छ,' उनले भने, 'निर्वाचनपछिको पहिलो बैठक भएकाले निर्वाचनको समीक्षा, सरकारको कार्यसम्पादन, पार्टीका नयाँ कार्यक्रम र आगामी रणनीतिसहित समसामयिक विषयमा छलफल हुनेछ।'

इतर समूह प्रदेश र प्रतिनिधिसभा निर्वाचनको समीक्षा, गठबन्धनको औचित्य र नेतृत्वको

» पृष्ठ ११ मा क्रमशः

निर्वाचन समीक्षादेखि आगामी योजनासम्म छलफल हुन्छ



● **मीन विश्वकर्मा**
प्रमुख, प्रचार विभाग

एजेन्डा टुंगो लागिसकेको छैन। पदाधिकारी तहमा छलफलबाट औपचारिक रूपमा टुंगो लाग्छ। निर्वाचनपछिको पहिलो बैठक भएकाले निर्वाचनको समीक्षा, सरकारको कार्यसम्पादन, पार्टीका नयाँ कार्यक्रम र आगामी रणनीतिसहित समसामयिक विषयमा छलफल हुनेछ।

समस्यालाई निराकरण गर्ने गरी छलफल हुनुपर्छ



● **अर्जुननरसिंह केसी**
इतर समूहका नेता

निर्वाचन, गठबन्धन, सरकारको समीक्षा, अन्तर्राष्ट्रिय परिस्थिति, आर्थिक अवस्था र पुराना दलप्रति जनतामा देखिएका नैराश्यतालगायत सबै विषयमा केन्द्रीय समितिमा कुरा राख्न पाउनुपर्छ, बैठक औपचारिकतामा सीमित गरिनुहुँदैन। समस्यालाई निराकरण गर्ने गरी छलफल हुनुपर्छ।



भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित



भक्तपुर/ भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट सर्वसम्मतिले पारित गरेको छ। बुधबार बसेको नगरससभाले आर्थिक वर्ष ०८०/८१ को बजेट सर्वसम्मतिले पारित गरेको हो।

नगरप्रमुख सुनिल प्रजापतिले आगामी आर्थिक वर्षका लागि भक्तपुर नपाको बजेटमाथि भएको छलफलमा भाग लिई आवश्यक सुझाव, जिज्ञासा र समर्थन गरी सहयोग गर्ने सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्दै प्रतीक्षारत ख्वप: विश्वविद्यालय स्थापनाका लागि संसद्बाट विधेयक पारित गराउन नगरपालिकाले निरन्तर जोड दिने बताए। उनले भ्रष्टाचारविरोधी ऐतिहासिक आन्दोलनको स्मरण गर्दै सदाचारिता र मितव्ययिताबारे जनप्रतिनिधिहरू सचेत रहनुपर्ने बताए। नगरपालिका उपप्रमुख रजनी जोशीले १० असारमा दुई अर्ब २६ करोड ८५ लाख ९४ हजारको बजेट सभामा प्रस्तुत गरेकी थिइन्।

बजेटमाथि भएको छलफलमा उठेका जिज्ञासामाथि प्रस्ट पार्दै उपप्रमुख जोशीले नगरका सबै वडामा शिशुस्याहार केन्द्र स्थापना र सञ्चालन गर्न आवश्यक अध्ययन भइरहेको, कृषि विकासका लागि कृषक सूचीकरण कार्य अगाडि बढिरहेको, करको दायरा समयसापेक्ष फराकिलो पार्दै लगिने, संस्थागत क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिएको तथा नगरका विभिन्न स्थानमा सिसिक्यामेरा जडान र सडकबत्ती व्यवस्था गरी शान्तिसुरक्षाका लागि आवश्यक कार्य भइरहेको विषय उल्लेख गरिन्।

ललितपुर महानगर र मालिका गाउँपालिकाबीच भगिनी सम्बन्ध



ललितपुर/ ललितपुर महानगर र गुल्मीको मालिका गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ। ललितपुर महानगरका प्रमुख चिरिबाबु महर्जन र मालिका गाउँपालिका गुल्मीका अध्यक्ष देवीराम अर्यालले भगिनी सम्बन्ध कायम गर्ने विषयको समझदारीपत्रमा बुधबार हस्ताक्षर गरेका हुन्।

ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनले भगिनी सम्बन्ध गाँस्नु भनेको दुःख-सुख आदानप्रदान गर्नुभएको बताए। उनले भने, 'हामी मित हौं, दुःख-सुख साट्छौं, सहयोग गर्छौं।'

मालिका गाउँपालिकाका अध्यक्ष देवीराम अर्यालले कला, संस्कृति र सम्पदाको सहर ललितपुरसँग भगिनी सम्बन्ध गाँस्न पाउनु गौरवको कुरा भएको बताए। यो सम्बन्धले मालिका गाउँपालिका लाभान्वित हुने विश्वास व्यक्त गरे। उनले भने, 'ललितपुर महानगर हाम्रा लागि खुला विश्वविद्यालय हुनेछ, हामी असल अभ्यास सिक्नेछौं।' पूर्वसचिव भीम उपाध्यायले कला र संस्कृतिको सहरले विकट जिल्ला गुल्मीको मालिका गाउँपालिकासँग भगिनी सम्बन्ध गाँस्नु महत्त्वपूर्ण भएको बताए।

निजी स्कुलका विद्यार्थी ओसार्न नियमविपरीत सार्वजनिक सवारीसाधन प्रयोग

चार सय बसले बोक्छन् निजीका विद्यार्थी, दैनिक ४८ हजार यात्रु मारमा

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकाभित्रका निजी स्कुलले आफ्ना विद्यार्थी ओसार्न सार्वजनिक सवारीसाधन प्रयोग गर्दा दैनिक हजारौँ सार्वसाधारणले सास्ती खेप्नुपरेको छ। 'पिकआवर' (बिहान ८ देखि ११ र साँझ ३ देखि ६ बजे) मा सार्वजनिक सवारीसाधन विद्यार्थी बोक्न गएपछि यात्रुहरू घन्टौंसम्म सडकमा बस्न बाध्य छन्।

यात्रुहरूको गुनासोपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले त्यसमा कडाइ गर्ने भएको छ। निजी स्कुलहरूले दैनिक चार सयभन्दा बढी सार्वजनिक सवारीसाधनलाई विद्यार्थी बोक्न प्रयोग गरिरहेका छन्। जसको प्रत्यक्ष असर सर्वसाधारणमा परिरहेको छ।

स्कुल बस निर्देशिका ०७४ अनुसार सार्वजनिक सवारीसाधनले विद्यार्थी बोक्न पाइँदैन। यातायात व्यवस्था विभागका अनुसार हाल उपत्यकाभित्र सार्वजनिक सवारीसाधनको संख्या करिब तीन हजार छ। त्यसमा चार सयभन्दा धेरै सार्वजनिक सवारीसाधन निजी स्कुलका विद्यार्थी बोक्न प्रयोग भइरहेका छन्।

'पिकआवर'मा सर्वसाधारणले सवारीसाधन नपाएको गुनासो गरेपछि कडाइ गर्न लागेको यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले जानकारी दिए। 'अहिले उपत्यकाका अधिकांश निजी स्कुलले सार्वजनिक बस प्रयोग गर्छन्, त्यसको असर रुटका यात्रुलाई पर्ने गरेको छ,' उनले भने, 'अब हामी यसमा कडाइ गर्दै छौं।' पाँच वर्षअघि तत्कालीन ट्राफिक प्रहरी निरीक्षक सीताराम हाछेँथूको टोलीले गरेको अध्ययनअनुसार सार्वजनिक सवारीसाधन निजी विद्यालयले प्रयोग गर्दा दैनिक ४८ हजार यात्रु समयमै गाडी चढ्नबाट वञ्चित हुने गरेका थिए। समयमै सवारीसाधन नपाउँदा कार्यालयमा ढिलो पुग्नेजस्ता समस्या देखिएको अध्ययनमा उल्लेख छ। अहिले झनै सार्वजनिक सवारीसाधन निजी विद्यालयले प्रयोग गर्ने क्रम बढेको छ। यातायात व्यवस्था विभागका अनुसार उपत्यभित्र स्कुलहरूले प्रयोग गर्ने पहेलो रङको सवारीसाधन जम्मा तीन हजार छन्। सवारीसाधन अपुग भएपछि निजी स्कुलहरूले भाडामा सार्वजनिक सवारीसाधन प्रयोग गर्ने गर्छन्।



फाइल तस्बिर

निजी स्कुलका प्रिन्सिपलहरू भन्छन्–

■ **मेदिन लामिछाने**
प्रिन्सिपल, युलेन्स स्कुल

हामीसँग ६० वटा बस छन्। यसमध्ये १० वटा सार्वजनिक बस हुन्। अपुग भएपछि बाहिरको बस प्रयोग गरिएको हो।

■ **मुकुन्दराज शर्मा**, प्रिन्सिपल
लिटिल एन्जल्स स्कुल

पहँलो गाडी ४३ वटा र भाडाको गाडी ४५ वटा रहेका छन्। हामीकहाँ आफ्नै गाडी कम भएकाले भाडाको गाडी प्रयोग गर्नुपरेको छ।

■ **पवित्र लिम्बू**, प्रिन्सिपल
प्रिमियर स्कुल

निजी बस कम भएपछि बस भाडामा लिनु बाध्यता हो।

■ 'पिकआवर'मा थेगिनसक्नु यात्रुको चाप : ट्राफिक प्रहरी

ट्राफिक प्रहरीको तथ्यांकअनुसार पनि उपत्यकाका निजी विद्यालयले 'पिकआवर'मा चार सय हाराहारीमा सार्वजनिक सवारीसाधन प्रयोग गर्दै आइरहेका छन्। सोहीकारण रुटको सवारीसाधन नपाएर यात्रुहरूले सास्ती खेप्ने गरेका छन्। स्कुलहरूले नियमविपरीत भाडाका सवारीसाधन प्रयोग गर्दा प्रमुख सडक र चोकमा सवारी कुर्ने यात्रुको चाप थेगिनसक्नु हुने गरेको ट्राफिक प्रहरीले जनाएको छ।

● **नारायणप्रसाद भट्टराई**, महानिर्देशक
यातायात व्यवस्था विभाग

'पिकआवर'मा सर्वसाधारणले सवारीसाधन नपाएको गुनासो गरेपछि कडाइ गर्न लागेका छौं। अहिले उपत्यकाका अधिकांश निजी स्कुलले सार्वजनिक बस प्रयोग गर्छन्, त्यसको असर रुटका यात्रुलाई पर्ने गरेको छ। अब हामी यसमा कडाइ गर्दै छौं।



यी हुन् धेरै सार्वजनिक सवारीसाधन प्रयोग गर्ने निजी स्कुल

सार्वजनिक सवारीसाधन धेरै प्रयोग गर्ने स्कुलमध्ये, लिटिल एन्जल्स र सेन्ट जेभियर्स स्कुल अग्रनम्बरमा छ। यिनीहरूले क्रमशः ४५ र २० वटाभन्दा बढी सार्वजनिक बस विद्यार्थी बोक्न प्रयोग गर्छ। यस्तै, युलेन्सले १० वटा, प्रिमियर स्कुल दुईवटा र जेम्स स्कुल पाँचवटा सार्वजनिक सवारीसाधन प्रयोग गर्दै आएका छन्।

त्यस्तै, काठमाडौंको नामी स्कुल, एपेक्स स्कुल, प्रिमियर स्कुल, युलेन्स स्कुल, डिएभी स्कुल, डनबस्को स्कुल, ललितपुरको लिटिल एन्जल्स स्कुल, रातोबंगला स्कुल, सेन्टमेरिज, सुमेरु स्कुललगायतले पिकआवरमा धेरै नै सार्वजनिक बस भाडामा लिने गरेका छन्। यसबाहेक पनि थुप्रै स्कुलले भाडाका सवारीसाधनमा विद्यार्थी बोक्छन्।

विद्यार्थी संख्या धेरै र शैक्षिक गुणस्तरमा राम्रो दाबी गर्दै आएका निजी विद्यालयले स्कुल बससम्बन्धी निर्देशिका ०७४ भने पालना गरिरहेका छैनन्। उपत्यका ट्राफिक कार्यालयका प्रमुख राजेन्द्रप्रसाद भट्टका अनुसार विद्यालयले नै कानुनविपरीत सार्वजनिक बस प्रयोग गर्दा यात्रुले सास्ती भोगिरहनुपरेको छ। 'पिकआवरमा विद्यार्थी बोक्न सार्वजनिक बस प्रयोग हुँदा यात्रु अलपत्र पर्छन्,' प्रवक्ता भट्टले भने, 'यसमा यातायात व्यवस्था विभागले अनुगमन र कारबाही गर्नुपर्छ।'

जेम्स स्कुलका प्रिन्सिपल राजेश खड्काले आफ्नो स्कुलबाहेकका चार-पाँचवटा सार्वजनिक बस विद्यार्थी बोक्न प्रयोग गरेको बताउँछन्। 'बस अपुग भएपछि बाहिरको बस प्रयोग गरेका हौं, ती बस पनि व्यवस्थित नै छन्,' उनले भने।

■ स्कुल बस निर्देशिकामा के छ ?

स्कुल बस निर्देशिका ०७४, अनुसार विद्यार्थी बोक्ने बसको रङ पहेलो हुनुपर्छ। बसको अगाडि र पछाडि कालो रङले स्कुल बस लेखिएको हुनुपर्छ। बसमा आपत् कालीन ढोका, झ्यालमा ग्रिल, प्राथमिक उपचार बक्स, अग्नि नियन्त्रण उपकरण, डस्टबिन, व्यवस्थित र सहज सिट हुनैपर्छ।

यस्तै, झोला राख्न मिल्ने ठाउँ, सबै सिट अगाडि फर्किएको, परिचालकको व्यवस्था, क्षमताभन्दा बढी यात्रु राख्न पाइँदैन। बसमा विद्यार्थीको विवरणसमेत राख्नुपर्छ, बसको गति सीमित हुनुपर्छ। विद्यार्थीलाई बस परिचालकले बाटो पार गराइदिनुपर्छ, तोकिएको ठाउँमा रोक्नुपर्छ। तर, सार्वजनिक सवारीसाधनमा यी कुनै पनि मापदण्ड हुँदैन। पहेलो रङका स्कुलले बसले समेत यी मापदण्ड पूरा गरेका छैनन्।

■ सार्वजनिक बसलाई निजी स्कुलहरूले प्रयोग गर्न पाइँदैन : मन्त्रालय

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले सार्वजनिक बसलाई निजी स्कुलहरूले स्कुल बस बनाउन नपाइने बताए। 'अब सरकार यातायात प्राधिकरण सञ्चालनको तयारीमा गइरहेको छ, त्यसको ऐनमार्फत हामीले सार्वजनिक यातायातलाई व्यवस्थापन गर्छौं,' उनले भने, 'स्कुलहरूले त्यसरी भाडाका सवारीसाधन प्रयोग गर्न पाइँदैन।' उनले उपत्यकामा रात्रिकालीन सवारीसाधन सञ्चालन गर्ने सम्बन्धमा पनि मन्त्रालयले गृहकार्य गरिरहेको जानकारी दिए।

बुधबार उपत्यकामा

गोदावरी : वैदेशिक रोजगारीका लागि मकाउ पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ। गोरखा गण्डकी गापा-८ भई ललितपुर गोदावरी-१४ ठैब बस्ने ५१ वर्षीय दुर्गाबहादुर रेग्मीले जितबहादुर थापा मगरलाई वैदेशिक रोजगारीका लागि मकाउ पठाइदिने भन्दै ६ लाख ६० हजार रुपैयाँ ठगी गरेका थिए। थापामगरको उजुरीका आधारमा प्रहरी टोलीले रेग्मीलाई पक्राउ गरी वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको हो।

तारकेश्वर : तारकेश्वर नगरपालिका- ३ तीनपिप्ले चेकपोस्टबाट अवैध लागुऔषध गाँजासहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्ने नुवाकोटका २३ वर्षीय बुद्धिमान तामाङ र २३ वर्षीय साम्देन शेरचन रहेका छन्। प्रहरीले बा.प्र.०२-०२९ प ४०४९ नम्बरको स्कुटरलाई जाँच गर्ने उनी पक्राउ परेका हुन्।

कीर्तिपुर : कीर्तिपुर नगरपालिका- ८ पाँगा चारघरेका ४५ वर्षीय जयगणेश महर्जनको टहरामा जुवातास खेलिरहेका मकवानपुर हेटौंडा उमनपा- ७ का ४२ वर्षीय रामशरण बोम्जनसहित पाँचजना जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनीहरूलाई १७ हजार नौ सय ३५ रुपैयाँ र तीन बुक ताससहित पक्राउ गरेको हो।

ठिमी : मध्यपुरठिमी नपा- ३ मा डेरा गरी बस्ने दोलखा कालिञ्चोक गापा- ८ की ३१ वर्षीया सिर्जना बस्नेतको कोठाबाट सुन, हीराका विभिन्न गहनासहित १२ लाख ४० हजार रुपैयाँबराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्नहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

अव्यवस्थित तार काट्ने अभियान स्थगित

दुई महिनामा पनि सकिएन तार व्यवस्थापन

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले तार व्यवस्थापनसम्बन्धी काम १० दिनका लागि स्थगित गरेको छ। निरन्तरको वर्षाले तार काट्न समस्या भएपछि केही दिनलाई स्थगित गरिएको हो। महानगरले करिब दुई महिनाअघि तार व्यवस्थापनलाई अभियानकै रूपमा सुरु गरेको थियो।

महानगर प्रहरीबलका नगर प्रहरी नायब उपरीक्षक तथा तार व्यवस्थापन संयोजक केदारबहादुर कार्कीका अनुसार पानी पर्ने समयमा तार काटेर व्यवस्थापन गर्न समस्या भएकाले काम रोकिएको हो। 'मंगलबार बैठक बसेर बुधबारदेखि तार काट्ने काम रोकेका हौं,' उनले भने, 'पानी पर्ने समय भएकाले करेन्ट लाग्ने सम्भावना धेरै हुन्छ। १० दिनपछि फेरि काम सुरु हुन्छ।' महानगरले माइतीघरबाट तार काट्न सुरु गरेको थियो। महानगरले माइतीघर-थापाथली, थापाथली-टेकु, त्रिपुरेश्वर-लैनचौर, न्युरोड गेट-वसन्तपुर गरी चार क्षेत्र बनाएर तार काट्न थालेको थियो।

महानगरका मेयर बालेन्द्र साहले २२ वैशाखमा सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै अव्यवस्थित तारका कारण आगलागीको जोखिम बढ्नुको साथै सहर पनि कुरूप बनेको भन्दै तार व्यवस्थापन गर्ने घोषणा गरेका थिए। यसलगत्तै महानगरले २४ वैशाखमा छलफल गरी २५ वैशाखदेखि काम सुरु गरेको थियो। तार व्यवस्थापन गर्न इन्टरनेट सेवा प्रदायक कम्पनी, नेपाल टेलिकम, विद्युत् प्राधिकरण लगायतसँग महानगरले सहकार्य गर्दै आएको छ। तार व्यवस्थापनको काम सम्पदा क्षेत्र र हाइवे क्षेत्रलाई प्राथमिकतामा राखेर सुरु गरेको थियो।



■ ललितपुरमा सात दिनमै तार व्यवस्थापन

उपत्यकामै रहेको ललितपुर महानगरपालिकामा भने यसअघि नै अव्यवस्थित तार व्यवस्थापन भइसकेको छ। महानगरपालिकाले सरोकारवाला निकायलाई १० दिनको समय दिएको थियो, तर सात दिनमै तार व्यवस्थापन भएको थियो।

ललितपुरलेझैं काठमाडौं महानगरले पनि १५ दिनको समय दिएर सरोकारवाला निकायलाई तार व्यवस्थानपन गर्न निर्देशन दिएकोमा दुई महिना पुग्न लाग्दा पनि व्यवस्थापन हुन सकेको छैन। समितिका संयोजक कार्की भन्छन्, 'तार व्यवस्थापन कार्य कठिन भएकाले एक-दुई वर्ष पनि लाग्न सक्छ। साना गल्ली सबैतिरको तार व्यवस्थापन गर्न कम्तीमा दुई वर्ष त लाग्छ। गिजोलिएका तारहरू धेरै छन्। पुराना तार यत्तिकै छोडिएका छन्। नयाँलाई पनि ध्यानमा राखेर काट्नुपर्ने हुन्छ।'

■ ८० ट्रक तार काटिए, काट्नभन्दा व्यवस्थापन गर्न कठिन

काठमाडौं महानगरका अनुसार हालसम्म ८० ट्रक तार काटिसकिएको छ। ती तार टेकुस्थित ट्रान्सफर स्टेसनमा थुपारिएको छ। टेकुमा तार राखिए पनि पुनः प्रयोग गर्न नमिल्ने भएकाले व्यवस्थापनमा कठिन भइरहेको छ। 'तार काट्न त काट्यौं, तर व्यवस्थापन गर्न गाह्रो भइरहेको छ,' कार्कीले भने, 'दैनिक चार पाँच ट्रक तार जम्मा भइरहेको छ। त्यो पुनः प्रयोग पनि नहुने र अन्य काममा प्रयोग पनि नहुने रहेछ।' महानगरले एक ट्रक तार भने तरकारी खेती गर्ने सर्वसाधारणलाई पठाएको छ। जसकारण अरू कतैबाट तारको माग भए निःशुल्क उपलब्ध गराउने भएको छ। सम्बन्धित क्षेत्रमा महानगरले नै पुऱ्याइदिने महानगरले जनाएको छ।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय भैरहवा, रुपन्देहीका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति ३०८०/०३/२१ गते बिहिवार नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने समयावधी समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सो को पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता/फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन देखि ४२औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, भैरहवा, रुपन्देहीमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/४/३२ गते बिहीबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, भैरहवा, रुपन्देहीमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :

१. ऋणी: दुर्गेश कुमार गुप्त (ना.प्र.नः २/३१०९०,जारी मिति२०६२/१२/११ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.१२, रुपन्देही । बाबु: सुशील कुमार गुप्त । बाजे: काशी बनिया ।	**ऋणी : राम प्रसाद पन्थी** (ना.प्र.नः ६९४,जारी मिति २०५०/०४/२५ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.८ बाबु: लिला राम पन्थी । बाजे: इन्द्रमणी पन्थी ।
जमानतकर्ता : राधा पौडेल (पन्थी) (ना.प्र.नः २९१२९ जारी मिति २०६१/१२/०४ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.८ बाबु: जगत प्रसाद पौडेल ।पतिः राम प्रसाद पन्थी । ससूराः लिला राम पन्थी ।	**जमानतकर्ता : रिता कुमारी अग्रहरी** (ना.प्र.नः १८७४८ जारी मिति २०५८/०२/१७ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : सि.न.पा. वडा नं.०६, रुपन्देही । बाबु: ओंकारनाथ अग्रहरी । पतिः दुर्गेश कुमार गुप्त । ससूराः सुशील कुमार गुप्त ।
धितोका रहेको सम्पत्तिको विवरण : **रिता कुमारी अग्रहरी र राधा पौडेल (पन्थी)** को संयुक्त नाममा मालपोत कार्यालय भैरहवामा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. २ सिट नं २/क स्थित कि.नं. ७२९ क्षेत्रफल ०-७-७.५ (२४९७.४७ व.मी) को घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
२. ऋणी : जगेश्वर तेली (ना.प्र.नः १/१५२, जारी मिति २०४४/१०/१९ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सि.न.प.ा वडा नं: ०५, रुपन्देही । बाबु: गोपी साहु तेली । बाजे: हरवंश तेली ।	**जमानतकर्ता : अमित कुमार बेरीवाल** (ना.प्र.नः २३५८६ जारी मिति २०६०/०५/२९ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सि.न.पा. वडा नं.०५, रुपन्देही । बाबु: बिहारी लाल बेरीवाल । बाजे: केभटदेव बेरीवाल ।
जमानतकर्ता : श्रीमती सगिता तेली (ना.प्र.नः ३७१०२३/१०५२४ जारी मिति २०६७/०६/०६ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ०५, रुपन्देही । बाबु: श्रीकान्त तेली । पतिः जगेश्वर तेली । ससूराः गोपी साहु तेली	**धितोमा रहेको सम्पत्तिको विवरण :** जगेश्वर तेली को नाममा रहेको मालपोत कार्यालय भैरहवामा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ०६ सिट नं १०४०२३७१२ स्थित कि.नं. १५४ क्षेत्रफल ८४.६५ (व.मी) को जग्गा र घर र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. ऋणी: विशाल पाण्डेय (ना.प्र.नः३७-०१-६९-०६१९८, जारी मिति २०६९/१२/१३ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर न.पा./ गा.वि.स.वडा नं. ०२, बाबु: रमाकान्त पाण्डेय । बाजे: जोखु प्रसाद पाण्डेय ।	**जमानतकर्ता: बिन्दु पाण्डेय** (ना.प्र.नः ३३०८ जारी मिति २०६०/०३/२० जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर न.पा./ गा.वि.स.वडा नं. ०२, पतिः रमाकान्त पाण्डेय । ससुराः जोखु प्रसाद पाण्डेय ।
जमानतकर्ता : रमाकान्त पाण्डेय (ना.प्र.नः १/१०९१ जारी मिति २०४४/१२/२१ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर न.पा./ गा.वि.स.वडा नं. ०२, बाबु: जोखु प्रसाद पाण्डेय । बाजे: लखपत ।	**धितोमा रहेको सम्पत्तिको विवरण :** रमाकान्त पाण्डेयको नाममा मालपोत कार्यालय भैरहवामा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स./न.पा.वडा न.२ सिट नं २/क स्थित कि.नं. ७४८ क्षेत्रफल ०-३-६.५० (बी.क.धु) (११२५.९८ व.मि.) को जग्गा र घर र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय** भैरहवाबाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय भैरहवामा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८

प्रधानमन्त्रीको अभिव्यक्तिले राजनीतिक तरंग

संसद् अवरोध गर्दै एमालेले उठायो राजीनामाको माग, प्रधानमन्त्री भन्छन्- विपक्षीले अनावश्यक बबन्डर गऱ्यो

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एक सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिले राजनीतिक तरंग पैदा गरेको छ। विपक्षी दलले प्रधानमन्त्रीको अभिव्यक्तिलाई राजनीतिक मुद्दा बनाएर राजीनामाको माग उठाएको छ। प्रधानमन्त्री प्रचण्डले पूर्वाग्रही र विक्षिप्त देखिएको विपक्षले अनावश्यक मुद्दामा बबन्डर गरेको टिप्पणी गरेका छन्। राजनीतिक अभिव्यक्तिको असर संसद्मा पनि परेको छ।

एमालेले प्रधानमन्त्रीको अभिव्यक्तिमा 'भारतले प्रधानमन्त्री बनाएको आसय झल्किएको' भन्दै उनको राजीनामा मागेको छ। 'उहाँ (प्रधानमन्त्री प्रचण्ड)को अभिव्यक्ति राष्ट्रिय स्वाभिमान र स्वाधीनता गिराउने खालको अशोभनीय र आपत्तिजनक रह्यो। त्यसैले हामीलाई जवाफ होइन, अब राजीनामा चाहियो, उहाँबाट सारै भएन,' संसद् भवन परिसरमा एमाले अध्यक्ष केपी ओलीले भने।

प्रधानमन्त्रीको अभिव्यक्तिले देशको स्वाभिमान गिरेको र सार्वभौम संसद्को अपमान गरेको भन्दै एमालेले राजीनामा नआएसम्म सदन अवरोध जारी राख्ने निर्णय लिएको छ। बुधबार एमाले संसदीय दलको बैठकले प्रधानमन्त्री प्रचण्डको पछिल्लो अभिव्यक्तिले जनादेशको अपमान गरेको निष्कर्ष निकाल्दै राजीनामा नआएसम्म सदनको अवरोध जारी राख्ने निर्णय गरेको थियो। लगत्तै एमालेले नाराबाजीसहित सदन अवरोध गरेको थियो।

प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिलाई लिएर एमाले, रास्वपा, राप्रपा, नेमकिपालगायत दलले बुधबार दुवै सदन अवरुद्ध गरे। अवरोधका कारण राष्ट्रिय सभा एक दिन र प्रतिनिधिसभा दुई दिनका लागि स्थगित भएको छ। दुवै सदनमा विपक्षी सांसदले विवादित अभिव्यक्तिका लागि प्रधानमन्त्रीले राजीनामा दिएर माफी माग्नुपर्ने धारणा राखेका थिए। एमाले सांसद रघुजी पन्तले प्रधानमन्त्रीको अभिव्यक्तिले देशको शिर निहुरिएको र नेपालीको स्वाभिमानमा ठेस लागेको बताए।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले प्रचण्डको अभिव्यक्ति गलत भएको बताए। 'प्रधानमन्त्रीले दिएको अभिव्यक्ति आलोचनाका लागि योग्य छ। उहाँले गलत बोल्नुभएको छ। म सत्तापक्षको एउटा सांसद भए पनि त्यसमा समर्थन जनाउनुपर्छ भन्ने हुँदैन। त्यसमा मेरो प्रस्ट रूपमा विमति नै छ,' उनले भने। प्रचण्ड संसद्बाटै प्रधानमन्त्री भएको उल्लेख गर्दै शर्माले प्रधानमन्त्रीले संसद्प्रति राख्ने सम्मान भुल्न नहुने बताए।

रास्वपा सांसद मनिष झाले आफूहरू प्रधानमन्त्रीको अभिव्यक्ति लज्जित भएको बताए। 'हामीले प्रधानमन्त्रीको राजीनामा मागिरहेका छैनौं। केही कुरामा हाम्रो आशंका छ, प्रधानमन्त्रीले आएर स्पष्ट पारिदिनुपर्छ' उनले भने, 'यो अभिव्यक्ति भावनात्मक रूपमा यत्तिकै हो वा विवेक गुमाएर बोल्नुभएको हो कि कुन तर्कले बोल्नुभएको हो, त्यो स्पष्ट हुन चाहन्छौं।' प्रधानमन्त्रीको अभिव्यक्तिले सदनको अवहेलना भएको उनको भनाइ छ। माओवादीका उपमहासचिव वर्षमान पुनले मिटरब्याजसम्बन्धी विधेयक पारित गरेर अन्य विषयमा प्रवेश गर्न आग्रह गरे पनि विपक्षीले नसुनेको बताए।

प्रचण्ड एमाले अध्यक्ष केपी ओलीको प्रस्तावमा १० पुसमा प्रधानमन्त्री नियुक्त भएका थिए। प्रचण्डले राष्ट्रपति कांग्रेसलाई दिने निर्णय लिएपछि १५ फागुनमा एमाले सरकारबाट बाहिरिएको थियो। प्रधानमन्त्री प्रचण्डले ६ महिना कार्यकाल व्यतीत गरेलगत्तै एमालेले नै पहिलोपटक संसद्मा उनको राजीनामा मागेको छ। 'उहाँले राजनीतिक, नैतिक हिसाबले प्रधानमन्त्री पदमा बसिरहने आधार गुमाएको देख्यौं, त्यसैले राजीनामा मागेका हौं,' एमाले सचेतक महेश बर्तौलाले भने। सोमबार (१८ असार)मा प्रितम सिंहको किताब विमोचन कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाउन प्रितमले धेरैपटक दिल्ली धाएको र नेपालका नेताहरूसँग पनि कुराकानी गरेर मनाउने कोसिस गरेको अभिव्यक्ति दिएका थिए। उनको अभिव्यक्तिबारे छलफल गर्न एमालेले संसद् बैठकअघि आकस्मिक रूपमा संसदीय दलको बैठक बोलाएर छलफल गरेको थियो।



बुधबारको प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर विरोध गर्दै एमाले, रास्वपा र राप्रपाका सांसदहरू। तस्बिर : अमुल थापा/नयाँ पत्रिका



● **केपी ओली**, अध्यक्ष, एमाले

उहाँ (प्रधानमन्त्री प्रचण्ड)को अभिव्यक्ति राष्ट्रिय स्वाभिमान र स्वाधीनता गिराउने खालको अशोभनीय र आपत्तिजनक रह्यो। त्यसैले हामीलाई जवाफ होइन, अब राजीनामा चाहियो, उहाँबाट सारै भएन।



● **विश्वप्रकाश शर्मा**, महामन्त्री, कांग्रेस

प्रधानमन्त्रीले दिएको अभिव्यक्ति आलोचनाका लागि योग्य छ। उहाँले गलत बोल्नुभएको छ। म सत्तापक्षको एउटा सांसद भए पनि त्यसमा समर्थन जनाउनुपर्छ भन्ने हुँदैन। त्यसमा मेरो प्रस्ट रूपमा विमति नै छ।



● **मनीष झा**, सांसद, रास्वपा

हामीले प्रधानमन्त्रीको राजीनामा मागिरहेका छैनौं। केही कुरामा हाम्रो आशंका छ, प्रधानमन्त्रीले आएर स्पष्ट पारिदिनुपर्छ।



बबन्डर गर्न खोजिएको छ, बेलुन चाँडै फुट्नेवाला छ : प्रचण्ड



प्रधानमन्त्री प्रचण्डले सरदार प्रितम सिंहबारे आफूले बोलेको विषयलाई उचालेर विपक्षीले बबन्डर गर्न खोजेको बताएका छन्। विपक्षीहरू पूर्वाग्रही र विक्षिप्त भएको भन्दै उनले आफू आफ्नो मिसनमा अगाडि बढ्ने बताए।

सिंहले बोलेको विषयमा आफूले धारणा राखेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ। 'मैले बोलेको मेरो कुरा होइन। उहाँले बोलेको कुरा भनेको हुँ। मैले उहाँ सेवा र यातायातको क्षेत्रमा मात्रै होइन। राजनीतिमा पनि चासो राख्नुहुन्छ। मलाई प्रधानमन्त्री बनाउन उहाँ कहिले दिल्ली, कहिले नेपालका पार्टीहरूसँग लामुहुन्थ्यो भनेर उहाँबारे उहाँले भनेको कुरा बोलेको हुँ,' अखिल क्रान्तिकारी स्ववियु काउन्सिलको राष्ट्रिय भेलामा प्रधानमन्त्री प्रचण्डले भने, 'यसलाई उचालेर बबन्डर गर्न खोजिएको छ। त्यो बेलुन पनि छिट्टै फुट्नेवाला छ। त्यसले केही हुनेवाला छैन। तर, यसबाट हाम्रा विपक्षीहरूमा कति धेरै विक्षिप्तता छ, कति धेरै पूर्वाग्रह छ भन्ने देखिन्छ। तर, हामी दृढताका साथ आफ्नो मिसनमा अगाडि बढेका छौं।'

प्रधानमन्त्री प्रचण्डले प्रतिनिधिसभामा प्रस्तुत मिटरब्याजीलाई कारबाही गर्ने ऐन रोक्न प्रतिपक्षी दलले संसद् अवरोध गर्न खोजेको आरोप लगाए। 'एउटा पुस्तक विमोचनमा सन्दर्भवश मैले भनेको विषयलाई बंग्याएर संसद् अवरुद्ध गर्ने कोसिस हुँदै छ। खासमा यसको अर्थ अर्कै छ,' प्रधानमन्त्रीको भनाइ थियो, 'मिटरब्याजीहरूलाई कारबाही गर्ने ऐन आज संसद्बाट पास हुने कार्यसूची थियो। कतिपय दललाई मिटरब्याजीलाई कारबाही गर्न खोजेको कुरा मन परेको छैन। भ्रष्टाचारीलाई कारबाही गर्ने मन परेको छैन। यसलाई रोक्न संसद् अवरुद्ध गरिँदै छ।'

प्रधानमन्त्री प्रचण्डले सरकारको संकल्पबाट भ्रष्टहरू तर्सिएको र उनीहरूमाथिको कारबाही नरोकिने बताए। 'सरकारको नेतृत्व लिएदेखि नै देश र जनताको पक्षमा दृढतापूर्वक काम गर्ने अठोट गरिरहेको छु। भ्रष्टहरूमाथि कारबाही सुरु भएको छ। ललितानिवासको फाइल फेरि खोलिएको छ। यो प्रक्रिया रोकिन्न, थप फाइलहरू खोलिन्छ र कारबाही गरिन्छ,' प्रचण्डले भने।

संसद्को अवरोधले मिटरब्याजसम्बन्धी अध्यादेश निष्क्रिय

काठमाडौं/ प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर विपक्षी दलहरूले संसद् अवरोध गरेपछि मिटरब्याज समस्या समाधान गर्न सरकारले ल्याएको अध्यादेश स्वतः निष्क्रिय भएको छ। अध्यादेश संसद् सुरु भएको ६० दिनभित्र प्रतिस्थापन विधेयकमार्फत सदनबाट पारित भई प्रमाणीकरण नभए स्वतः निष्क्रिय हुने संवैधानिक व्यवस्था छ।

अध्यादेशका प्रावधान यथावत् राख्न सरकारले प्रस्तुत गरेको प्रतिस्थापन विधेयक पारित गरेर प्रमाणीकरण गर्ने अन्तिम दिन बुधबार सदन अवरुद्ध गरेपछि अध्यादेश निष्क्रिय भएको हो। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अभिव्यक्तिलाई लिएर एमाले, रास्वपा, राप्रपालगायत विपक्षी दलहरूले सदनमा अवरोध गरेका थिए। अध्यादेश निष्क्रिय भएपछि सत्तापक्ष र प्रतिपक्षबीच आरोप-प्रत्यारोप छ।

मिटरब्याजबाट पीडितहरू पैदल हिँडेर न्याय माग्न काठमाडौं आएपछि सरकारले संसद् अधिवेशन नचलेको अवस्थामा २० वैशाखमा मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गरेको थियो। अनुचित लेनदेनको कार्यलाई फौजदारी कसुर कायम गरी सजायको व्यवस्था गर्न, घरसारमा हुने लेनदेनसम्बन्धी व्यवहारलाई व्यवस्थित र पारदर्शी बनाउन ल्याइएको अध्यादेश २४ वैशाखमा नयाँ अधिवेशन सुरु भएपछि सोही दिन दुवै सदनमा पेस भएको थियो। यसको ६० दिन अर्थात् २० असारभित्र प्रतिस्थापन विधेयकमार्फत अध्यादेशलाई कानुनी रूपमा दिनुपर्थ्यो।

यसअनुरूप २७ वैशाखमा प्रतिनिधिसभा र ५ जेठमा राष्ट्रिय सभाबाट स्वीकृत भएको अध्यादेशलाई कानुनी रूप दिन कानुन मन्त्रालयले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक ५ असारमा राष्ट्रिय सभामा पेस गरेको थियो। राष्ट्रिय सभाले १५ असारमा पारित गरी प्रतिनिधिसभामा पठाएको थियो।

प्रतिनिधिसभाले बुधबार पारित गरेर राष्ट्रिय सभामा

गृहमन्त्री नारायणकाजी श्रेष्ठले भने- पीडितलाई न्याय नदिलाई विश्राम लिइनेछैन



आज धेरै आहात भएको छु। प्रतिनिधिसभाबाट मिटरब्याजसम्बन्धी विधेयक पारित हुनुपर्थ्यो, तर गरिएन। आजैदेखि यस सम्बन्धमा जारी गरिएको अध्यादेश निष्क्रिय भएको छ। यसबाट को पीडित जनताको पक्षमा छ र को विपक्षमा छ भन्ने स्पष्ट भएको छ। तर, सामन्ती शोषणको यो अवशेषलाई हरहालतमा अन्त्य गरिनेछ। पीडितलाई न्याय दिने यो अभियानलाई असफल पारियो भनेर पीडक वा तिनका पक्षधरले सोचेका छन् भने त्यो ठूलो भ्रम हो। पीडितलाई न्याय नदिलाई विश्राम लिइनेछैन।

सन्देशसहित पठाउने र राष्ट्रिय सभा अध्यक्षले प्रमाणित गरी साँझ नै राष्ट्रपतिकहाँ प्रमाणीकरणका लागि पठाउनुपर्ने थियो। तर, दुवै सदनमा विपक्षीहरूको अवरोधले विधेयक पारित हुन नसक्दा मिटरब्याजपीडितलाई न्याय दिन सरकारले ल्याएको अध्यादेशले निरन्तरता पाउन नसकेको हो। विपक्षीको अवरोधले प्रतिनिधिसभा शुक्रबार ३ बजेसम्म र राष्ट्रिय सभाको बैठक भोलि १ बजेर १ मिनेटसम्मका लागि स्थगित भएको संसद् सचिवालयले जनाएको छ।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले मिटरब्याजपीडितको समस्या टार्न विपक्षीले अनावश्यक विवाद झिकेको र यो गलत भएको बताए। 'आज नै अध्यादेशको ६० दिन थियो। यो कुरालाई कसरी टार्न सकिन्छ भनेर यो विषयवस्तु आयो। देश र उत्पीडितका लागि यो ठूलो समस्या भयो,' उनले भने।

विधेयक विचाराधीन

अध्यादेश निष्क्रिय भए पनि अध्यादेशका प्रावधान यथावत् राख्न ल्याएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा विचाराधीन छ। विधेयकमा सरकारसँग दुइटा विकल्प रहेको संसद् सचिवालयका पदाधिकारी बताउँछन्। पहिलो त सरकारले विचाराधीनमा आवश्यक परिमार्जन गरेर नियमित रूपमा अगाडि बढाउन सक्छ। विधेयकमा सांसदहरूको संशोधनको समय सकिएकाले सरकारले नै अध्यादेशका प्रावधानलाई समावेश गर्न सदनसमक्ष प्रस्ताव प्रस्तुत गर्न सक्छ।

'६० दिनभित्र प्रतिस्थापन विधेयक नआएमा अध्यादेश निष्क्रिय हुने संवैधानिक व्यवस्था हो। अब सदनले प्रतिस्थापन विधेयकलाई व्यवस्थापन कार्यअन्तर्गत सामान्य तरिकाबाट परिमार्जन गरेर अगाडि बढाउन सक्छ,' संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले भने। उनका अनुसार सरकारले विचाराधीन रहेको विधेयक फिर्ता लिएर नयाँ विधेयक पनि ल्याउन सक्छ।

एमाले सचेतक महेश बर्तौलाले सरकार नै मिटरब्याजपीडितको न्यायको पक्षमा नरहेको आरोप लगाए। अध्यादेश जारी भएको एक महिनापछि प्रतिस्थापन विधेयक सदनमा ल्याएर अन्तिममा हतार गर्नुले यसलाई पुष्टि गर्ने उनको दाबी छ। '५७ दिनमा प्रतिनिधिसभामा सरकारले विधेयक ल्यायो। त्यसअगाडि राष्ट्रिय सभाले १० दिनमै पारित गरेर पठाइदियो। तर, प्रतिनिधिसभामा गम्भीर फौजदारी अपराधसँग जोडिएको मुद्दा आकर्षित भएको कानुन बनाउन हामीलाई तीन दिन पनि समय दिएन। प्रतिपक्षले यो प्रक्रिया छोट्याएर टुंग्याऊ भन्नका लागि सघाउ गरेर आजै पास गर्ने हाम्रो तयारी थियो,' उनले भने, 'यसमा प्रतिपक्षलाई देखाउने, तर कानुन कुनै हालतमा पारित नगराउने बदनियतका साथ सरकार उपस्थित भयो।'

गौचन हत्याका योजनाकार बस्नेतलाई २० वर्ष कैद

काठमाडौं/ निर्माण व्यवसायी शरद गौचन हत्याका योजनाकार समीरमानसिंह बस्नेत र सुटर अम्बरबहादुर रानालाई २० वर्ष कैद सजाय भएको छ। जिल्ला अदालत काठमाडौंले बुधबार सो मुद्दाको फैसला सुनाउँदै केहीलाई भने सफाइ दिएको छ।

न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले आंशिक दाबी पुग्ने फैसला गरी बुधबार सजाय सुनाएको हो। गुन्डा नाइके बस्नेतलाई सरकारी वकिलको मागदाबीअनुसार नै सजाय भएको हो। हाल उनी केन्द्रीय कारागारमा छन्।

यो घटनामा उनकी पत्नी माया शेरचन बस्नेतलाई १० वर्ष कैद सजाय भएको छ। उनले पनि हत्यामा सघाएको प्रहरी निष्कर्ष छ। त्यस्तै, बस्नेतका सहयोगी सोम तामाङलाई १५ वर्ष कैद सजाय भएको छ। श्यामबहादुर गुम्बे, रोशन बुढाथोकी, राजीव स्याङ्तानलाई पाँच वर्ष कैद सजाय भएको अदालतले जनाएको छ। हत्यामा सहयोगी भूमिका खेल्ने केहीलाई सफाइको फैसला भएको छ।

२३ असोज ०७४ मा गौचनको हत्या भएको थियो। घरबाट कार्यालय जान लाग्दा गाडीभित्रै गोली हानी उनको हत्या भएको थियो। बस्नेतले ठेक्काको कमिसन मागेको र नदिएपछि हत्या भएको प्रहरी अनुसन्धानको निष्कर्ष थियो। बस्नेतले गौचनको हत्यापछि थप निर्माण व्यवसायीलाई धम्क्याएर पैसा मागेका थिए। उनलाई पछि प्रहरीले भारतबाट पक्राउ गरी नेपाल ल्याएको थियो। उनी विगतमा कुमार घैंटे समूहसँग मिलेर गुन्डागर्दीमा संलग्न थिए। जेलभित्रैबाट पनि आपराधिक गतिविधिमा संलग्न भएको अभियोगमा उनीविरुद्ध थप मुद्दा दायर भएको छ।

इन्जिनियर र लेखापाल घुससहित पक्राउ

काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार गरेका दुई 'स्टिङ अप्रेसन'मा तीनजना घुससहित पक्राउ परेका छन्। पक्राउ पर्नेमा इन्जिनियर, लेखापाल र कार्यालय सहयोगी छन्।

महोत्तरी सम्सी गाउँपालिकाका लेखापाल उसनकुमार राउत र कार्यालय सहयोगी घरिन यादवलाई एक लाख २५ हजार रुपैयाँ घुससहित आयोगको टोलीले पक्राउ गरेको छ। अख्तियारको बर्दिबास कार्यालयबाट खटिएको टोलीले बुधबार घुससहित रंगेहात पक्राउ गरेको हो। कोभिडसम्बन्धी जनचेतनामूलक कार्यक्रमको भुक्तानी गर्ने क्रममा उनीहरूले घुस लिएको अख्तियारले जनाएको छ। त्यस्तै, रुपन्देहीको कोटहीमाई गाउँपालिकाका इन्जिनियर अरविन्द्रकुमार यादव ४५ हजार घुससहित समातिएका छन्। सडक निर्माणको बिल पास गरी भुक्तानी दिन उनले घुस लिएको आयोगले जनाएको छ।

■ सिम्रौनगढका प्रशासकीय अधिकृतविरुद्ध तीन मुद्दा

बाराको सिम्रौनगढ नगरपालिकाका निमित्त प्रशासकीय अधिकृतविरुद्ध आयोगले तीनवटा छुट्टाछुट्टै मुद्दा दर्ता गरेको छ। फिल्डमा भएको भन्दा धेरै काम भएको देखाएर बढी भुक्तानी दिई हिनामिना गरेको आरोपमा तत्कालीन निमित्त प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानु, लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरी, इन्जिनियर सुरेशकुमार यादव र सबइन्जिनियर उपेन्द्र कुसवाहाविरुद्ध मुद्दा दायर भएको हो। चार लाख दुई हजार नौ सय ८०, एक लाख पाँच सय ६८, ८१ हजार नौ सय ८३ बिगो कायम गरी मुद्दा दायर भएको हो। तीनैवटा अनियमिततामा संलग्न उपभोक्ता समितिविरुद्धसमेत मुद्दा दायर भएको छ। मधेस प्रदेशको बजेटमा अनियमितता भएको प्रदेश संसदीय समितिको प्रतिवेदनका आधारमा अनुसन्धान गरी आयोगले मुद्दा दायर गरेको हो।

पहिरोले चिराचिरा चैनपुरको प्याङकोट गाउँ



चिराचिरा परी पहिरोको उच्च जोखिममा रहेको प्याडकोट। तस्बिर : नयाँ पत्रिका

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभाको चैनपुर नगरपालिका- ४ स्थित प्याडकोटमा गत २ असारमा ठूलो पहिरो गयो। पहिरोले गाउँ नै चिराचिरा बनाएपछि १६ घरका ५१ विस्थापित भएका छन्। हालसम्म मानवीय क्षति नभए पनि पहिरोको उच्च जोखिम भएपछि गाउँलेहरू सामूहिक रूपमा गाउँभन्दा केही परको सामुदायिक भवनमा रातको समयमा आश्रय लिँदै आएका छन्।

गाउँभन्दा मुनि रहेको सेवा खोलाले बिस्तारै भिरालो जमिन चिराचिरा बनाएर तान्दै छ। आकाश गड्याङगुडुङ गर्दै वर्षा हुन थालेपछि गाउँलेको अनुहार कालोनीलो हुने गरेको स्थानीय प्रेमकुमार राईले बताए। उनले पानी परेपछि जाग्राम बसेर रात कटाउने गरेको बताए। 'कति वेला पहिरोले बगाउने हो भन्ने ठेगान नै छैन। सुते पनि कसरी निदाउनु,' उनले भने।

भिरालो जमिन चिराचिरा हुन थालेपछि उनीहरू विस्थापित भएका हुन्। दिनभरि घर फर्किएर सामान्य काम गर्ने र छिट्टै बेलुकीको खाना खाएर सुरक्षित स्थानमा रहेको सामुदायिक भवनमा सबै गाउँले भेला हुने गरेको अर्का स्थानीय पुष्पलाल पौडेलले बताए। रातको समयमा केही थाहा नपाइने भएकाले सुरक्षित स्थानमा वास खोज्ने गरेको उनले स्पष्ट पारे।

> २ असारको बाढीले संखुवासभामा २० जना बेपत्ता छन्। हेवाखोलामा १७, चैनपुरको नुनढाकीमा एक र सभापोखरीमा दुईजना बेपत्ता भएका हुन्।

प्याडकोट पहिरोको उच्च जोखिम रहेको र विस्थापित भएका प्याडकोटवासीलाई अहिलेसम्म कसैले हेरेका छैनन्। गाउँ फर्किएर आफ्नै घरमा सुत्न र काम गर्न उनीहरू डराइरहेका छन्। निरन्तर वर्षा भइरहेकाले कति वेला गाउँ नै बगाउने हो, केही ठेगान नभएको स्थानीय बताउँछन्। हालसम्म प्याडकोटमा स्थानीय, प्रदेश र संघीय सरकारका प्रतिनिधि पुगेका छैनन्।

प्याडकोटभन्दा माथिल्लो भूभाग जरिबुटे करिब तीन हजार मिटरभन्दा बढी उचाइमा पर्छ। तलको सेवा खोलाको उचाइ करिब १६ सय मिटर छ। पहिरोले अर्लैची, मकै र कोदाबारी बगाएका छन्। २ असारमा आएको बाढीले संखुवासभामा हालसम्म २० जना बेपत्ता छन्। हेवाखोलामा १७, चैनपुरको नुनढाकीमा एक र सभापोखरीका दुईजना बेपत्ता भएका हुन्।

■ ओखलढुंगामा पहिरोको जोखिम बढ्दो

सरकारी निकायमा न तथ्यांक, न तयारी

ओखलढुंगामा **पूर्णप्रसाद न्यौपाने**

गत ७ असारमा भारी वर्षापछि आएको पहिरोमा पुरिएर चम्पादेवी गाउँपालिका-८ विलन्दुमा एकै परिवारका चारजनाको मृत्यु भयो। विलन्दु गुरुङगाउँका ३४ परिवार विस्थापित भए। अझै १० घर उच्च जोखिममा छन्।

मनसुन सुरुलगत्तै ओखलढुंगाले ठूलो मानवीय क्षति व्होर्‍यो। किनभने, ओखलढुंगा भूक्षय र जलजन्य प्रकोपका दृष्टिले कोसी प्रदेशकै जोखिमयुक्त जिल्ला हो। आकाश गर्जिएसँगै यहाँका स्थानीय आनन्दले निदाउन सक्दैनन्। तर, यहाँका सरकारी निकायमा बाढीपहिरोको जोखिमको न तथ्यांक छ, न तयारी। ७ असारमा ३६ वर्षीय रणबहादुर गुरुङ, उनकी २९ वर्षीया श्रीमती शिवमाया, १० वर्षीय छोरा दिनेश र १८ महिनाकी छोरी कृतिका त्यही बेवास्ताको सिकार बने।

पहाडी जिल्ला भएकाले ओखलढुंगामा उसै पनि बाढीपहिरोको जोखिम थियो। अझ १२ वैशाख ०७२ को भूकम्पका कारण गाउँभन्दा माथिको भूभाग चर्किएपछि धाँजा फाटेको ठाउँबाट पहिरो झरेर जनधनको क्षति बढिरहेको छ। करिब सात वर्षअघि गरिएको एक सर्वेक्षणअनुसार ओखलढुंगामा एक सय ४६ वटा मानवबस्ती पहिरोको जोखिममा थिए। त्यसवेला तत्कालीन जिल्ला भूसंरक्षण कार्यालय ओखलढुंगाले सर्वेक्षण गरेर ठूला साना गरेर एक सय ४६ पहिरोका कारण जिल्लाभर पहिरोको जोखिम रहेको तथ्यांक सार्वजनिक गरेको थियो। सर्वेक्षणअनुसार विलन्दु, वर्णालु, बिगुटार र सल्लेरी, गाम्नाडटार, पोकली, रगनी, खिजीचण्डेश्वरी, खिजीकातीको लम्चेर, माम्खा, हर्कपुर, प्राप्चा केउरेनी, मूलखर्क, यसम, कालिका, विलन्दु, पोकली, खिजीफलाँटे, खिजीचण्डेश्वरी, बाक्सा, च्यानम, फेदीगुठलगायत क्षेत्र जोखिममा थिए। भूकम्पपछि भूगर्भविद्सहितको टोलीले दर्जनौं बस्ती पहिरोको उच्च जोखिममा रहेको निचोडसहित स्थानान्तरण गर्न सुझाव दिएका थिए। तर, त्यस्ता कुनै बस्ती स्थानान्तरण गरिएको छैन।

■ बस्ती स्थानान्तरणको सुझाव अलपत्र

नयाँ संविधानमा गरिएको व्यवस्थाअनुसार स्थानीय सरकार निर्वाचित भएयता न सर्वेक्षण भएका छन्, न स्थानीय सरकारले जोखिमको पूर्वाभ्यास गर्दै तयारीको व्यवस्था गरेका छन्। कमजोर भूसंरचना, भिरालो जमिन, नांगापहाड, जथाभावी खनिएका सडकका कारणले पनि यहाँ बाढीपहिरोको उच्च जोखिम छ। कतिपय स्थानमा पहिरोको कारण बस्ती नै स्थानान्तरण गर्नुपर्ने अवस्था आएको छ। तर, विपत् रोकथाम र न्यूनीकरणका लागि स्थानीय सरकारसँग न कार्यक्रम छ, न बजेट विनियोजन गरिएको छ।

स्थानीय सरकारका नीति तथा कार्यक्रममा विपत् व्यवस्थापनका कुरा पर्ने गरे पनि बजेटमा बेवास्ता हुँदै आएको छ। स्थानीय भन्छन्, 'स्थानीय तहले विकासका नाममा विपत् जोखिमको आकलन नगरी जथाभावी सडक खन्दा उल्टै पहिरोको जोखिम बढेको छ। तर, पूर्वतयारीमा पटकै ध्यान छैन।' पहिरोको जोखिमयुक्त बस्तीका सर्वसाधारण त्रासको अवस्थामा बस्नुपरिरहेको बताउँछन्। 'बसिरहेको ठाउँ जोखिममा छ भन्ने थाहा छ। तर, पनि तत्काल घरगाउँ छोडेर अन्यत्र जाने ठाउँ छैन। जोखिम मोलेर बस्नुपरिरहेको छ,' प्राप्चाका स्थानीय टोलहरि पोखरेलले भने।

■ मधेसपछि संघीय सरकारलाई बागमती प्रदेशको 'काउन्टर'

संघले निजामती ऐन अड्काएपछि धमाधम सचिव बढुवा गर्न थाले प्रदेश सरकार

हेटौंडामा **पोष्टराज अधिकारी**, जनकपुरधाममा **हदिश खुद्दार**, बुटवलमा **विष्णु घिमिरे**, पोखरामा **रोहितराज पराजुली**, सुर्खेतमा **रमेश रावल** र धनगढीमा **तेजराज भट्ट**

संविधान जारी भएको आठ वर्ष र मुलुकले संघीयताको अभ्यास थालेको ६ वर्ष पुग्दा पनि संघ सरकारले निजामती सेवा ऐन जारी नगरेपछि प्रदेश सरकारले काउन्टर दिन थालेका छन् ।

संघीय संरचनाको पहिलो कार्यकालमा संघीय छाता ऐन पर्खेर बसेका प्रदेश सरकार (मधेसबाहेक)ले आफैं प्रदेश सचिव (११औं तह)मा कर्मचारी बढुवा गर्न थालेका हुन् । ०७५ मा कर्मचारी समायोजन हुँदा प्रदेश र स्थानीय तहमा पुगेका कर्मचारीको वृत्तिविकास अन्योल भइरहेका वेला मधेस र बागमतीले प्रदेश निजामती सेवा ऐनमा व्यवस्था गरेर कर्मचारी बढुवा गरिरहेका हुन् ।

अहिले प्रदेश प्रमुख सचिव (विशिष्ट श्रेणी) र प्रदेश सचिव (राजपत्रांकित प्रथम श्रेणी) संघले नै खटाइरहेका वेला बागमतीको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले डा. चन्द्रप्रसाद लुइँटेल र पूर्णबहादुर दर्जीलाई शिक्षा एवं प्रशासन सेवातर्फ एघारौं तह (प्रदेश सचिव)मा बढुवा गर्ने निर्णय गरेको छ ।

गत वर्ष १८ फागुनमा बागमती प्रदेश निजामती सेवा ऐन जारी भएपछि २३ जेठमा ११औं तहका कर्मचारी सचिव हुने गरी प्रदेश लोकसेवा आयोगसमक्ष बढुवासम्बन्धी सूचना प्रकाशनका लागि सिफारिस गरेको थियो । बागमती सरकारका प्रवक्ता एवं कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेश निजामती सेवा ऐनमा रहेको ११औं तहका कर्मचारी सचिव हुने व्यवस्थालाई टेकेर प्रदेशमा नै दरबन्दी कायम रही लुइँटेल र दर्जीलाई प्रदेश सचिवसरह रहने गरी ११औं तहमा बढुवा गरिएको जानकारी दिए ।

बागमतीको निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा १ मा प्रदेश निजामती अधिकृतस्तरका एघारौं तह सचिव, दशौं, नवौं, आठौं, सातौं र छैटौं तथा सहायकस्तरका कर्मचारीका लागि पाँचौं, चौथो, तेस्रो र तहविहीन कर्मचारीको परिकल्पना गरेको छ ।

प्रदेश सरकारले अन्य सेवाहरूको पनि बढुवा प्रक्रिया सुरु गर्ने जनाएको छ । खुला प्रतियोगिता, आन्तरिक अन्तरसेवा प्रतियोगिता र अन्तरतह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्ति गरिने व्यवस्था छ । बागमतीमा अधिकृतस्तर ११औं तहको पदमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले, अधिकृतस्तर दशौं र नवौं तहको पदमा प्रमुख सचिवले तथा आठौं, सातौं र छैटौं वा सोसरहको पदमा सम्बन्धित मन्त्रालयका सचिवले नियुक्ति र पदस्थापन गर्ने व्यवस्था गरिएको छ ।

● प्रदेश सचिव नियुक्तिको पहिलो अभ्यास मधेसबाट

प्रदेश सचिव नियुक्तिको पहिलो प्रादेशिक अभ्यास भने मधेस सरकारले गरेको हो । ०७७ मै प्रदेश निजामती सेवा ऐन जारी गरेको मधेसले अहिलेसम्म आधा दर्जन कर्मचारीलाई ११औं तह (प्रदेश सचिव)मा बढुवा गरिसकेको छ । मधेसले ०७७/७८ बाटै बढुवा सुरु गरेको हो ।

प्रदेश निजामती कर्मचारी ऐन, २०७७ र कर्मचारी समायोजन ऐन, २०७५ लाई टेकेर कर्मचारीको वरिष्ठताका आधारमा प्रदेश सचिवसम्मका कर्मचारीको बढुवा गरेको छ । प्रदेश सरकारले गत जेठमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिवमा डा. प्रमोदकुमार यादवलाई जिम्मेवारी दिएको छ ।

यसअघि प्रदेश सरकारले प्रदेश वन निर्देशनालयका निर्देशक जगनाथप्रसाद जैसवाल, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका जागेश्वर यादव, शिक्षा विकास निर्देशनालयका निर्देशक चूडामणि फुयाललाई ११औं तहमा बढुवा गरिसकेको छ । यसबाहेक प्रदेश सरकारले सातौं, आठौं र नवौं तहका कर्मचारीलाई पनि बढुवा गरिसकेको छ । मधेस प्रदेश सरकारको कर्मचारी खटनपटनको काम मुख्यमन्त्री कार्यालयबाट हुँदै आएको छ भने सोही मन्त्रालयमा कर्मचारी बढुवा समिति छ । समितिमा प्रदेश लोकसेवा आयोगका एक सदस्यले उक्त समितिको अध्यक्षता गर्ने व्यवस्था छ ।

● प्रदेशकै सचिव रहने व्यवस्था गर्न ऐन संशोधन गर्दै कर्णाली

कर्णाली प्रदेशले पनि आफ्नै सचिव रहने कानुनी व्यवस्था कायम गर्ने भएको छ । यसअघि ०७८ मा जारी निजामती ऐनमा प्रदेश सचिव नियुक्तिबारे उल्लेख थिएन । तर, ११औं तहको कर्मचारी प्रदेश सचिव रहने व्यवस्था गर्ने गरी ऐन संशोधनको तयारी रहेको कानुनमन्त्री कृष्णबहादुर जिसीले बताए । संशोधन विधेयक मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुगेको छ । यसअघि जारी ऐनमा प्रदेश निजामति सेवाको अधिकृत ११औं तह वा सोसरहको पदमा प्रदेश सरकार र अधिकृत नवौं तह र दशौं तहको पदमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अधिकृत छैटौं, सातौं र आठौं तहको पदमा नियुक्ति तथा पदस्थापन गर्ने व्यवस्था छ ।

● कोसी, गण्डकी र सुदूरपश्चिमले ऐन जारी गरे, तर संघीय ऐन कुर्दै

कोसी, गण्डकी र सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐन जारी गरिसकेका छन् । तर, यी प्रदेशमा प्रदेश लोकसेवामार्फत कर्मचारी भर्ना भइरहे पनि बढुवा भने सुरु हुन सकेको छैन । प्रदेश सरकार संघीय निजामती ऐनको पर्खाइमा छन् ।

गत असोजमा अध्यादेशको सहारामा कर्मचारी भर्ना सुरु गरेको कोसीले फागुनमा मात्र प्रतिस्थापन विधेयकमार्फत ऐन जारी गरेको थियो । निजामती ऐन राजपत्रमा प्रकाशित भइसके पनि कोसीमा संघकै सहसचिव प्रदेश मन्त्रालय हाँकिरहेका छन् ।

गण्डकीले १४ फागुनमा जारी गरेको निजामती सेवा ऐनमा ११औं तहसम्मको कर्मचारी नियुक्त गर्ने व्यवस्था छ भने कर्मचारीको उमेरहद ६० वर्ष कायम गरिने भनिएको छ । तर, सरकारले यो ऐनमार्फत कर्मचारी बढुवा गर्न सकेको छैन । गण्डकी सरकारका प्रवक्ता सरस्वती अर्याल तिवारीले तत्काल सचिव नियुक्त गर्ने योजना नरहेको बताइन् । 'प्रदेश सभामा बजेटको छलफल भरहेकाले सरकारको ध्यान बजेटतर्फ छ । सरकारले निजामती ऐन पारित गरिसकेको छ,' उनले भनिन्, 'हेर्दै जाऊ भोलि समय र परिस्थितिले सचिव नियुक्त गर्नु पर्ने अवस्था आएमा नियुक्त गर्नु पर्ला र सरकारले गर्छ पनि ।'

● सुदूरपश्चिममा ऐन बाझियो संशोधनको तयारी

सुदूरपश्चिममा भने प्रदेश निजामती ऐनका केही प्रावधान आपसमा बाँझिएको भन्दै ऐन कार्यान्वयनमा आउन नसकेको हो । पहिलो प्रदेश सभाले गत वर्ष १३ भदौमा पारित गरेको यो ऐन १९ भदौमा प्रदेश प्रमुखले प्रमाणीकरण गरेका थिए । प्रमाणीकरणसँगै ऐन लागू भए पनि त्यसमा भएका कुनै पनि प्रावधान कार्यान्वयनमा आउन नसकेका प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका निमित्त सचिव विश्वदीप बेम्पाले बताए । बाझिएका बुँदा संशोधनका लागि प्रक्रिया अगाडि बढाइएको उनले जानकारी दिए । 'यो ऐनमा भएका केही बुँदा आपसमा बाझिएका छन् । संघीय निजामति ऐन पनि आएको छैन । त्यही कारण कार्यान्वयन हुन नसकेको हो,' उनले भने, 'बाझिएका बुँदाहरू संशोधनको तयारी भइरहेको छ ।' ऐन संशोधनको प्रस्ताव प्रदेश सभाले पारित गर्नुपर्नेछ ।

ऐनमा बढुवा, पदनाम, नियुक्तिलगायतका केही विषय बाझिएका र केही अस्पष्ट रहेको उनले बताए । 'कुन तहको बढुवा गर्ने भन्ने विषय ऐनकै एकअर्को प्रावधानसँग बाँझिएको छ । पदनाम स्पष्ट छैन । प्रमुख सचिवको कार्यकाल तीन वर्षको भनिएको छ, तर त्यसको तह र नियुक्ति स्पष्ट छैन,' निमित्त सचिव बेम्पाले भने, 'यी विषय संशोधन भएपछि ऐन लागू हुन्छ ।' निजामतीतर्फ ११औं तहसम्म बढुवाको व्यवस्था गरिएको तर एक ठाउँमा १३औं तहसम्म उल्लेख रहेको उनले बताए ।

प्रदेश निजामती सेवामा चौथोदेखि ११औं तहसम्म रहने व्यवस्था ऐनमा छ । स्वास्थ्य सेवातर्फ १२औं तहसम्मको व्यवस्था गरिएको छ । प्रदेश सरकारले अधिकृतस्तर ११औं तहका कर्मचारीमध्येबाट ज्येष्ठता र कार्यकुशलताका आधारमा अधिकृतस्तर १२औं तहको प्रमुख सचिव पदमा बढुवा गर्ने भनिएको छ ।

प्रदेश लोकसेवा आयोगमार्फत नवौं तहसम्म खुला र आन्तरिक दुवैबाट पदपूर्ति गर्ने तथा ११औं तहसम्म ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र त्योभन्दा माथि प्रदेश सरकारले नियुक्त र पदस्थापन गर्ने भनिएको छ । अधिकृत ११औं र १२औं तहका कर्मचारीलाई एक वर्ष र त्यसभन्दा तल्लो तहका कर्मचारीलाई दुई वर्षसम्म सरुवा गर्न नपाइने व्यवस्था यो ऐनमा गरिएको छ । तरा मुख्यमन्त्री कार्यालयको अनुमति लिएर भने तोकिएको अवधि नपुग्दै सरुवा गर्न सकिने भनिएको छ । प्रदेश निजामती ऐन कार्यान्वयनमा नआए पनि प्रदेश लोकसेवा आयोगले कर्मचारी भर्ना प्रक्रिया सञ्चालन गरिरहेको छ ।

● लुम्बिनीले ल्याउन सकेन ऐन

लुम्बिनी र कर्णाली सरकारले भने प्रदेशमा निजामती सेवा ऐन ल्याउन सकेका छैनन् । यी प्रदेशमा लोकसेवामार्फत कर्मचारी भर्ना भए पनि बढुवा र वृत्तिविकासबारे अन्योल छ । लुम्बिनी मुख्यमन्त्री कार्यालयका कानुन सचिव राजेन्द्र थापाले ०७६ मै विधेयकको मस्यौदा बने पनि प्रदेश सभामा पेस हुन नसकेको बताए । कानुन नहुँदा कार्यविधिबाट काम भइरहेको उनले बताए । नेपाल निजामती कर्मचारी युनियन रुपन्देहीका सल्लाहकार शिव पंगेनी प्रदेशमा कानुन नबन्दा कर्मचारीको वृत्तिविकास रोकिएको बताउँछन् ।

सबै कार्यालयमा प्रदेशका कर्मचारी राख्छौं

● **शालिकराम जम्कट्टेल**, मुख्यमन्त्री, बागमती



प्रदेश निजामती ऐन लागू गर्न सुरु गरेर संघीयता कार्यान्वयनको एउटा महत्त्वपूर्ण कामको थालनी गरेका हौं । अब सकेसम्म प्रदेशका सबै कार्यालयमा प्रदेशकै कर्मचारीलाई जिम्मेवारी दिने तयारी थाल्नेछौं । प्रदेशकै कर्मचारी हुँदा कार्यसम्पादनमा निकै सजिलो हुने र प्रदेशका काम प्रभावकारी हुने विश्वास लिएका छौं । हाम्रै कर्मचारी प्रशासनले मन्त्रालय र कार्यालयको नेतृत्व गर्नेछ । यसले हाम्रो काम कारबाहीमा वा भर्नौं कार्यसम्पादनमा जुन अप्ठ्यारो देखिँदै आएको थियो त्यो हट्छ र प्रदेशवासीलाई सेवा दिनेकाममा धेरै सहज हुन्छ । संघीय सरकारले पनि सहज रूपमा लिइदिनुपर्छ र संघीय निजामती ऐनले पनि बाटो खोलिदिनुपर्छ । हामीले गरेको बढुवा कानुनसम्मत छ । पोखरामा भएको मुख्यमन्त्रीको सम्मेलनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग संघीय निजामती ऐन ल्याउँदा प्रदेशहरूलाई सहज हुने गरी ल्याउन आग्रह गरिसकेका छौं । संघीय सरकारले ल्याउने निजामती ऐनबाट प्रदेशहरूलाई कुनै अप्ठ्यारो पर्दैन ।

संविधानले दिएको अधिकार प्रयोग गरेका हौं

● **सञ्जयकुमार यादव**, अर्थमन्त्री, मधेस



पाँच वर्षअघि नै तत्कालीन प्रधानमन्त्री र मुख्यमन्त्रीबीचको छलफलबाट निजामतीसहित छाता ऐन तत्काल जारी गर्ने र प्रदेश सचिव नियुक्तिको अधिकार प्रदेश सरकारलाई नै दिने आश्वासन पाएका हौं । तर, संघ सरकारले ऐन जारी गरेन । सिंहदरबारबाट कर्मचारी पठाउने अनि चाँडोचाँडो सरुवा भएर जाने, सरुवा भएर मधेस आउन महिनौं लगाउने समस्या बढेपछि हामीले संविधानले दिएको अधिकार प्रयोग गरेर ऐन जारी गरेका हौं । र, सोहीअनुसार कर्मचारी नियुक्ति र बढुवाको काम भइरहेको छ । हालै मात्र पोखरामा मुख्यमन्त्री र प्रधानमन्त्रीको छलफलमा तत्काल ऐन जारी हुने आश्वासन पाएका छौं । यदि ढिलाइ भएमा सबै मन्त्रालयमा मुख्यमन्त्री कार्यालयले सचिव खटाउनेछ, यो ऐनमा भएको व्यवस्था हो ।

संघको कमजोरीको सजाय प्रदेशले किन भोग्ने ?

● **उमेश मैनाली**, पूर्वअध्यक्ष, लोकसेवा आयोग



सिद्धान्ततः संघले कर्मचारी संघ खटाउने होइन । प्रदेश र स्थानीय तह आ-आफैंले पदपूर्ति गर्ने हो । व्यवस्थित नहुन्जेलसम्म, ऐन-कानुन नबुन्जेलसम्म संघले खटाउने व्यवस्था गरिएको हो । तर, ०७२ मा संविधान जारी भएकामा अहिलेसम्म संघीय निजामती सेवा ऐन जारी गरिएको छैन । संघले खटाउने कर्मचारीको स्थायित्व नहुने भएपछि प्रदेशले आफैं ऐन जारी गरेर कर्मचारी नियुक्ति र बढुवा गर्न थालेका हुन् । संघीय सांसद र सरकारले गरेको गल्तीको सजाय प्रदेश र स्थानीय तहले किन भोग्ने ? विधेयक नै अगाडि बढेको छैन । संविधानमै प्रदेश सेवा र स्थानीय सेवा सञ्चालनसम्बन्धी व्यवस्था भएकाले सोही व्यवस्था ऐन जारी गरेर कार्यान्वयन गरेका हुन् । संघ आफू ऐन पनि नबनाउने अनि प्रदेश र स्थानीय तहले बनाएको ऐन खारेज गर भनेर निर्देशन दिने ? यो मिल्दैन । प्रदेश सचिव, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघले खटाउन मिल्दैन, यो संघीयताको मर्मविपरीत हो ।

संविधान जारी भएको आठ वर्षसम्म पनि बनेन संघीय निजामती ऐन

काठमाडौं/ ०७२ असोजमा नयाँ संविधान जारी भएपछि त्यसअनुकूल संघीय ढाँचामा कर्मचारी व्यवस्थापन गर्न ल्याउनुपर्ने संघीय निजामती सेवा ऐन आठ वर्षसम्म पनि जारी हुन सकेको छैन । संघीय निजामती ऐन नहुँदा कर्मचारी व्यवस्थापन भद्रगोल भएको छ ।

ऐन ल्याउन सरकारले प्रयास गरेको देखिए पनि हालसम्म सार्थक भएको छैन । ऐन कहिले आउँछ भन्नेमा अझै पनि अन्योल नै छ । संघीय निजामती सेवा ऐन जारी भएपछि त्यसलाई टेकेर प्रदेश निजामती सेवा ऐन ल्याउनुपर्ने हो । तर, संघीय ऐन आउनमा ढिलाइ भएपछि अहिले सबै प्रदेशले आफ्ना प्रदेश निजामती ऐन ल्याएका छन् । त्यसैमार्फत अहिले प्रदेश र अन्तर्गतका स्थानीय तहमा स्थायी कर्मचारी नियुक्ति भइरहेका छन् । यद्यपि, संघीय ऐनले निर्देश गर्नुपर्ने विषयमा अन्योल छ ।

सरकारले ०७५ देखि नै संघीय ऐनको तयारी अघि बढाएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा तयार गरेर पठाएको विधेयक सरकारले २७ माघ ०७५ मा प्रतिनिधिसभामा पेस गरेको थियो । विधेयकमाथि दफावार छलफलका लागि प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पठाइएको थियो । त्यहाँ छलफल भएर अघि बढ्न झन्डै दुई वर्ष लाग्यो । विवादबीच १५ असार ०७७ मा समितिले विधेयक पारित गरेर प्रतिनिधिसभामा पठायो । तर, हालसम्म पनि यो ऐन पारित हुने छाँटकाँट छैन ।

गत १९ असोजमा सरकार विचाराधीन विधेयक फिर्ता लिई अध्यादेश जारी गर्ने तयारीमा सरकार अघि बढेको थियो, तर अध्यादेश जारी हुन सकेन । पुनः दोस्रोपटक गत चैतमा अध्यादेशको तयारी अघि बढाइएकोमा त्यो पनि विफल भयो । यसबीचमा ऐन जारी गर्न कर्मचारी संगठनहरूले पनि विभिन्न चरणमा सरकारलाई दबाब दिँदै आएका छन् । कर्मचारीका पेचिला विषयमा सहमति नजुट्दा ऐन अघि बढ्न नसकेको हो । खासगरी श्रेणीगत नै कायम राख्ने या तहगतमा जाने, प्रदेश मन्त्रालयको सचिव कसको हुने, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत कसले खटाउने, एकबाट अर्को तहमा जाँदा हुने सेवा-सुविधाको अन्तर, उमेरको हदबन्दीजस्ता व्यवस्था मुख्य रूपमा विवादित छन् ।

● नागरिकता कसुरमा उपमेयरविरुद्ध पक्राउ पुर्जी

दलबलसहित प्रहरी कार्यालय पुगिन् उपमेयर, श्रीमान् फरार

सप्तरीमा **सौरभ यादव**

पक्राउ पुर्जी जारी भएपछि सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपमेयर मिराकुमारी यादव बुधबार प्रहरीसमक्ष उपस्थित भएकी छिन् । उनका पति महेन्द्रकुमार यादव भने फरार भएका छन् ।

नागरिकतासम्बन्धी कसुरमा मंगलबार दुवैजनाविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । बुधबार उपमेयर मिरा जिल्ला प्रहरी कार्यालयमा उपस्थित भएकी सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिए । 'पक्राउ पुर्जी जारी भएसँगै खोजतलासमा जुटेका थियौं, बुधबार दिउँसो उपमेयरज्यू उपस्थित हुनुभएको छ । तर,



उहाँका श्रीमान् महेन्द्र भने फरार हुनुहुन्छ,' प्रहरी उपरीक्षक कार्कीले भने, 'उहाँको खोजी कार्यका साथै थप अनुसन्धान भइरहेको छ ।'

गत ५ जेठमा उच्च अदालत जनकपुर, राजविराज इजलासको परमादेशको आदेश जारी भएपछि गत आइतबार जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भएको थियो । ०७९ वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा एमालेबाट उपमेयरमा निर्वाचित मिरा प्रहरीमा उपस्थित भइरहँदा पूर्वसांसद एवं पार्टीकी नेतृ सरिता गिरी, जिल्ला अध्यक्ष ताराकान्त चौधरी, मेयर रामलखन मुखियालगायत एमालेका थुप्रै जिल्लास्तरीय नेता पनि गएका थिए ।

दोहोरो नागरिकता लिने चन्ददम्पती पक्राउ

कञ्चनपुर/ दोहोरो नागरिकता लिने एक दम्पतीलाई कञ्चनपुर प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बैतडी पञ्चेश्वर गाउँपालिका- ५ खेटी बस्ने ५८ वर्षीय गम्भीर चन्द र ३९ वर्षीया कलावती चन्द छन् । उनीहरूले बैतडी र कञ्चनपुरबाट दोहोरो नागरिकता लिएको कञ्चनपुरका प्रहरी प्रवक्ता प्रकाश डाँगीले जानकारी दिए ।

प्रहरीले दुवैलाई अदालतमा पेस गरी म्याद थप गराएर थुनामा राखेको छ । प्रवक्ता चन्दका अनुसार उनीहरूविरुद्ध २८ वैशाखमा दोहोरो नागरिकता लिएको कसुरमा मुद्दा दर्ता भएको थियो । मुद्दा दर्ता भएको दुई महिनापछि चन्ददम्पती पक्राउ परेका हुन् । कलावतीका नाममा जिल्ला प्रशासन कार्यालय बैतडी र कञ्चनपुरबाट नागरिकता जारी भएको भेटिएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको जनाइएको छ । बैतडीबाट दोस्रो विवाह गरेर कञ्चनपुर आएकी कलावतीले अघिल्लो पतिबाट लिएको नागरिकता नत्यागी पछिल्लो पतिको नामबाट समेत नागरिकता लिएको भेटिएको प्रहरीले जनाएको छ । कलावतीले भीमदत्त नगरपालिका- ५ कञ्चनपुरका गम्भीरसँग दोस्रो विवाह गरेर नागरिकता लिएकी हुन् । उनलाई नागरिकता दिलाउन गम्भीरसमेतले भूमिका निर्वाह गरेकाले प्रहरीले उनलाई पनि पक्राउ गरी मुद्दा चलाएको हो ।

श्री भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं ९ बस्ने ठेट बहादुर मिजारको नाति भुन्टे मिजार भन्ने भिम बहादुर मिजार को छोरा काले मिजार र ऐ. ऐ. बस्ने ऐ. ऐ को नाति ऐ.ऐ. को छोरा गोविन्द मिजार नामको १५ दिने सूचना

उप्रान्त निवेदक भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं ९ बस्ने कान्छी मिजारले आफ्ना जेठाजु काले मिजार मिति २००४ र गोविन्द मिजार २०४९ देखि वेपत्ता हुनुभएको हुनुभई खोजतलास गर्दा पनि हालसम्म फेला नपरेको तथा कुनै केही जानकारी पाउन नसकेको हुँदा निज काले मिजार र गोविन्द मिजारको मृत्युको न्यायिक घोषणा गरिपाउँ भनी यस अदालतमा निवेदन परेको हुँदा अदालतको मिति २०८०/३/१५ को आदेशानुसार सरोकारवालाको नाममा यो सूचना प्रकाशित गरिएको छ । सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपाई काले मिजार र गोविन्द मिजार जिवित भए सो निवेदन उपर दावी उजुर गर्न यस अदालतमा उपस्थित हुन आउनुहोला । वेपत्ते काले मिजार र गोविन्द मिजार को बारेमा थाहा जानकारी पाउने जो कोहीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस अदालतमा लिखित जानकारी दिनुहुन सम्बन्धित सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानुन बमोजिम हुनेछ । ईति सम्वत २०८० साल आषाढ महिना १८ गते रोज २ शुभम्....

हकदावीको सूचना

नवलपरासी जिल्ला, देवचुली नगरपालिका वडा नं.-१६ हाल सियारी गाँउपालीका वडा नं.- ०४ बस्ने श्री इन्द्र बहादुर थापाको नातिनी, प्रविन थापाको छोरी, श्रीमति प्रतिमा थापाको मिति २०८०/०२/०१ गते मृत्यु भएकोले निजको नाममा त्यस बैकमा रहेको बचत खाता नं. ११५०५०८००४१२१८ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको ससुरा गणेश कुमार अधिकारीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय
भैरहवा २, रुपन्देही
फोन नं.:- ०७१-५४४०४८
५४४०४९

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
Rasuwagadhi Hydropower Company Limited
महाराजगंज, काठमाण्डौ, नेपाल
फोन न. ०१-४३७१७४४, ४३७१७९४, फ्याक्स नं. ०१-४३७१७२५
इमेलः rghpcl@gmail.com, वेभसाइटः www.rghpcl.com.np

सूची दर्ता गर्ने सम्बन्धी सूचना

यस कम्पनी तथा कम्पनीद्वारा निर्माणाधीन रसुवागढी जलविद्युत आयोजनाका लागि आ.व. २०८०/०८१ मा आवश्यक पर्ने तपसिल बमोजिमका वस्तु तथा सेवाहरु पटक पटक वा एकै पटक खरिद गर्नुपर्ने भएकाले उल्लेखित वस्तु तथा सेवाहरु आपुर्ति गर्न ईच्छुक इजाजतपत्र प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीले ईजाजतपत्र, फर्म दर्ता प्रमाणपत्र, अद्यावधिक आयकर तथा मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र तथा कम्तीमा आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र लगायत सम्पर्क व्यक्ति र नम्बर सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कम्पनीको केन्द्रिय कार्यालय का.म.न.पा., कपन मार्ग-३, घर नं. २२३, महाराजगंज, काठमाडौ, फोन नं. ०१-४३७१७४४, ४३७१७९४ मा आवेदन दिन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ :

तपसिल

१. मसलन्द आपूर्ति कार्य (स्टेशनरी तथा विविध कार्यालय सम्बन्धी सामानहरु) ।
२. विज्ञापन तथा छपाई सम्बन्धी कार्यहरु ।
३. फर्निचर तथा फर्निसिङ्का सामानहरु ।
४. कम्प्युटर तथा कम्प्युटर पार्टस (सफ्टवेयर तथा हार्डवयर) ।
५. ईलेक्ट्रोनिक सामानहरु ।
६. दुई पाँग्रे, चार पाँग्रे सवारी साधनहरुको मर्मत संभार ।
७. सिभिल निर्माण, सेनेटरी तथा हार्डवेयर सम्बन्धी सामान तथा मर्मत ।
८. हेभी इक्वीप्मेन्ट (लोडर, डोजर, स्काभेटर) को मर्मत तथा पार्टपुर्जाहरु ।
९. टायर, ट्यूब, लुब्रिकेन्टस् लगायत सम्पूर्ण सवारीका साधनहरुको पार्टपूर्जाहरु ।
१०. ईलेक्ट्रिक एवं बिजुलीका सरसामानहरु ।
११. अन्य मर्मत तथा संभार सम्बन्धी कार्यहरु ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानसिक अस्पताल
लगनखेल ललितपुर

प्रयोगशाला रिएजेण्ट सामग्रीहरु सिलबन्दी दरभाउपत्र मार्फत खरिद सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति -२०८०।०३।२१

यस अस्पतालमा आ.ब. २०८०।०८१ को लागि प्रयोगशाला रिएजेण्ट सामाग्रीहरु सिलवन्दी दरभाउपत्र मार्फत खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनी/ हरुवाट सिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिएको छ । दरभाउपत्र फाराम दस्तुर रु.१०००।—(अक्षेरेपी एक हजार मात्र) राजश्व बुझाई चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब.२०७८।०७९ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न गरी खरिद ईकाइवाट दरभाउपत्र ७ दिन कार्यालय समय भित्र खरिद गरी आठौं दिनको १२ बजे भित्र खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराईसक्नुपर्ने छ । विस्तृत सूचना यस अस्पतालको सूचना पाटीमा टाँस गरिएको छ । अन्य जानकारीको लागि यस अस्पतालको खरिद ईकाइमा सम्पर्क गर्न सकिनेछ ।

हकदावीको सूचना

भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं.(१०, हाल भ.न.पा वडा नं.- २ बस्ने श्री रत्न लाल बासुकलाको नाति, श्री बेल भक्त बासुकलाको छोरा, श्रीमती हर्ष लक्ष्मी बासुकलाको पति श्री बेल बहादुर बासुकलाको मिति २०७९/०३/१५ गतेका दिन मृत्यु भएकोले निज बेल बहादुर बासुकलाको नाममा रहेको यस बैंकको खाता नं ००२०५०३००२८२३८ को सम्पूर्ण रकम निज मृतकका श्रीमती हर्ष लक्ष्मी बासुकलाले आफ्नो खातामा रकमान्तर गरी पाउँ भनी यस बैंकमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु भएको हुँदा उक्त निक्षेप उपर निवेदिका श्रीमती हर्ष लक्ष्मी बासुकला बाहेक अन्य कसैको दावी भए वा बेल बहादुर बासुकलाको निवेदिका श्रीमती हर्ष लक्ष्मी बासुकला बाहेक अन्य कोहि नजिकको हकवाला भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय
सिपाडोल, भक्तपुर
फोन नं.:- ६६१२८३२
६६१५६१७
६६१९२५४

शैक्षिक विकास सहकारी संस्था लि.
कुमारीपाटी, ललितपुरको


ऋणको किस्ता, व्याज र हर्जाना रकम चुक्ता गर्ने सम्बन्धमा ऋणी सदस्यहरूलाई अत्यन्त जरूरी सूचना

यस संस्थाको संचालक समितिको २०८०/०३/१४ गते बसेको बैठकबाट यस संस्थाका ऋणी सदस्यज्यूहरुले संस्थाबाट लिनुभएको ऋणको किस्ता, व्याज र हर्जाना रकम बुझाउन बाँकी रहेको भए यही २०८०, असार मसान्त भित्र बुझाउनु भएमा बुझाउन बाँकी सम्पूर्ण हर्जाना मिनाह दिने र बुझाउन बाँकी रहेको व्याज रकममा समेत ५% छुट दिने निर्णय भएकोले ऋणी सदस्यहरुको लागि यो सूचना प्रकाशित गरिएको छ । सो समय पश्चात् ऋणीहरुलाई कुनै पनि रकम छुट/मिनाह नहुने र संस्थाले भाका नाघी हुलाक मार्फत् पत्राचार गरिसकेका सम्बन्धित ऋणीबाट धितो जमानत लिलाम गरी सम्पूर्ण बाँकी साँवा, व्याज र हर्जाना रकम समेत असुल उपर गर्ने प्रक्रिया अवलम्बन गर्ने र धनजमानीमा भएको ऋण लगानीको हकमा सम्बन्धित ऋणी सदस्य र जमानीकर्ताको नाममा/



तेजस २० अक्टुबरमा

कंगना रनौत अभिनीत फिल्म तेजस २० अक्टुबरमा सिनेमाघरमा रिलिज हुने भएको छ। कंगनाले यस फिल्ममा एक एयरफोर्स पाइलटको भूमिका निर्वाह गरेकी छिन्। सर्वेस मेवाराले निर्देशन गरेको फिल्ममा वरुण मित्रा, अन्सुल चौहानलगायतको अभिनय छ।



बवालमा वरुण

बरुण धवन र जान्ह्वी कपुरको मुख्य भूमिका रहेको फिल्म 'बवाल'को टिजर सार्वजनिक भएको छ। नितेश तिवारीको निर्देशनमा बनेको यो फिल्म २१ जुलाईमा अमेजन प्राइम भिडियोमार्फत रिलिज हुनेछ।

अर्थोडोन्टिक उपचार पद्धति
यसरी बनाइन्छ दाँतलाई सीधा

विभिन्न कारणले गर्दा बांगोटिंगो देखिएका वा नमिलेका दाँतलाई उपचार गर्ने विधिलाई अर्थोडोन्टिक उपचार भनिन्छ। यस पद्धतिमा तारको माध्यमले बांगोटिंगो र नमिलेको दाँतको उपचार गरिन्छ। साथै, अनुहारको हड्डीको समस्याको रोकथाम र उपचारसमेत गरिन्छ। बांगोटिंगो वा नमिलेको दाँत बाहिरबाटै देखिने गर्छ।



डा. सुवास घिमिरे
मुख तथा अनुहार शल्य चिकित्सक
ओम समाज डेन्टल हस्पिटल

समस्याका कारण

- कतिपयमा उम्रँदै दाँत बांगोटिंगो हुन्छ। कतिपयमा पछि विभिन्न कारणले यस्तो समस्या देखिन्छ। अहिले अधिकांश मान्छेमा दाँत अडिने हड्डीको भाग सानो देखिएको छ। जसले गर्दा दाँत बांगोटिंगो हुने क्रम पनि बढ्दो छ। दाँत नअटाएर बाहिर वा भित्र उछिट्टिएको हुन्छ।
- व्यस्त जीवनशैलीले गर्दा बच्चालाई बाहिरका खानेकुरा दिइन्छ। जसमा चिनीजन्य गुलियो पदार्थ खाने हुन्छ। जसकारण, उम्रिँदै दाँत किराले खान्छ र हराउँछ। बच्चा वेलाको दाँतले स्पेस मेन्टेनर अर्थात् त्यसपछि पलाउने दाँतलाई सही ठाउँमा उम्रिन सहयोग गर्छ। तर, गुलियो खानेकुरा खायो भने दाँत किराले खान्छ र दुप्पो मात्रै रहन्छ। त्यो समस्याले गर्दा पनि बिग्रन्छ।
- समयभन्दा पहिले दाँत निकाल्ने चलन पनि छ। समय ढल्केपछि पनि बेवास्ता गर्ने र चिकित्सककहाँ चेकअपका लागि नजानेहरू पनि छन्। यसले समस्या निम्त्याउँछ।
- बच्चाहरूमा औंला चुसिरहने बानी, मुख खोलेर सुत्ने बानी हुन्छ, नङ टोक्ने बानी, जिब्रो बाहिर-भित्र गर्ने क्रियाकलापले पनि दाँत बांगोटिंगो हुने र बाहिर निस्कने हुन्छ। अर्थोडोन्टिकको समस्या हुन सक्छ।
- बच्चाको हड्डीको विकास हुँदा दाँत उम्रिँदा बांगोटिंगो हुन सक्छ। समयमै सही उपचार गर्न सक्यो भने पनि हड्डी बढ्ने वेला समस्या नआउन सक्छ। १३-१४ वर्षको उमेरमा उपचार गर्नु उपयुक्त हुन्छ।
- दाँतको संख्यामा तलमाथि हुँदासमेत दाँत बांगोटिंगो हुने गर्छ।

उपचार किन आवश्यक छ ?

- हिजोआज नमिलेको तथा बांगोटिंगो दाँतको उपचार गराउनेको संख्या बढ्दो छ। जुन आवश्यक पनि हुन्छ, बांगो दाँत भएमा सफा गर्न गाह्रो हुने, दाँतमा किरा लाग्ने, गिजामा समस्या हुने तथा खाना चपाउनसमेत गाह्रो हुन्छ।
- दाँत राम्रोसँग मिलेको छैन खानेकुरा चपाउन पनि गाह्रो हुन्छ। दाँतको ज्वाइन्ट नमिलेकाहरूमा टाउको दुख्ने समस्या पनि हुन सक्छ।
- बोल्न गाह्रो हुने र अनुहार असुहाउँदो देखिनेजस्ता समस्या हुन्छन्। यसको समाधानका लागि अर्थोडोन्टिक उपचार जरुरी हुन्छ।

उपचार विधि

- दाँतमा तार बाँध्ने विधिमार्फत उपचार गर्न सकिन्छ। यसलाई फिक्स अर्थोडोन्टिक भनिन्छ। नयाँ प्रविधिको उपचार पनि आएको छ। जुन तार बाँध्न नपर्ने हुन्छ, यसलाई एलाइनर भनिन्छ। यो चाहिएको वेलामा आफैँ निकाल्न पनि सकिन्छ। अन्य विभिन्न पद्धति पनि छन्।
- एलाइनर विधिबाट उपचार गर्दा खानेकुरा अड्किने डर हुँदैन, बाहिर देखिँदैन। सुरुको अवस्थाको दाँत हेरेर नै उपचारपछि कस्तो हुन्छ भनेर थाहा पाउन सकिन्छ। त्यसैले एलाइनर उपचार पद्धति निकै प्रभावकारी छ। तर, यो केही महँगो छ।
- सम्बन्धित विशेषज्ञसँग मात्रै अर्थोडोन्टिक उपचार गराउनुपर्छ। दाँतको अवस्थाको परीक्षण गरेर एक्सरे, दाँतको नाप, मुखबाहिर र भित्रका तस्बिर लिएर दाँतको जटिलताको आधारमा उपचार सुरु गरिन्छ।

डा. जनकबहादुर बस्नेत
मेडिकल निर्देशक
वेलनेस हस्पिटल

मोटोपन नियन्त्रण गर्न...

अव्यवस्थित खानपान तथा जीवनशैलीले मोटोपन बढाउन भूमिका खेलेको छ। मोटोपनले धेरै रोग निम्त्याउने जोखिम रहन्छ। त्यसैले मोटोपन नियन्त्रणका लागि हामी सजग हुनुपर्छ। यसका लागि शरीरमा मोटोपन बढ्नुको कारण पहिल्याउनुपर्छ। आफ्नो हाइटअनुसार तौल छ वा छैन भन्ने जानकारी लिनु जरुरी छ।

- हिजोआज बच्चैदेखि जंकफुड खाने चलन बढेको छ। मैदाबाट बनेका खानेकुरा खाँदा, होटेलका परिकार खाँदा मोटोपन हुने गर्छ। त्यसैले सकेसम्म घरमै पकाएका स्वस्थ खानेकुरा खानुपर्छ। जंकफुड कम प्रयोग गर्नुपर्छ।
- कार्बोहाइड्रेटको मात्रा कम भएका खानेकुरा खानुपर्छ। भोलिलो र पोषक खानेकुरा धेरै खानुपर्छ। भोलिलो पदार्थ जुस, सुपलगायत धेरै खानुपर्छ। तेलमा तारेको, भुटेको खानेकुरा खानुहुँदैन। बेलुकीको खाना हल्का लिनुपर्छ।
- विशेषगरी, टेबल वर्क गर्नेहरूको शारीरिक कसरत निकै कम हुन्छ। उनीहरू व्यायामका लागि पनि समय निकालिरहेका हुँदैनन्, जसकारण तौल बढ्न थाल्छ।
- हामीले शारीरिक क्रियाकलापलाई जोड गर्नुपर्छ। मर्निङवाक गर्ने, योग अभ्यास गर्ने, जिम जाने गर्नुपर्छ। त्यस्तै, स्विमिङ, साइक्लिङ गर्ने वा फुटसल, ब्याडमिन्टन, टेबलटेनिसलगायत खेल खेल्न सकिन्छ।
- घरको सामान्य क्रियाकलापमा सक्रिय हुनुपर्छ। यसले शरीरलाई सन्तुलनमा राख्न सहयोग गर्छ।

कौसीमा के रोप्ने ?



कौसी खेती बढेसँगै सहरका घरहरूमा पनि हरियाली देखिन थालेको छ। घरको छतमा गमला, काठको बाकस, सिमेन्टको बोरा र प्लास्टिकको थैलामा उचित मात्रामा माटो र मलको प्रयोग गरेर फलफूल तथा तरकारी रोप्न सकिन्छ।

कौसीमा विशेष गरी छोटो समयमै फल्ने फलफूल तथा तरकारी रोप्दा उपयुक्त हुन्छ। मूला, काउली, बन्दा, लौका, खुर्सानी, फर्सी, सिमी, घिरौंला, धनियाँ, मेथी, चना, पालुङ, लसुन, रायोको साग, गाँजर, रोप्दा राम्रो हुन्छ। कौसीमा गोलभेँडा, बन्दालगायत सिजनअनुसारका तरकारी पनि फलाउन सकिन्छ।

बिरुवा रोपेर मात्रै हुँदैन। यसलाई हेरचाह पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। कौसीमै राख्दा तापक्रम एकदमै धेरै हुन्छ। तापक्रम धेरै भयो भने बिरुवालाई पनि असर पर्न गर्छ। त्यसका लागि स्ट्यान्ड बनाएर राख्नुपर्छ। स्ट्यान्डमाथि सकेसम्म टनेल पनि बनाउँदा राम्रो हुन्छ। तापक्रम ब्यालेन्सका लागि बजारमा 'वाटरप्रुफ' प्लास्टिक पनि पाइन्छ। धेरै पानी र धेरै घाम पनि नहोस् भनेर प्लास्टिक प्रयोग गरिन्छ। गर्मी र जाडोमा यसले इन्सुलेसनको रूपमा काम गर्छ।

सिर्जनशीलता बढाउने
पर्फर्मेन्स आर्ट





सुशान्त श्री राजभण्डारी
मल्टिडिसिप्लेनरी आर्टिस्ट

पर्फर्मेन्स आर्टमा शरीरलाई एउटा माध्यमका रूपमा प्रयोग गरेर हामीले आफ्नो भावनाहरू अभिव्यक्त गरिरहेका हुन्छौं। शरीरको हाउभाउका आधारमा त्यसलाई देखाइन्छ। आर्टका अन्य विधा नृत्य तथा नाटकमा पर्याप्त रिहर्सल गरिएको हुन्छ। तर, पर्फर्मेन्स आर्टमा आफूले भन्न चाहेको कुराबारे कलाकार मानसिक रूपले तयार भए पनि कुनै रिहर्सल गरिएको हुँदैन। सोभै पर्फर्मेन्स गरिने भएकाले पनि यो विधाले धेरैलाई छुन्छ। कन्टेम्पोरी डान्स तथा थिएटरमा पनि यसको इन्ट्रोभाइब्रेसन प्रयोग हुने गर्छ।

मानिसक रूपमा यो निकै फाइदाजनक छ। किनकि, पर्फर्मेन्स आर्ट गर्दाको समयमा कलाकारहरू 'मेडिटेटिभ स्टेज' अर्थात् गहिरो ध्यानमा हुन्छन्। यसलाई एउटा आर्ट थेरापीका रूपमा पनि लिन सकिन्छ। किनकि हामीले धेरै मानिससँग भेटिरहेका हुन्छौं र विभिन्न जानकारी हाम्रो मस्तिष्कमा घुमिरहेका हुन्छन्। त्यसले उत्पन्न गर्ने एकखाले स्ट्रेसलाई आफ्ना हाउभाउमार्फत शरीरको माध्यमबाट रिलिज गर्न पर्फर्मेन्स आर्टस् प्रभावकारी छ। आफ्नो कल्पना र सिर्जना शक्तिलाई बाहिर देखाउन पाउँदा मन-मस्तिष्क हल्का हुने गर्छ।

पर्फर्मेन्स आर्टस्का धेरै विधा छन्। सांस्कृतिक, राजनीतिक, सामाजिकलगायत विधामा पर्याप्त अध्ययन र रिसर्च चाहिन्छ। यस्ता विधाले पावरफुल न्यारेटिभमार्फत सोसल म्यासेज दिने गरेका छन्। पर्फर्मेन्स आर्टिस्टहरूले समाजलाई नजिकबाट नियालेका हुन्छन्। जटिलभन्दा जटिल कुरा सरल ढंगले प्रस्तुत गर्न सक्नु पर्फर्मेन्स आर्टको विशेषता हो।

कुमारी बैक लिमिटेड शाखा कार्यालय दिपायल, डोटीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०३/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड (साबिक एन.सी.सी. बैक लि.) शाखा कार्यालय दिपायल, डोटीबाट तपसिलमा उल्लेखत ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैकलाई धितोवन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम विक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० साउन ०५ गते शुक्रबार**का दिन शाखा कार्यालय दिपायल, डोटीमा गोप्य शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गरी बैकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन इच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०७०/११/३० मा दर्ता नं. ९०३/०७०/०७१ दर्ता कायम भई डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०३ (साबिक डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०९) स्थित रजिष्टर्ड कार्यालय रहेको **काफली ट्रेडर्स एण्ड मदीरा सप्लायर्स** (प्रोप्राईटर हरि भाटको नाति, घनश्याम भाटको छोरा, जयन्ती भाटको पति, डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०३ (साबिक डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०९) बस्ने **शिद्धराज भाट** (ना.प्र.नं. (१/११)२८२४/०४६, जारी मिति २०४६/०७/३०, जिल्ला प्रशासन कार्यालय डोटी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. हरि भाटको नाति, घनश्याम भाटको छोरा, जयन्ती भाटको पति, डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०३ (साबिक डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०९) बस्ने **शिद्धराज भाट** (ना.प्र.नं. (१/११)२८२४/०४६, जारी मिति २०४६/०७/३०, जिल्ला प्रशासन कार्यालय डोटी)।

२. घनश्याम भाटको बुहारी, पदम राज भट्टको छोरी, सिद्धराज भाटको पत्नी, डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०३ (साबिक डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ०९) बस्ने **जयन्ती भाट** (ना.प्र.नं. १/१५४९८, जारी मिति २०५८/०५/११, जिल्ला प्रशासन कार्यालय डोटी)।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **शिद्धराज भाट**को नाममा मालपोत कार्यालय, डोटीमा दर्ता कायम रहेको डोटी जिल्ला, दिपायल सिलगढी न.पा., वडा नं. ०३ (साबिक डोटी जिल्ला, दिपायल सिलगढी न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३६८ को क्षेत्रफल ०-११-१-२ (रो.आ.पै.दा) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलवन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० साउन ०४ गते** भित्र बैकको शाखा कार्यालय दिपायल, डोटीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैक लिमिटेडको शाखा कार्यालय दिपायल, डोटीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैक लि.मा जम्मा गरेको भौचर, कुमारी बैक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सुचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० साउन ०५ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैकको शाखा कार्यालय दिपायल, डोटीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैक विदा परेमा सोको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन विदा परेमा समेत विदाको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैकको शाखा कार्यालय दिपायल, डोटीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैकले उक्त सम्पत्तिको स्वामित्व आफूमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैकमै सुरक्षित राखिएको छ।
१३. धितोवन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैक आफैले सकार गर्दाको अवस्थामा समेत बैकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० साउन ०५ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय दिपायल, डोटी फोन नं. ०९४-४१२१५०/४१२०४९

ग्लोबल आइएमई बैंक लिमिटेडको

आन्तरिक सजावट (निर्माण) कार्यबारे शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८०/०३/२१

यस बैंकको उल्लेखित शाखा कार्यालयको आन्तरिक सजावट (निर्माण) कार्यका लागि नेपाल सरकारमा दर्ता रहेको फर्म वा कम्पनीबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

क्र.सं.	शाखा
१	न्यूरोड शाखा, काठमाण्डौ

शर्तहरु:

१) बोलपत्र फाराम प्रति शाखा/कार्यालयका लागि रु. ३,०००/- (रुपैँया तिन हजार मात्र) मा पछि फिर्ता नहुने गरी यस बैंकको कुनै पनि शाखामा OTHER INCOME MISC A/C NO 003700524005 शीर्षकमा जम्मा गरेको भौचर पेश गरी मिति २०८० असार २७ गते ११:०० बजे सम्म यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ।

२) खरिद भएको बोलपत्र मिति २०८० असार २७ गते ५:०० बजे भित्र यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागमा उल्लेखित प्रमाण-पत्रहरु संलग्न राखी शिलबन्दी गरी पेश गर्नुपर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा Technical Proposal र Financial Proposal छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट रुपमा लेखी दाखिला गर्नुपर्नेछ। साथै खाममा Technical Proposal र Financial Proposal प्रष्ट लेख्नु पर्नेछ।

३) प्राप्त भएका शिलबन्दी बोलपत्रहरु मिति २०८० असार २८ बिहान ११ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहबरमा यस बैंकको कमलादी स्थित कार्यालयमा खोलिनेछ र शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) शिलबन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५) बोलपत्र फाराम भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सहि छाप हुनुपर्नेछ।

६) बोलपत्र फारमका साथ आफुले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखाबाट EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO 002610524002 शीर्षकमा जम्मा गरेको भौचर वा सो बराबरको बैंक ग्यारेन्टी (विड बण्ड) पेश गर्नुपर्नेछ। सो बैंक ग्यारेन्टी (विड बण्ड) को म्याद न्यूनतम अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिनको हुनुपर्ने छ।

७) बोलपत्रका साथ निम्न कागजात समेत पेश गर्नुपर्नेछ,
- क) अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- ख) मूल्यअभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि,
- ग) कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile),
- घ) वाणिज्य बैंकको कम्तिमा ३ वटा शाखा निर्माण गरेको कार्य अनुभवको प्रमाणपत्र। यसरी निर्माण गरेका शाखाको लागत रु.२० लाख भन्दा माथि हुनुपर्ने,
- ङ) प्रबन्धपत्र/नियमावली/साझेदारहरु बिचको कबुलियतनामाको प्रतिलिपी,
- च) कर चुक्ता प्रमाण पत्र र
- छ) विगत ३ वर्षको औसत वार्षिक कारोबार रु. १ करोड भन्दा माथिको भएको प्रमाणित गर्ने कागजपत्र वा लेखापरीक्षण भएको वित्तीय विवरण।

८) रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९) प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अथवा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सामान्य सेवा विभाग, कमलादी
फोन नं. ०१-४४४६१४९/५०/५१/५२
इमेल : info@gibl.com.np

नयाँ शिक्षा ऐन कहिले आउँछ सरकार ?

मुलुकको सर्वांगीण क्षेत्रमा रूपान्तरण गर्ने शिक्षा क्षेत्र र यससँग सम्बन्धित कानुन आफैंमा समयानुकूल रूपान्तरण हुन नसक्नु विडम्बनापूर्ण छ



● जनकप्रसाद पाण्डे

अग्रलेख

'विद्यानाम नरस्य रुपमधिकं प्रच्छन्नगुप्तं धनम् ।
विद्या भोगकरी यशः सुखकरी विद्या गुरुणां गुरुः ।
विद्या बन्धुजनो विदेशगमने विद्या परा देवता ।
विद्या राजसु पूज्यते न हि धनं विद्याविहीनः पशुः ॥'

उल्लिखित संस्कृतको श्लोकमा भनिएको छ- 'शिक्षा मानिसको विशिष्ट रूप हो, गोप्य धन हो, यसले यश र सुख दिन्छ । यो गुरुको पनि गुरु हो, बन्धु हो, शिक्षा नै ईश्वर हो, राजा वा असल शासकहरूले धनको होइन, शिक्षाको पूजा गर्छन्, शिक्षाविहीन व्यक्ति त पशुसरह मानिन्छ ।' यसैबाट पनि शिक्षाको महत्त्व आजको युगमा मात्र होइन, प्राचीनकालदेखि नै थियो भन्ने प्रस्ट हुन्छ ।

शिक्षाको विकास विश्वव्यापी साझा मुद्दा हो । शिक्षा नै व्यक्तिको सर्वांगीण व्यक्तित्व विकासको संवाहक हो । यो राजनीतिक, आर्थिक तथा सांस्कृतिक समुच्च रूपान्तरणको माध्यम पनि हो । शिक्षा देश विकासका लागि पूर्वाधारको पनि पूर्वाधार हो । नेपालको संविधान, २०७२ को धारा ३१ ले शिक्षासम्बन्धी हकलाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ । त्यसैले, यो नागरिकको संवैधानिक हक पनि हो । संविधानप्रदत मौलिक हकको प्रयोग गर्दै नागरिकलाई सबै तह एवं विधाको शिक्षामा समतामूलक पहुँच दिँदै गएको खण्डमा सन् २०३० सम्ममा मुलुकलाई मध्ययमस्तरको आय भएको देशका रूपमा उभ्याउन कठिन पर्दैन । रोजगारमूलक, व्यावसायिक तथा गुणस्तरीय शिक्षाका माध्ययमबाट मात्र समाजवादउन्मुख अर्थतन्त्रको जग बसाल्न सकिन्छ । हामीले यसप्रकारको दूरदृष्टि लिइरहँदा मौजुदा शिक्षासम्बन्धी कानुन कस्तो छ ? त्यसबारे पनि बहस गर्नुपर्ने हुन्छ । अन्यथा, आकाशको फल आँखा तरी मर् जस्तै हुन्छ । लोकतन्त्रको स्थापनासँगै नागरिकका महत्त्वाकांक्षा पनि आकासिएर झाँगिएका छन् । जसको सम्बोधन गर्न न हामीसँग बलियो अर्थतन्त्र छ, न त स्थिर राजनीति नै छ । यस्तो अवस्थामा शिक्षाको जग सुसंस्कृत गरी नागरिकलाई नैतिकवान् बनाउनुको विकल्प छैन । यसर्थ, पञ्चायतकालमा बनेको शिक्षा ऐन विस्थापित गरी समयानुकूल शिक्षा ऐन निर्माण गर्नुको विकल्प छैन । देशमा लोकतान्त्रिक संविधान छ, लोकतान्त्रिक व्यवस्था छ । पुरानो व्यवस्थाबाट समाजले नयाँ व्यवस्थामा फट्को मारिसकेको छ । यस्तो अवस्थामा समाजका मूल्य-मान्यता र सोच बदलिएका छन्, नागरिकका आकांक्षा नयाँ उचाइमा पुगेका छन् । तर, नयाँ व्यवस्थामा समाजलाई व्यवस्थित र मर्यादित तुल्याउन लागू गरिएका कानुन राजतन्त्र र पञ्चायतकालीन अवधिका छन् । विधिशास्त्रीय मान्यताअनुसार समाजमा परिवर्तित हुन सक्ने मूल्य-मान्यतासमेतलाई ध्यानमा राखेर कानुन बनाइनुपर्छ भनिन्छ । कानुन समाजभन्दा एक पाइला अघि हिँड्न सक्नुपर्छ । तर, यहाँ उल्टो भएको छ, व्यवस्था परिवर्तन भइसक्दा पनि हाम्रो संविधानले चिन्दै नचिन्ने मृतप्रायः कानुनको प्रयोग भइराखेको छ । कैयौं नयाँ कानुनको निर्माण र कार्यान्वयनमा पनि जटिलता पैदा भएको छ । भर्खरै ललितानिवास प्रकरणमा मलुकी अपराध संहिता, २०७४ को लिखत कितेसम्बन्धी मुद्दामा दुई वर्षको हदम्यादसम्बन्धी व्यवस्थाका कारण भ्रष्टाचारजस्तो जघन्य अपराधमा संलग्न व्यक्तिले उन्मुक्ति पाउने दाबी गरिँदै छ ।

मुलुकको सर्वांगीण क्षेत्रमा रूपान्तरण गर्ने शिक्षा क्षेत्र र यससँग सम्बन्धित कानुन आफैंमा रूपान्तरण हुन नसक्नु विडम्बनापूर्ण छ । शिक्षासम्बन्धी कानुन समयसापेक्ष नयाँ व्यवस्थाअनुसार परिवर्तन हुन सकेन । शिक्षा ऐन, ०२८ ले परिवर्तित व्यवस्था र अवस्थामा कसरी समुच्च शिक्षा क्षेत्रको व्यवस्थापन तथा नियमन गर्न सक्छ ? यद्यपि, यहाँ हामीले प्रयास नै भएन भनेका छैनौं । न त तत्कालीन राजा र राणाको सत्तोसराप नै गरेका छौं । बरु, शिक्षा क्षेत्रमा अब त केही गर्नैपर्छ भनेका मात्र हौं । यसका लागि सरकारले नयाँ शिक्षा ऐन ल्याउने मात्र होइन, समुच्च शिक्षा क्षेत्रलाई नै अर्को उचाइ लिने आधार प्रमाणसहित ऐन आउनुपर्छ । जसका लागि विज्ञहरूको राय, अघिल्ला शिक्षा आयोगहरूको प्रतिवेदन र अन्य पक्षसँग विहंगम छलफल र बहस गरिनुपर्छ । शिक्षाको आधारभूत तहदेखि उच्च तहसम्म व्यापक परिवर्तन जरुरी छ । हामीले यहाँ उठाएका विषयवस्तुलाई नयाँ बन्ने ऐनले गम्भीरतापूर्वक ग्रहण गर्नुपर्ने देखिन्छ ।

आधारभूत शिक्षालाई अन्तर्राष्ट्रिय समुदायले अनिवार्य शिक्षाको अवधि मानेको छ । प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्मलाई आधारभूत शिक्षाका रूपमा मान्यता दिइएको छ । नेपालको संविधानले नै आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ । यस तहलाई अनिवार्य अवधि मानिए पनि ७० प्रतिशत विद्यार्थीले मात्र यो तह पूरा गरेको देखिन्छ । तीमध्ये सिकाइको



उपलब्धि ४० प्रतिशतभन्दा कम रहेको छ । यसर्थ, यस अवधिमा व्यापक शैक्षिक सुधार आवश्यक देखिन्छ । विपन्न परिवारका विद्यार्थीलाई शैक्षिक सामग्री र पोसाक सुविधा, सबै बालबालिकालाई खाजाको व्यवस्था, यो तहमा भर्नाको पहुँचमा आउन नसकेका विद्यार्थीका लागि भर्ना, प्रविधिसहितको गुणस्तरीय शिक्षा उपलब्ध नगराएमा संविधानको मर्म समाजवादउन्मुख शिक्षा सम्भव देखिँदैन । यसर्थ, आधारभूत शिक्षाका लागि विनियोजित बजेटको दायरा फराकिलो बनाइनुपर्छ । त्यसैगरी, माध्यमिक तहमा शिक्षक तालिम, शिक्षण अनुमतिपत्र, प्रधानाध्यापक नियुक्तिको योग्यता, गुणस्तरीय तथा निःशुल्क शिक्षाका लागि आर्थिक स्रोतको व्यवस्थापन, पाठ्यक्रममा हेरफेर, विद्यालय व्यवस्थापन समितिको भूमिका, निजी विद्यालय र सामुदायिक विद्यालयबीचको असमञ्जस्यलगायत विषयमा व्यापक सुधार जरुरी देखिन्छ । उच्च शिक्षाको उद्देश्य भनेको ज्ञानको उत्पादन र प्रयोग, विचारको विकास र परीक्षण, दिगो विकास, राष्ट्रिय विकासलाई चाहिने जनशक्ति उत्पादन र विश्वव्यापी प्रतिस्पर्धी नागरिक तयार गर्नु हो । अहिलेको अवस्थामा अनुसन्धानमूलक कार्यक्रम, शिक्षण कार्य र शिक्षण सिकाइका भरमा विश्वविद्यालय जेनतेन चलिरहेका छन्, त्यसमा पनि अनुसन्धानात्मक कार्यक्रम नगण्य छन् । उच्च शिक्षामा वितरणात्मक न्याय र विनिमयात्मक गुण कमजोर छ । उच्च शिक्षा असल, सक्षम, उत्पादनशील र देशभक्त नागरिक निर्माणका लागि साधारण शिक्षाका मूल्य-मान्यता, जस्तै : सत्यको खोजी, असलपनको विकास, सुन्दरताका प्रशंसा, कल्पनाशील र सिर्जनात्मक सोच, उपयोगितावादी मान्यता, आर्थिक विकासका लागि सीप, पेसागत दक्षता, विज्ञान र प्रविधिमा निपुणता तथा रोजगारमूलक जनशक्तिको उत्पादनमा जोड दिनुपर्छ । उच्च शिक्षालाई मूलतः लागत पूरण सिद्धान्तमा आधारित बनाउनुका साथै उच्च शिक्षाको वित्तीय प्रबन्ध सरकारी, निजी र सामुदायिक प्रकृतिको बनाउँदै निजी उच्च शिक्षाका शैक्षिक संस्था नाफा वितरण नगर्ने संस्थानका रूपमा विकास गरिनुपर्छ । विश्वविद्यालयका कुलपति, उपकुलपति, रेक्टर, रजिस्ट्रार सिनेटमार्फत छनोट गर्ने व्यवस्था हुनुपर्छ । विश्वविद्यालयको सिनेट अन्तर्राष्ट्रिय मापदण्डमा आधारित बनाउनुपर्छ । साथै, विश्वविद्यालय अनुदान आयोग, सेवा आयोगमातहतका क्याम्पसमा दलीय राजनीतिक भागबन्डा र विद्यार्थी संगठनका समूहैपिच्छेका मागका कारण हाम्रा विश्वविद्यालय बदनाम बन्दै गएका छन् । यसतर्फ उप्रान्त बन्ने कानुनले कसी लगाउनैपर्नेछ । यसैगरी, शिक्षक व्यवस्थापन र वृत्ति विकासको पक्ष निकै कमजोर रहेको देखिन्छ । सरकारीस्तरमा विभिन्न प्रकृतिका शिक्षक र निजहरूको फरक-फरक किसिमको सेवासुविधा कायम छ । निजी शैक्षिक संस्थामा शिक्षण पेसामा न्यून तलबमानका कारण शिक्षण पेसामा उत्साह देखिँदैन । आजीवन सिकाइ र अनौपचारिक शिक्षाका माध्ययमबाट नागरिकलाई सुसाक्षर, समावेशी र सहभागितामूलक लोकतान्त्रिक मूल्य-मान्यतामा अभ्यस्त गरी नागरिकले अनौपचारिक शिक्षाका माध्ययमबाट हासिल गरेको ज्ञान र सिपको उच्चतम प्रयोग गर्न पाउने वातावरण बन्नुपर्छ ।

> व्यवस्था परिवर्तन भइसक्दा पनि हाम्रो संविधानले चिन्दै नचिन्ने मृतप्रायः शिक्षा ऐनको प्रयोग भइराखेको हुनाले अब नयाँ ऐन ल्याउनुपर्छ र त्यसमा विश्वविद्यालयका कुलपति, उपकुलपति, रेक्टर, रजिस्ट्रारलगायत पदाधिकारी सिनेटमार्फत छनोट गर्ने व्यवस्था गरिनुपर्छ

शिक्षामा समावेशितालाई कडाइपूर्वक लागू गर्ने, शैक्षिक संस्था व्यवस्थापन र नेतृत्वको आधार स्पष्ट तोक्ने, शिक्षामा लगानी ज्यादै न्यून रहेको हुँदा पर्याप्त बजेट विनियोजन गर्नुपर्ने, हाल शिक्षा क्षेत्रमा आधारभूत तहदेखि उच्च शिक्षाका हरेक निकायमा अनुगमन, निरीक्षण र मूल्यांकन कार्य हुँदै नभएको र भएकामा पनि प्रभावकारी नहुँदा कम्तीमा यस प्रणालीलाई दण्ड र पुरस्कारको तहमा पुऱ्याउनुपर्ने देखिन्छ । यसका साथै आइसिटीमा आधारित पुस्तकालय, विदेशी सम्बन्धन विद्यालय, अतिरिक्त क्रियाकलाप, व्यक्तिगत विकास, पूर्वीय दर्शन र संस्कृतियुक्त शिक्षा, परम्परागत शिक्षण सिकाइ, शिक्षामा प्रविधि, व्यवस्था र अवस्था सुहाउँदो पाठ्यक्रम, शिक्षा क्षेत्रमा अराजक गतिविधिको अन्त्य र सुशासनयुक्त प्रशासन लागू गरिएमा शिक्षाले संवैधानिक मर्मलाई पक्रिँदै समाजवादउन्मुख शिक्षाको जग निर्माण गराउँदै जान्छ । र, मध्ययमस्तरको आय भएको मुलुक बनाउने सपना पूरा हुन सक्छ । हाम्रो उच्च शिक्षामा अमेरिकी, बेलायती र भारतीय मोडेल उच्च शिक्षामा अनुकरण गरिएको छ । त्यसको उपयुक्तताको जाँच हुनुपर्छ । प्रत्येक वर्ष अर्बौं रुपैयाँ वैदेशिक अध्ययनमा बाहिरिरहेको छ, त्यसतर्फ ब्रह्मास्त्र चलाउनुपर्छ । अन्यथा, वैदेशिक अध्ययनमा जाने प्रवृत्तिले कलेजमा विद्यार्थी संख्या त घट्दै छ नै, कुनै दिन त्यसैका कारण विश्वविद्यालय बन्द हुने अवस्था नआओस् । महान् दार्शनिक प्लेटोले भनेझैं शिक्षा भनेको व्यक्तिको वैयक्तिक र समाजको सामाजिक विकासको उच्चतम रूप र श्रेष्ठता हो । श्रेष्ठतम शिक्षाका खातिर यथाशीघ्र नयाँ शिक्षा ऐन ल्याउने प्रक्रिया तत्काल अगाडि बढाइयोस् र लागू गरियोस् ।

(पाण्डे अधिवक्ता हुन्)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **गोपीनाथ मैनाली**लाई



परामर्श सेवाका नाममा सरकारले एक वर्षमा १० अर्ब सकाउनुलाई के भन्नुहुन्छ ?

कतिपय प्राविधिक विषयमा आफूसित विज्ञता नभएको अवस्थामा परामर्श सेवा लिनु अन्यथा होइन । ऐनले नै सरकारलाई यस्तो अधिकार दिन्छ । तर, ससाना विषय र आन्तरिक स्रोतबाटै समाधान गर्न सकिने विषयमा पनि परामर्श सेवाका नाममा मोटो रकम खर्चिन थालियो भने त्यसलाई जायज मान्न सकिन्न । हामीकहाँ एउटै विषयमा पटकपटक परामर्श सेवा लिनेसमेत परम्परा छ । यसले मितव्ययितालाई 'च्यालेन्ज' गर्छ ।

परामर्श सेवा लिने आवश्यकता चाहिँ किन आइपर्छ ?

कहिलेकाहीँ यस्तो सेवा आवश्यक हुन्छ । कानुनले नै 'आउट सोर्सिङ' को व्यवस्था गरेको छ । तर, हामीकहाँ परामर्श सेवा लिने कार्यमा पनि विकृति बढ्दै गएको देखिन्छ । खासै आवश्यक नभए पनि परामर्श सेवा लिने गलत परम्परासमेत छ । तर, कतिपय जटिल प्राविधिक विषयमा चाहिँ यस्तो सेवा नलिई नहुने अवस्था पनि आउँछ । त्यस्तो अवस्थामा पैसाको मूल्य र सार्थकता हेरेर सतर्कतापूर्वक परामर्श सेवा लिनुपर्छ ।

राज्यले आफ्नै प्राविधिक क्षमता विस्तार गर्न सक्दैन र ?

सक्छ, किन नसक्नु । तर, त्यसका लागि समय लाग्छ । फेरि हामीकहाँ जतिसुकै विज्ञ भए पनि कर्मचारीको सरुवा निकै छिटोछिटो हुन्छ । अझ, निर्णायक तहका अधिकारी भएमा उसको सरुवा झनै छिटो हुन्छ । यसले गर्दा विज्ञता हराउनेसमेत डर हुन्छ । राज्यले परामर्शमा गर्ने खर्चको केही अंश आफ्नै कर्मचारीलाई विज्ञ बनाउन खर्चिने हो भने यसबाट बाहिरी परामर्शदाता खोज्नुपर्ने अवस्थामा सुधार आउन सक्छ ।

प्रेरक प्रसंग

सिकर्मीको अन्तिम काम

एक सिकर्मीले बनाएका काठका कलात्मक घरको टाढा-टाढासम्म चर्चा हुने गर्थ्यो । सिकर्मी दिनदिनै वृद्ध हुँदै गए । वृद्धावस्थाका कारण एक दिन उनले सोचे- जिन्दगीमा धेरै काम गरियो । अलि-अलि धनसम्पत्ति पनि कमाइयो । अब कामबाट छुट्टी लिएर बाँकी जिन्दगी परिवारसित रमाइलो गरी बिताउँछु । अर्को दिन सिकर्मी ठेकेदारकहाँ पुगे । उनले भने- ठेकेदारसाब, मैले वर्षौंसम्म हजुरको सेवा गरेँ । सकेसम्म राम्रो गर्ने कोसिस गरेँ । अब म वृद्ध भएँ । त्यसैले, अब कामबाट अवकाश लिएर परिवारसँग बाँकी जिन्दगी बिताउन चाहन्छु । मलाई अवकाश दिनुपऱ्यो । ठेकेदार सिकर्मीलाई निकै मान्थे । त्यसैले, अवकाशको माग सुन्दा उनी केही दुःखी त भए । तर, सिकर्मीको उमेर र उनले विगतमा गरेको काम सम्झेर उनी सिकर्मीलाई निराश बनाउन चाहन्नथे । उनी एकैछिन मौन रहे र सिकर्मीसित भने । ठिक छ, तिमीले मेरो धेरै सेवा गरेका छौ । त्यसैले, म तिमीलाई दुःखी तुल्याउन चाहन्नँ । तर, तिमीले अवकाश लिनुअघि मेरो एउटा अन्तिम काम गरिदिनुपर्छ ।

सिकर्मीले भने- के काम गर्नुपर्ने हो, भन्नुहोस् न ! ठेकेदारले भने- तिमीले थप एउटा सुन्दर घर बनाइदिनुपऱ्यो । म यत्ति चाहन्छु । ठेकेदारले सिकर्मीलाई आवश्यक खर्च दिएर घर बनाउने ठाउँ पनि देखाइदिए ।

सिकर्मी काममा लागे । यो नै अन्तिम काम हो र यसपछि थप काम गर्नु छैन भन्ने सोचेर सिकर्मीले केही अल्छी गरे । उनी पहिले-पहिले घर बनाउन निकै सावधानीसाथ काठ छनोट गर्थे । तर, यसपटक भने उनले कामचलाउ खालका काठ छाने । अल्छी मानी-मानी काम अघि बढाए । केही सातामा घर तयार भयो । उनी ठेकेदारकहाँ पुगे र भने- ठेकेदारसाब, मैले घर तयार गरेँ । के अब म अवकाश लिएर जान सक्छु ? ठेकेदारले मुसुक्क हाँस्दै भने- पक्कै जान सक्छौ । तर, अब तिम्रो त्यो सानो र पुरानो घरमा होइन । यही तिमीले तयार गरेको घरमा परिवारसँगै आरामले बसेर बाँकी जिन्दगी हाँसोखुसीसाथ बिताऊ । मैले यो घर तिम्रै लागि बनाउन लगाएको हुँ । यो घर तिमीलाई मेरा तर्फबाट एउटा सानो उपहार भयो । ठेकेदारको कुरा सुनेर सिकर्मी स्तब्ध भए । उनले मनमनै सोचे- जीवनभर अर्काका लागि त्यति मिहिनेत गरेर घर बनाउने मैले आज आफ्नै लागि बनेको घरचाहिँ गतिलो बनाइनँ । आखिर मैले यो घर पनि पहिलेजस्तै गरी बनाएको भए... !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

चिनियाँ कानुनको अर्थ

१७ असारको नयाँ पत्रिकामा पामीर गौतमको 'विदेश सम्बन्धसम्बन्धी कानुन र चिनियाँ विश्वदृष्टि' पढें । आइन्स्टाइनले चाहेका थिए, विश्वसरकार बनोस् । तर, बन्यो राष्ट्रसंघ, जो पूर्वको लिगभन्दा कुनै मानेमा भिन्न छैन । तेस्रो विश्वयुद्ध राष्ट्रसंघले होइन, न्युक्लियर बमको भयले रोकिएको हो । राष्ट्रसंघ निःसन्देह पश्चिमा स्वार्थमा बनाइयो । तैपनि, अमेरिकाले प्रजातान्त्रिक समुदाय बनाएकै हो । चीनले पनि मानव जातिको साझा भविष्यका साथ समुदाय निर्माणको कुरा त गरेकै हो । उसले प्रजातान्त्रिक समुदाय त बनाउने सक्दैन । चीनले हस्तक्षेप नगर्ने भने पनि उसले चारैतिर हस्तक्षेप गरेको त नेपाललाई पनि थाहै छ । संरक्षणवादको विरोध त उसले गर्ने नै भयो किनभने संसारभर पेलेर सामान जो पठाउनु छ ।

● डा. शिवशंकर यादव, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

परामर्शका नाममा बजेटमाथि लुट

सरकारले हरेक वर्ष परामर्श सेवाका नाममा १० अर्ब बजेट सिध्याउँदो रहेछ । एउटा गरिब देशका लागि यो निकै ठूलो रकम हो । गरिब नेपाली जनताले खाई-नखाई तिरेको कर यसरी लुट्न कुनै हालतमा पनि पाइँदैन । बजेटले पनि परामर्श सेवाका नाममा हुने लुटखसोट घटाउने या यसमा सुधार गर्ने घोषणा गरेको र महालेखाले पनि हरेक वर्ष यस्तो खर्चमाथि प्रश्न उठाउँदै आएको भए पनि सरकारले त्यसतर्फ किन चासो दिइरहेको छैन ?

● भुवनसिंह नेपाली
सातदोबाटो, ललितपुर

भिभिआइपीलाई तलब किन दिने ?

राष्ट्रपति, प्रधानमन्त्री, सभामुखजस्ता भिआइपीलाई राज्यले तलब, सुविधा र भत्ता पनि 'भिभिआइपी' नै दिँदै आएको छ । उनीहरूलाई बस्न सरकारी क्वार्टर छ । त्यहाँ पक्कै पनि उनीहरूले आफ्नो तलबबाट खर्च गरेर खाँदैनन् । पाहुनाको स्वागत सत्कारमा पनि राज्यकै खर्च हुन्छ । अनि, उनीहरूको उपचारमा पनि राज्यकोष नै खर्च हुन्छ । साथै, एकपटक पदमा पुगेपछि आजीवन उनीहरूले सुविधा पाउँछन् भने राज्यले उनीहरूलाई तलबभत्ता दिनेचाहिँ किन ?

● समृद्धि पाण्डे
गोकर्ण, काठमाडौं

किताबको भारी हटाऔं

स्कुलको किताबको भारीले थचक्क भुइँमा बस्न बाध्य बालबालिकाको पीडा शब्दमा वर्णन गर्न सकिँदैन । यही शब्दमा वर्णन गर्न नसकिने पीडा समेटिएको एउटा भिडियो यतिखेर सामाजिक सञ्जालमा भाइरल भएको छ । सो कारुणिक दृश्य हेर्दा कुनचाहिँ अभिभावकको मन नरोला र ? त्यो दृश्य हेर्दा आफ्ना कलिला नानीले पनि बाटोघाटो, चोक, गल्ली जतातै यस्तै समस्या भोगिरहेका होलान् भन्ने महसुस हरेक अभिभावकले गरिरहेका छन् ।

भिडियो कुनै काल्पनिक कहानी होइन, हाम्रै समाजमा दिनहुँ देखिरहेको र भोगिरहेको समस्या समेटिएको मात्र हो । आफूभन्दा ठूला किताबको भारी बोकेर हिँडिरहेका हजारौं बालबालिकालाई हामी प्रत्येक दिन देख्छौं, तथापि उनीहरूका लागी हामीले केही गर्न सकिरहेका छैनौं । कुनै आवाज उठाउन सकिरहेका छैनौं । कुनै न्याय माग गरिरहेका छैनौं । बालबालिका आफैंले आवाज उठाउन सक्दैनन् । उनीहरूको दिमागले त्यो सोच्न पनि सक्दैन । स्कुलको त्रासले उनीहरू गधाझैं लुरुलुरु आफ्नो शरीरले नथाम्ने भारी बोकिरहेका हुन्छन् ।

किन हामी आवाजविहीन ती नानीबाबुको आवाज बनेर प्रस्तुत हुन सक्दैनौं ? किन स्कुल, जिल्ला शिक्षा कार्यालय र सरकारलाई यस्तो काम नगर, नगराऊ भन्न सक्दैनौं ? यति वर्षका बालबालिकालाई यति केजीभन्दा बढी किताबको भारी बोकाएमा कडा दण्ड सजाय हुन्छ भनेर नियम बनाउन सरकारलाई किन दबाब दिइरहेका छैनौं ?

● गोपाल देवकोटा, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

तल्लोस्तरका चलचित्र बन्नुमा 'नेस्टी अडियन्स'को भूमिका

सार्वजनिक संकथनमा प्रगतिशील र जटिल विचार बोक्ने चलचित्र दण्डित हुन्छन् र घटिया चलचित्र पुरस्कृत वा प्रोत्साहित हुन्छन् भने गम्भीर परिणाम निम्तिन सक्छ



देश / विदेश

● फैज उल्लाह

चलचित्र मानिसले हेरून् भनेरै बनाइन्छ । चलचित्रका टिकट खरिद गर्ने वा सेवाको सब्स्क्रिप्सन लिने मानिस अझै पनि धेरै छन्, जसले व्यावसायिक चलचित्र उद्योगलाई थप चलचित्र उत्पादन गर्न प्रोत्साहन गर्छ । चलचित्र निर्माणको निरन्तरताका लागि दर्शकको उपस्थिति महत्त्वपूर्ण हुन्छ । तर, चलचित्र र चलचित्र उद्योगमा व्यापक प्राज्ञिक अनुसन्धान भए पनि यी अनुसन्धानले दर्शकप्रति पर्याप्त ध्यान वा विचार पुऱ्याउन सकेका छैनन् ।

दर्शककेन्द्रित अनुसन्धान सीमित छन् । दर्शकका मामिलामा धेरैजसो बजार अनुसन्धानकर्ताले अनुसन्धान गर्छन् वा बाँकी कसैले गरे भने पनि अनुसन्धान 'मिडिया प्रभाव'को संकीर्णतामा सीमित हुने गर्छ । यी दुवै अनुसन्धानको अवस्थामा दर्शकलाई 'गरिब'का रूपमा चित्रण गरिएको हुन्छ वा गरिब भनेर बुझिएको हुन्छ । बजार अनुसन्धान मुख्य रूपमा दर्शकबाट कसरी थप पैसा असुल्न सकिन्छ भन्नेमा केन्द्रित हुन्छ, जसले अन्ततः दर्शकलाई नै आर्थिक रूपमा कमजोर बनाइदिन्छ । अर्को अर्थमा 'गरिब'ले दर्शकलाई सजिलै प्रभावित गर्न सकिन्छ र यिनलाई 'हानिकारक' मिडिया सामग्रीको जोखिममा परेका विचाराका रूपमा चित्रण गरिएको हुन्छ । शक्तिशाली दोस्रो प्रवृत्तिले सेन्सरसिपलाई सशक्त बनाउँछ ।

यद्यपि सीमित नै भए पनि एक तप्काले दर्शकको स्वायत्ततालाई स्विकार्छ र दर्शकलाई महत्त्वसाथ हेर्छ । यस तप्काको प्राज्ञिक अनुसन्धानमा दर्शक सक्रियतापूर्वक आफूले उपभोग गर्न चाहेको मिडिया आफैंले रोज्छन् । यी दर्शक मिडियालाई आफ्नो विवेक एवं अनुभवका आधारमा व्याख्या पनि गर्छन् । अन्ततः दर्शक आफूलाई सही-गलत जे लाग्छ, त्यसबारे खुलेर बोल्छन् । वास्तवमा दर्शकको यो सक्रियतालेे मिडियालाई तात्त्विक रूपमा प्रभावित पनि गर्छ ।

मिडियाको प्रभावलाई बारम्बार जोड दिने गरिए पनि मिडियासँग आलोचनात्मक रूपमा संलग्न हुने दर्शक/श्रोताको क्षमतालाई प्रायः उपेक्षा गरिन्छ । मिडियाले महत्त्वपूर्ण वैचारिकी बोक्छ र दर्शक यसबाट प्रभावित हुन पनि सक्छन् । यति भन्दै गर्दा प्रभावित हुन्छन् नै भनेर ठोकुवा गर्न सकिँदैन । तसर्थ दर्शकमा मिडियाको प्रभाव जाँच्नु महत्त्वपूर्ण हुँदाहुँदै पनि स्वयम् मिडियालाई आकार दिन दर्शकले खेल्ने भूमिकामा पनि ध्यान दिनु जरुरी छ ।

उदाहरणका रूपमा हामीले हिन्दी सिनेमामा प्रस्तुति र पर्दापछाडि हुने लैंगिक प्रतिनिधित्वबारे एक बृहत् अनुसन्धान गरेका थियौं ।

अनुसन्धानका क्रममा हामीले अनलाइन युवा मिडिया समीक्षकलाई पनि समेटेर सानो अध्ययन गरेका थियौं । हामीले दर्शकले सिनेमासँग अन्तर्क्रिया गर्ने विभिन्न उपायको अवलोकन गरेका थियौं । यी युवा समीक्षकले लैंगिकताका मामिलामा रुढिबद्ध धारणाको प्रस्तुतीकरण (स्टेरियोटाइप) र कमजोर प्रतिनिधित्वको आलोचना गरेका थिए । यी समीक्षक आफ्नो आलोचनामा रचनात्मकता प्रदर्शन गर्छन् । यति मात्रै नभई यिनले अनलाइन समुदाय निर्माण गरिरहेका छन् र नारीवाद एवं सामाजिक न्यायका बहस र शब्दावलीको प्रसार पनि गरिरहेका छन् । यो एक सुखद समाचार हो । दर्शकको यो स्तरको संलग्नताले चलचित्र उद्योग र निर्मातालाई आफूलाई परिष्कृत गर्ने मौका दिन्छ ।

तर, हामीसँग निराशाजनक समाचार पनि छन् । हाम्रो अनुसन्धानमा समकालीन मिडिया अध्ययनले भन्ने गरेको 'नेस्टी अडियन्स' (अश्लील दर्शक) को बढ्दो उपस्थितिको पनि संकेत गरेको छ । यी दर्शक सामान्यतया ट्रोल भनेर चिनिन्छन्, जहाँ यी आफूसँग असहमत हुनेसँग दुर्व्यवहार र उत्पीडन गर्छन् तथा हिंसात्मक धम्की दिन्छन् । प्रायः यी ट्रोल रुढिवादी विचारधारासँग नजिक हुन्छन् र प्रगति तथा सामाजिक



तस्बिर : इन्डियन एक्सप्रेस

न्यायसँग सम्बन्धित मामिलामा प्रतिक्रियावादी दृष्टिकोण राख्छन् ।

यस सन्दर्भमा लैंगिकतासम्बन्धी छलफल विरोधाभासी दृष्टिकोणको एक अत्यधिक विवादास्पद क्षेत्र बन्न पुग्छ । लैंगिकता र मिडियामा केन्द्रित विद्वान्ले परम्परा र सांस्कृतिक पहिचानका नाममा महिलाको स्वतन्त्रतालाई कसरी प्रतिबन्धित गरिन्छ भनेर निरन्तर विश्लेषण गरेका छन् । महिलाले राष्ट्रिय वा सामुदायिकस्तरमा परम्परागत र सांस्कृतिक मूल्यलाई मूर्त रूप दिन्छन् भन्ने अवधारणा व्याप्त छ । र, यी मूल्यबाट हुने कुनै पनि विचलनलाई राष्ट्रिय वा सामुदायिक पहिचानको अस्तित्वमा हुने खतराका रूपमा हेरिन्छ । नतिजा व्यक्तिगत सम्बन्ध, पारिवारिक, सामाजिक भूमिका र यौनिकताजस्ता क्षेत्रमा आफ्नो स्वतन्त्रतालाई जोड दिने महिलाको चित्रण गर्ने सिनेमाले राष्ट्रिय वा सामुदायिक पहिचानका ठेकेदारलाई क्रुद्ध बनाउँछ । यी ठेकेदारको नैतिक पहरेदारी, उत्पीडन र हिंसाका धम्कीले दर्शक मात्र नभई चलचित्र उद्योगमा काम गर्ने महिला र लैंगिक अल्पसंख्यक पेसेवरमा पनि चिसो प्रभाव पार्छ ।

चलचित्र निर्मातालाई राम्रो र नराम्रो दुवै फिल्म बनाउने स्वतन्त्रता छ । त्यसैगरी दर्शकसँग पनि आफूले के हेर्ने र नहेर्ने भनेर निर्णय गर्ने शक्ति छ । दर्शकले घटिया चलचित्रको छनोट गर्छन् भने यो दर्शकको कुरा भयो । तर यदि सार्वजनिक संकथनमा प्रगतिशील र जटिल विचार बोक्ने चलचित्र दण्डित हुन्छन् र घटिया चलचित्र पुरस्कृत वा प्रोत्साहित हुन्छन् भने यसबाट गम्भीर परिणाम निम्तिन सक्छन् ।

हिन्दी चलचित्र उद्योगले प्रदर्शन हुने नयाँ चलचित्रमा दर्शकको उत्साह बढाउन र कमाइ गर्न अनलाइन समुदायलाई सक्रिय रूपमा समावेश गर्छ । यद्यपि, चलचित्र उद्योगले यी समुदायको दृष्टिकोण र चाहनालाई सुन्नुपर्छ र प्रतिक्रिया पनि दिनुपर्छ । समाचार र वित्तजस्ता उद्योग सार्वजनिक विश्वास पुनर्स्थापित गर्ने लक्ष्य राख्दै मिथ्या समाचार र अनलाइन धोखाधडीविरुद्ध लड्न गम्भीर प्रयास गरिरहेका छन् । चलचित्रमा हुने पाइरेसी (चलचित्रको अनधिकृत प्रदर्शन) रोक्न जुन किसिमले जसरी पहिले हिन्दी चलचित्र उद्योगले स्रोतको खर्च गरेको थियो, त्यसरी नै अनलाइन समुदायको दृष्टिकोण र चाहनालाई सुन्ने हो भने निश्चय नै सुरक्षित, सशक्त र समृद्ध सिनेमा संस्कृतिको विकास हुन सक्छ ।

(उल्लाह टिस मुम्बईका मिडिया र सांस्कृतिक अध्ययनका उप-प्राध्यापक हुन्)
द इन्डियन एक्सप्रेसबाट

■ जुकरबर्ग भर्सेस मस्क

'थ्रेड्स' ल्याएर ट्विटरलाई चुनौती

मस्कले किन्ने सहमति जनाएयता ट्विटरले आफ्नो करिब दुईतिहाइ मूल्य गुमाइसकेको छ, यसबाट कसैलाई फाइदा भएको छ भने ती जुकरबर्ग हुन्

एउटा कुनामा मार्क जुकरबर्ग खडा छन्, ३९ वर्षका पाँच फिट सात इन्च अग्ला र ब्रजिलियन मार्सल आर्ट 'ज्यु-जित्सु'का खेलाडीजस्ता। अर्को कुनामा उभिएका छन् एलन मस्क, जो जुकरभन्दा १३ वर्ष बूढा र ६ इन्च अग्ला भिमकाय सामुद्रिक स्तनपायी 'वलारस'को चालढालका छन्। 'म केही पनि गर्दिनँ, केवल आफ्ना प्रतिद्वन्द्वीमाथि सुत्दिन्छु,' मस्क भन्ने गर्छन्। यी दुई अर्बपतिबीच अखडामा कुस्तीको सहमति भएको छ र मस्कले २९ जुनमा वृत्ताकार अखडा 'रोमन कोलोसियम'मा कुस्ती हुन सक्ने बताएका छन्। उनीहरूको यो भिडन्त कहिल्यै नहुन सक्छ। यसमा न इटालीयन सरकार, न त मस्ककी आमा नै इच्छुक देखिन्छिन्। तर यी अर्बपति अर्को एक महत्त्वपूर्ण लडाइँमा आमनेसामने हुने पक्का भएको छ।

६ जुलाईबाट जुकरबर्गको कम्पनी मेटाले आफ्नो सोसल मिडिया प्लाटफर्ममा एउटा नयाँ 'एप' थप्दै छ। 'थ्रेड्स' नाम रहने मेटाको नयाँ सञ्जाल लगभग ट्विटरजस्तै छ। 'रोमको कुस्ती गफ'मा नै सीमित हुन सक्ने देखिए पनि एउटा सर्वशक्तिमान सामाजिक-मिडिया भिडन्त भने सुरु हुने भएको छ। ट्विटरलाई मस्कले गत अक्टोबरमा ४४ अर्ब डलरमा किनेका थिए। ट्विटरमा मस्कको नेतृत्वलाई लिएर धेरैले आलोचना गर्दै आएका छन्। ट्विटर खरिद गर्दाका करिब आठ हजार कर्मचारीमध्ये उनले करिब ८० प्रतिशतलाई खर्च कटौती गर्न भनेर कामबाट निकालिसकेका छन्।

प्राविधिक समस्याबीच ट्विटरका प्रयोगकर्ता अन्य एपतर्फ लाग्न थालेको अनुसन्धान कम्पनी इ-मार्केटर विश्वास गर्छ। ट्विटरमा जुलाईबाट प्रतिमहिना आठ डलर तिर्न नसक्ने प्रयोगकर्ताका ट्विटको संख्यालाई सीमित गरिदैंछ। यसले ट्विटरलाई अझै अलोकप्रिय बनाउन सक्छ। विज्ञापनदाताहरू प्रयोगकर्ताभन्दा ठूलो दरमा पलायन भएका छन्। यस वर्ष ट्विटरको विज्ञापन आम्दानी गत वर्षको तुलनामा २८ प्रतिशत कम हुने इ-मार्केटरको पूर्वानुमान छ। यसले ट्वीटरका लगानीकर्तालाई मर्कामा पारेको छ। गत मे महिनामा वित्तीय सेवा प्रदायक फर्म फिडेलिटीले गरेको मूल्यांकनअनुसार मस्कले किन्ने सहमति जनाएयता ट्विटरले आफ्नो करिब दुईतिहाइ मूल्य गुमाइसकेको छ।

यसबाट कसैले जितेको छ भने जुकरबर्गले जितेका छन्। सन् २०२१ सम्ममा उनको व्यवसाय गोपनीयता दुरुपयोग, अफवाह र विद्वेषको पर्याय नै थियो, जसका कारण जुकरवर्गले कम्पनीको नाम नै फेसबुकबाट मेटामा परिवर्तन गरे। त्यसपछि उनले आफ्नो शक्तिशाली पदीय स्थिति प्रयोग गरेर लगानीकर्तालाई मेटाभर्समा अर्बौं खन्याउन लगाए। तर, यस स्वप्नील परियोजनाले पैसा कमाउने सम्भावना अझै वर्षौं टाढा देखिन्छ।

ट्विटरमा मस्कको भद्रगोल व्यवस्थापनले जुकरबर्गको मेटालाई सुशासनको आदर्श नमुनाजस्तो बनाएको छ। यद्यपि ट्विटरको कन्टेन्ट मोडरेसनको सुविधाले रोन डेसान्टिसजस्ता केही कन्जर्भेटिभहरूलाई भने खुसी पारेको छ, जसले प्राविधिक गडबडीले ग्रस्त एउटा प्रत्यक्ष अडियो सत्रबाट आफ्नो राष्ट्रपतीय दौड सुरु गरेका छन्। त्यसैगरी टकर कार्लसनले जुनमा फक्स न्युजसँग





> विभिन्न स्टार्टअपले ट्विटरको असफलतालाई आफ्नो पुँजी बनाउने प्रयास गरिरहेका छन्, तर सफलता खासै पाइरहेका छैनन्। यस्तोमा मेटाले ट्विटरकै भल्को दिने 'थ्रेड्स' ल्याएर ट्विटरको असफतालाई आफ्नो पुँजी बनाउन खोजेको छ।

अलग्गिएपछि ट्विटरबाट आफ्नो प्रसारण सुरु गरेका छन्। तर, उदारवादीलाई यो पचाउन गाह्रो भइरहेको देखिन्छ। युगोभको सर्वेक्षणअनुसार अमेरिकीमाझ मस्क जुकरबर्गभन्दा बढी लोकप्रिय छन्। तर, ट्विटरमा विवाद चर्किदै गइरहेको र राजनीतिज्ञहरूले चिनियाँ स्वामित्वको सामाजिक एप टिकटकमाथि फायर खोलिरहेको समयमा जुकरबर्गको अनुमोदन रेटिङ भने तीन वर्षयताकै उच्चस्तरमा पुगेको छ।

मेटाले अहिले अर्को व्यावसायिक विजयको अवसर देख्दै छ। विभिन्न स्टार्टअपले ट्विटरको असफलतालाई आफ्नो पुँजी बनाउने प्रयास गरिरहेका छन्, तर सफलता खासै पाइरहेका छैनन्। एकजना मात्र कर्मचारी भएको विकेन्द्रीकृत सामाजिक सञ्जाल 'मास्टोडन'ले ट्विटरसँगको सम्झौता बन्द गरेपछि गत नोभेम्बरसम्ममा २० लाखभन्दा बढी सदस्य थपिएको जनाएको थियो। तर, डाटा कम्पनी 'सेन्सर टावर'का अनुसार मानिसहरूले यसलाई कमजोर पाएपछि भने प्रयोगकर्ताको संख्या नोभेम्बरको संख्यामा पनि ३९ प्रतिशतले घटेको छ। डोनाल्ड ट्रम्पको कन्जर्भेटिभ सामाजिक सञ्जाल 'ट्रुथ सोसल' पनि लोकप्रियता हासिल गर्न असफल भएको छ। 'ब्लुस्काई' पनि उल्लेखनीय प्रयोगकर्ता जुटाउन सकिरहेको छैन।

यसैले, मेटाको प्रस्तुति 'थ्रेड्स'लाई राम्रो मौका छ। क्लोनिङ प्रतिद्वन्द्वीको सवालमा मेटा अरूभन्दा सफल पनि छ। सन् २०१६ मा स्न्यापच्याटको 'स्टोरिज' भनेर चिनिने गायब भएर जाने पोस्टहरू लोकप्रिय हुँदै गर्दा जुकरबर्गले 'इन्स्टाग्राम स्टोरिज'को अनावरण गरेको थियो। स्न्यापच्याटको स्टोरिजजस्तै यो प्रडक्टले पनि इन्स्टाग्रामलाई शीर्ष स्थानमा पुऱ्याउन सहयोग गऱ्यो। गत वर्षबाट टिकटकका छोटा भिडियो खतराका रूपमा देखा पर्न थालेपछि मेटाले इन्स्टाग्राम र फेसबुकबाट लाइभ हुने समानखाले भिडियो ढाँचा 'रिल्स'को सुरुवात गऱ्यो। त्यो पनि हिट भयो। अप्रिलमा जुकरबर्गले इन्स्टाग्राममा बिताउने समयलाई रिल्सले लगभग एक चौथाइले बढाउन मद्दत गरेको बताएका थिए।

थ्रेड्सले पनि यस्तै गति प्राप्त गर्ने देखिन्छ। रिल्सको विपरीत यो आफ्नै अधिकारअन्तर्गतको एप हुनेछ। यसले इन्स्टाग्राममा एकाउन्ट भएकाहरूलाई उनीहरूको लगइन विवरण प्रयोग गर्न दिएर एकै क्लिकमा आफ्नो इन्स्टाग्रामका सम्पूर्ण व्यक्तिलाई फलो गर्न अनुमति दिनेछ। डाटारिपोर्टल नामक अनुसन्धान फर्मका अनुसार ट्विटर प्रयोगकर्तामध्ये ८७ प्रतिशतले इन्स्टाग्राम प्रयोग गरिरहेका छन्। अब उनीहरूसँग ट्विटरको विकल्प पनि आएको छ। के तिनले यसमा सर्ने कष्ट गर्लान्? मेटाका अधिकारीले हालैमा 'विवेकपूर्ण रूपमा चलाइएको नेटवर्क हुनु नै पर्याप्त भएको' टिप्पणी गरेका थिए। यसका लागि एउटा धक्का आवश्यक हुन सक्छ। तर, थ्रेड्स लन्च हुनुभन्दा केहीअघि मात्रै पेवालको घोषणा गरेर मस्कले त्यो धक्का दिइसकेकोजस्तो देखिन्छ। ट्विटरको व्यवसाय मेटाको मापदण्डअनुसार सानो छ। विश्वको सबैभन्दा ठूलो सामाजिक सञ्जाल फेसबुकको ट्विटरसँग भन्दा झन्डै आठ गुणा धेरै प्रयोगकर्ता छन्। मस्कले किन्नुभन्दा अघिल्लो वर्ष सन् २०२१ मा ट्विटरको आय ५.१ अर्ब डलर थियो, जबकि मेटाको एक खर्ब १६ अर्ब डलर थियो।

जुकरबर्गले थ्रेड्सलाई टाउको दुखाइको विषय ठान्नुपर्ने दुई कारण छन्। एउटा हो, विज्ञापन। ट्विटरले कहिल्यै पनि आफ्ना प्रयोगकर्ताबाट धेरै पैसा कमाएको छैन, किनभने उसले प्रयोगकर्ताबारे निकै थोरै मात्र जानकारी राख्छ। डाटारिपोर्टलको सिमोन केम्पका अनुसार ट्विट पढ्नेमध्ये आधादेखि दुईतिहाइले लगइनसमेत गरेका हुँदैनन्। लगइन गरेका प्रयोगकर्तामा पनि धेरै त अरूका फिड पढ्ने 'लुकर'मात्र हुन्छन्। यसविपरीत मेटालाई आफ्ना एपहरूमार्फत प्रयोगकर्ताबारे धेरै जानकारी छ। त्यसैले पहिलो दिनदेखि नै थ्रेड्सलाई लक्षित विज्ञापनसहित लोकप्रिय बनाउन सक्छ। ट्विटरमा सबैभन्दा राम्रोसँग काम गर्ने ब्रान्ड-फोकस्ड विज्ञापन डाइरेक्ट-रेस्पोन्स विज्ञापनका परिपूरक मात्रै हुन्। फेसबुक र इन्स्टाग्राम यसका विशेषज्ञ नै हुन्। थ्रेड्सले मेटाको हालको पोर्टफोलियोबाट पनि निकै सहयोग पाउन सक्ने बर्नस्टीका ब्रोकर मार्क समुलिक बताउँछन्।

मेटाको अर्को उद्देश्य लार्ज ल्याङ्वेज मोडलहरूसँग सम्बन्धित छ, जसले च्याटजिपिटीले जसरी आर्टिफिसियल इन्टेलिजेन्सी (एआई) एपहरूमा मानवले जसरी नै प्रतिक्रिया उत्पादन गर्न इन्टरनेटबाट सामग्री उपयोग गर्छ। यो प्रविधिका लागि इन्टरनेटमा राखिएका विशाल तथ्यांकमा पकड चाहिन्छ। रेडिटजस्ता अनलाइन फोरमले आफूसँग भएका अर्बौं शब्दहरूलाई मुद्रामा बदल्न कोसिस गरिरहेका छन्। मस्कले ट्विटरको नयाँ पेवाल एआई फर्महरूको डेटा स्क्रयापिंगको चरम स्तरको प्रतिक्रिया भएको बताइसकेका छन्। फेसबुक र इन्स्टाग्रामको भिजुअल फिडको परिपूरणका लागि टेक्स्ट-बेस्ड नेटवर्क स्थापना गर्न, मेटासँग आफ्नै भाषाको समृद्ध डेटा स्रोत छ। 'थ्रेड्सलाई विज्ञापन प्लाटफर्मभन्दा पनि अरू नै कल्पना गरिएको छ,' केम्प भन्छन्, 'जुकरले एआई कन्टेन्ट-फिडिंग गेम खेलिरहेका छन्।' अरूलाई प्रयोग गर्न दिएको होस् वा आफ्नै एआई परियोजनामा प्रयोग गरेको होस, मेटाले यस्ता डेटा मेटाभर्सलाई पर्खिरहेका लगानीकर्तालाई बताउने एउटा नयाँ कथा हुनेछ।

यद्यपि, थ्रेड्सले कडा चुनौतीको सामना गर्नुपर्नेछ। नयाँ सामाजिक सञ्जाल सुरुवात निकै गाह्रो काम हो। आफ्ना मौजुदा तीन अर्ब ८० करोड प्रयोगकर्ताका बाबजुद मेटाले असफलता भोगेको छ। 'फेसबुक डेटिङ' लोकप्रिय हुनैसकेको छैन भने उसका 'गेमिंग' र 'सपिङ' उत्पादनहरूले उडान भर्नै सकेका छैनन्। तर, ट्विटरले प्रयोगकर्ता र विज्ञापनदाता गुमाइरहँदा र मस्कको व्यवस्थापनले आफ्नो सनकीपन कायम राखिरहँदा मेटाको अवसर झन् झन् ठूलो हुँदै गइरहेको छ। जुकरबर्गले फाइदा उठाउन सक्छन्।

-द इकोनोमिस्ट

सधैं विवादमा आइरहने बाइडेन पुत्र

छोरा हन्टर बाइडेनका विवादहरूले पिता बाइडेनलाई राजनीतिक रुपमा अप्ठ्यारो पार्ने गरेको छ



राष्ट्रपति बाइडेनसँग छोरा हन्टर बाइडेन (बायाँ)।

नातावाद, भ्रष्टाचार र गलत माध्यमबाट चन्दा-संकलनजस्ता आरोपबाट आफूलाई टाढा राख्न चाहने राष्ट्रपति बाइडेनका लागि उनकै छोरा हन्टर बाइडेन समस्या बन्ने गरेका छन्। जो बाइडेनका ५३ वर्षीय माइला छोरा हन्टरको नाम बारम्बार विवादमा जोडिँदै आएको छ। अहिले फेरि उनी पिताको नाम र पदलाई व्यक्तिगत लाभका लागि प्रयोग गरेको विषयमा अनुसन्धानमा तानिएका छन्। हन्टर बाइडेन जोडिएको पछिल्लो प्रकरण राष्ट्रपतिको परिवारमाथि अनुसन्धान गरिरहेको एक संसदीय समितिले २२ जुनमा ह्वाट्सएप सन्देश सार्वजनिक गरेसँगै सतहमा आएको हो। हन्टर बाइडेनले एक चिनियाँ व्यापारीलाई पठाएको उक्त सन्देश जुलाई २०१७ को भएको समितिले बताएको छ। त्यस वेला जो बाइडेन पूर्वउपराष्ट्रपतिका रूपमा सामान्य नागरिकको जीवन बिताइरहेका थिए। तर, पनि म्यासेजमा हन्टरले उनका पिताको माथिसम्मको सम्पर्कलाई जोड दिँदै चिनियाँ व्यापारीलाई धम्की दिइरहेको देखिन्छ।

'म यहाँ मेरो बुबासँग बसिरहेको छु र हामी यो जान्न चाहन्छौं कि पहिले गरिएका प्रतिबद्धता किन पूरा भएनन्,' म्यासेजमा उल्लेख छ। म्यासेज यतिमै रोकिँदैन, अगाडि पनि उनले चिनियाँ व्यापारीलाई धम्की दिइरहेका छन्। यदि सम्बद्ध चिनियाँ व्यापारीले सम्झौताअनुरूप काम गरेनन् भने हन्टरले सन्देशमा लेखेका छन्, 'म यो कुरा मेरो छेउमा बसिरहेको मानिस (पिता जो) र उनले चिनेको हरेक व्यक्तिमाझ जानकारी गराउनेछु र साथमा मैले कहिल्यै माफी नदिने भएकाले मेरो निर्देशन पालना नगरेकोमा तपाईंले पछुताउनुपर्नेछ।'सार्वजनिक भएको म्यासेजमा उल्लेख विषयवस्तुका आधारमा ह्वाइट हाउसका अधिकारी र राष्ट्रपति बाइडेनले पहिले भनेजस्तो उनी छोरा हन्टरको व्यापारिक गतिविधिमा संलग्नता नहुने गरेको दाबीलाई काटेजस्तो देखिन्छ। पत्रकारहरूले यही कुरालाई संकेत गर्दै गत बुधबार हन्टरले सन्देश पठाउँदा राष्ट्रपति जो उनीसँगै बसिरहेका थिए कि भनेर सोधेका थिए। जवाफमा राष्ट्रपति बाइडेनले आफू हन्टरको व्यापारिक काममा उनको साथमा नरहेको बताए। ह्वाइट हाउस अधिकारी इयान स्याम्सले पनि बाइडेनको कुनै पनि संलग्नता नरहेको बताउँदै भने, 'राष्ट्रपति उनको छोराको व्यापारमा सरिक थिएनन्।'

पटक-पटक खण्डनका बाबजुद ह्वाइट हाउसलाई हन्टर बाइडेनको व्यापारिक कारोबारबाट जो बाइडेनलाई अलग देखाउन गाह्रो भइरहेको छ। यो कुरा ह्वाट्सएप सन्देश जारी भएको भोलिपल्ट २३ जुनमा भएको एक प्रेस ब्रिफिङमा स्पष्ट देखिएको थियो। त्यस दिनको ब्रिफिङमा ह्वाइट हाउसका प्रेस सेक्रेटरी करिन जँ-पियरे र राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले हन्टर बाइडेन प्रकरणबारे थप जान्न उत्सुक प्रेसको सामना गर्नुपरेको थियो। ब्रिफिङमा न्युज-म्याक्सका रिपोर्टर जेम्स रोजेनले ठूलो स्वरमा हन्टरको सन्देश पढ्दै तिनमा समावेश विषयवस्तुले 'राष्ट्रपतिले उनको छोराको विदेशी व्यापारिक कारोबारबारे कहिल्यै छलफल नगरेको' भन्ने दाबीलाई खण्डन गरेन र, भन्ने प्रश्न गरेका थिए। किर्बीले त्यसपछि यो विषयमाथिको छलफल नै टुंग्याउने प्रयास गरे। 'म यस पोडियममा उभिएर यस विषयमा थप केही बोल्नेछैन,' किर्बीले भने। त्यसपछि लगत्तै किर्बी समाचार ब्रिफिङबाट बाहिरिएका थिए।

'जिओपी सिभिल वार' पुस्तकका सहलेखक तथा राजनीतिक विश्लेषक एरिक ह्यामले हन्टर बाइडेन धेरै लामो समयदेखि उनका पिताको राजनीतिक करिअरका लागि समस्या बन्दै आइरहेको बताउँछन्। 'राष्ट्रपति बाइडेन उनको छोराको आलोचनाप्रति धेरै संवेदनशील हुने गर्छन्। त्यही भएर जो बाइडेन वरपरका मानिस यसबारे केही भन्न हिचकिचाउँछन्,' ह्यामले भने। अमेरिकाको तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभमा चलिरहेको हन्टर बाइडेनको व्यापारिक कारोबारसम्बन्धी अनुसन्धानबाट ह्वाइट हाउसले दबाब महसुस गरेको स्पष्ट छ। सन् २०२२ को मध्यावधि चुनावमा तल्लो सदनको नियन्त्रण हात पारेपछि रिपब्लिकन पार्टीले सदनको 'ओभरसाइट एन्ड अकाउन्टिबिलिटी कमिटी'मार्फत बाइडेन परिवार र उनको परिवार जोडिएका व्यापारिक कारोबारको छानबिन सुरु गरेको छ। छानबिन मुख्यतः हन्टर र राष्ट्रपतिका ७४ वर्षीय भाइ जेम्स र तिनको युक्रेन तथा चीनजस्ता देशसँगको कारोबारमा केन्द्रित छ।

सन् २००९ मा जो बाइडेनले तत्कालीन राष्ट्रपति बराक ओबामाको नेतृत्वमा उपराष्ट्रपतिको कार्यभार सम्हाल्ने लाग्दा हन्टर बाइडेनले वासिंटन डिसीमा मुख्यालय रहेको 'रोसमेन्ट सेनेका पार्टनर्स' लगानी कोष स्थापना गरेका थिए। यस संस्थाको कार्यस्थल भने चीन थियो। अनुसन्धानरत संसदीय समितिले सन् २०१४ को फेब्रुअरी र सन् २०१९ को अगस्ट बीचमा बाइडेन परिवारसँग जोडिएका व्यवसाय र मानिसहरू 'बैंक अफ चाइना'को नियन्त्रणमा रहेको एक चिनियाँ लगानी कोषबीचको भएको ९३ सञ्चार-सम्पर्क भेट्टाएको छ, जसमा २४ लाख ६१ हजार नौ सय ६२ दशमलव ६० अमेरिकी डलरको लेनदेन उल्लेख छ। हिवसलब्लोअर र पूर्वसरकारी अधिकारीले बाहिर ल्याएको तथ्यलाई प्रमाणका रूपमा पेस गर्दै रिपब्लिकन सांसदले बाइडेन प्रशासनले परिवारसँग जोडिएका थप तथ्य लुकाउने प्रयास गरेको आरोप लगाएका छन्। उनीहरूले हन्टरको चीनसँगको व्यापारिक कारोबारले चीनप्रति बाइडेनको नीतिमा प्रत्यक्ष प्रभाव पर्ने तर्क गरिरहेका छन्, जसलाई ह्वाइट हाउसले अस्वीकार गरेको छ।

'राष्ट्रपति बाइडेन कुनै लेनदेनका कारण विदेशी शक्तिसँग वचनबद्ध भएका भए उनी ती देश जोडिएका निर्णयमा प्रभावित हुन्छन्। यो राष्ट्रिय सुरक्षामा खतरा ल्याउने कुरा हो,' तल्लो सदनको 'ओभरसाइट एन्ड अकाउन्टाबिलिटी कमिटी'का अध्यक्ष रिपब्लिकन सांसद जेम्स कमरले भने। हन्टर बाइडेनमाथि युक्रेनसँग जोडिएको एक भ्रष्टाचारको आरोप पनि छ। हन्टरले सन् २०१४ देखि पाँच वर्षसम्म युक्रेनको विशाल प्राकृतिक ग्यास कम्पनी 'बुरिस्मा होल्डिङ्स लिमिटेड'को बोर्डमा रहेर काम गरेका थिए। आलोचकहरूले ऊर्जा क्षेत्रको शून्य अनुभव भएका हन्टर कसरी त्यही कम्पनीको बोर्डमा छानिए भन्ने प्रश्न उठाएका छन्। र, बुरिस्मा होल्डिङ्समा हन्टरको कार्यकालको धेरै समय उनका पिता अमेरिकाको उपराष्ट्रपति थिए। हन्टरले सन् २०१९ मा एबिसी न्युजलाई दिएको अन्तर्वार्तामा उनको पिताले उनलाई युक्रेनमा काम दिलाउन भूमिका खेलेको भन्ने आरोपको खण्डन गरे। 'यस्तो अभ्यासले हामीहरू कसैको पनि हित गर्दैन,' हन्टरले अन्तर्वार्तामा भनेका थिए। सन् २०२० मा हन्टरको बुरिस्मा होल्डिङ्ससँगको सम्बन्धबारे अनुसन्धान गरेका दुई रिपब्लिकन नेतृत्वको समितिले यस विषयमा थप विश्लेषण आवश्यक रहेको निष्कर्ष सुनाएको थियो। तथापि ती समितिले यस प्रकरणमा कुनै प्रकारको दण्डनीय गल्ती भएको वा जो बाइडेनको प्रत्यक्ष संलग्नता भएको प्रमाण फेला पार्न भने सकेनन्।

'हन्टर बाइडेनले विगतमा केही सन्देहपूर्ण काम गरेका छन्। तर, उनी पिता जो बाइडेनको प्रशासन वा अभियानका हिस्सा होइनन्। त्यसैले यी मुद्दा राष्ट्रपति बाइडेनको मूल्यांकनका आधार बनाइनुहुँदैनथ्यो,' जर्ज वासिंगटन विश्वविद्यालयमा अमेरिकी अध्ययन तथा राजनीति शास्त्रकी सह-प्राध्यापक एलिजाबेथ एन्करले भनिन्। बाइडेन परिवारप्रति लक्षित अधिकांश आलोचना 'विशुद्ध राजनीतिक' हुने गरेको प्राध्यापक एन्करको ठम्याइ छ। जो बाइडेनका छोराका विभिन्न व्यक्तिगत समस्या विगतमा राष्ट्रिय पत्रिकाका पहिलो पृष्ठका समाचार बनिसकेका छन्। सन् २०२१ मा सार्वजनिक आत्मसंस्मरणमा हन्टरले कुनै वेला आफू कोकिन र रस्कीको लती रहेको स्विकारेका छन्। तर, यी समस्याको आफूले उपचार गरेको र हाल कुनै लतमा नरहेको पनि उनले पुस्तकमा बताएका छन्। यही महिना उनले आफ्नी एक छोरीलाई जन्म दिने अर्कान्सासकी एक महिलासँग लामो समयदेखि चलिरहेको 'बच्चा हुर्काउने खर्च'सम्बन्धी मुद्दा सल्टाए। र, सन् २०२० मा डेलावेयरको एक कम्प्युटर मर्मत पसलमा भेटिएको एक ल्यापटपमा हन्टर बाइडेनका आपत्तिजनक तस्बिरका साथै कैयौं व्यक्तिगत जानकारी पाइएको थियो। यी घटनामध्ये केही हाल एफबिआईको अनुसन्धानको दायरामा छन्। साथै यी विषय विपक्षीहरू उनको बेइज्जती गर्न अनलाइनमा उठाइरहन्छन्।

पहिलेदेखि विभिन्न व्यक्तिगत विवादमा रुमल्लिरहेका हन्टर जोडिएको अर्को एक घटना २० जुनमा सार्वजनिक भयो। त्यस दिन हन्टरले संघीय अभियोजकहरूसँग कर र बन्दुकसम्बन्धी विवादलाई मिलापत्रमार्फत टुंग्याएको समाचार बाहिरियो। डेलावेयर जिल्लाको न्यायाधिवक्ता कार्यालयले हन्टरमाथि सन् २०१७ र सन् २०१८ को कर दाखिला गर्न असफल भएको आरोप लगाएको थियो। 'हन्टरले बर्सेनि एक लाख डलरभन्दा बढीको आयकर तिर्नुपर्ने भए पनि ती दुई वर्ष उनले तिर्नुपर्ने कर तिरेनन्,' अभियोजकहरूले आरोपमा भनेका छन्। सोही कार्यालयको आरोपमा अर्को विषयमा भनिएको छ, 'उनले सन् २०१८ मा 'लागुपदार्थको लत' भएको समयमा एउटा बन्दुक किनेका थिए।' यी दुई आरोपमा २० जुनमा भएको सहमतिअनुरूप हन्टर बाइडेनले कर आरोपका लागि दोष स्वीकार गरेका छन् भने बन्दुक राखेको अभियोगमा उन्मुक्ति पाएका छन्। एक संघीय न्यायाधीशले हस्ताक्षर गर्न बाँकी उक्त सहमतिपत्रअनुरूप हन्टरले कुनै जेल समय सामना गर्ने हुन् वा होइनन्, हालसम्म खुलेको छैन। तर, सभामुख केभिन म्याक्यार्थीलगायत रिपब्लिकन नेता भने सहमतिले हन्टरलाई अनुचित फाइदा पुऱ्याएको आरोप लगाउन थालेका छन्।

यी प्रकरणले राजनीतिक विश्लेषकसामु एक प्रश्न तेर्स्याईदिएको छ- के यी घटनाले आगामी चुनावमा मतदाताको निर्णयमा असर गर्ला? राष्ट्रपति बाइडेनले आगामी राष्ट्रपति निर्वाचनमा उठ्ने इच्छा व्यक्त गरिसकेका छन्। त्यसमा उनको कडा प्रतिस्पर्धा आफैं कानुनी र व्यक्तिगत समस्यासँग जुधिरहेका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पसँग हुने सम्भावना बढी छ। ट्रम्पले अहिले अति संवेदनशील सरकारी कागजात घर लगेको र त्यहाँ पनि लापरबाहीपूर्ण रूपमा ती कागजात राखेको आरोपमा संघीय मुद्दा खेपिरहेका छन्। त्यसबाहेक ट्रम्पमाथि अलग रूपमा न्युयोर्कमा राज्यस्तरीय मुद्दा पनि छ। रिपब्लिकन पार्टीका उन्मेदवारमध्ये अग्रपंक्तिमा रहेका ट्रम्पमाथि समेत नातावादको आरोप छ। आलोचकहरू ट्रम्पले उनका कार्यकालमा ज्वाइँ जेर्ड कुश्नरलाई राष्ट्रपति कार्यालयको सल्लाहकार नियुक्त गरेको र कुश्नरको प्रशासनको हिस्सा भएर पनि विदेशी सरकारसँग व्यक्तिगत व्यापारिक सम्झौता गरेको कुरा उठाउने गर्छन्।

ट्रम्पको विदेशी व्यापार लेनदेनको विषय पनि विवादित छ। सन् २०२१ मा एक संसदीय समितिले ती वित्तीय कागजात सार्वजनिक गरेको थियो, जसमा ह्वाइट हाउसबाट केही पर रहेको ट्रम्पको एउटा होटेलले उनको कार्यकालमा विदेशी सरकारबाट ३७ लाख डलरभन्दा बढी कमाएको खुलासा गरेको थियो। यसका बाबजुद ट्रम्पले हन्टर बाइडेन जोडिएका प्रकरणलाई जो बाइडेनविरुद्ध राजनीतिक हतियार बनाउने प्रयास गर्दै आएका छन्। राजनीतिशास्त्रकी प्राध्यापक एलिजाबेथ एन्कर हन्टर बाइडेनको घटनालाई तानेर ट्रम्पले धेरै मतदाता प्रभावित पार्न नसक्ने मान्छिन्। राजनीतिक विश्लेषक ह्यामले पनि यसमा सहमति जनाउँदै भने, 'यदि हामी अहिलेकोजस्तो ध्रुवीकृत वातावरणमा नभएको भए यो विषय अहिलेभन्दा निकै महत्त्वपूर्ण हुने थियो।'

अलजजिराका लागि क्रिस सेरिडेनको आलेख

इतिहासमा आज



सन् १८८५ : लुई पास्टरले सफलतापूर्वक रेबिजविरुद्धको खोप परीक्षण गरेका।

सन् १५३५ : इंग्ल्यान्डको चर्चको प्रमुखको रूपमा राजा हेनरी आठौंलाई अस्वीकार गरेपछि बेलायतका राजनेता थोमस मोरको घाँटी रेटी हत्या।

सन् १९६४ : न्यासाल्यान्ड ब्रिटिस शासनबाट अलग भएको।

सन् १९७५ : करिब १३७ वर्ष लामो फ्रान्सेली शासनपछि कोमोरोज टापुहरूले स्वतन्त्रता प्राप्त गरे। टापुहरूको आधिकारिक नाम 'युनियन अफ दि कोमोरोज' हो।

सन् १९८२ : अमेरिकाका तत्कालीन राष्ट्रपति रोनाल्ड रेगन बेरुतस्थित शान्ति सेना एकाइमा अमेरिकी फौज पठाउन सहमत।

विश्व संक्षेप

श्रीलंकामा पचास हजारभन्दा बढी डेंगुबाट संक्रमित

कोलम्बो/ श्रीलंकामा यो वर्ष हालसम्म ५० हजारभन्दा बढीमा डेंगु संक्रमण देखिएको छ। देशको स्वास्थ्य मन्त्रालयले बुधबार बिहानसम्मको तथ्यांक प्रस्तुत गर्दै ५० हजार दुई सय ६४ जना डेंगु संक्रमित बिरामी दर्ता भएको जानकारी दिएको छ। गम्पाहा जिल्लामा सबैभन्दा धेरै बिरामी भेटिएका छन्। यो देशको दोस्रो सबैभन्दा बढी जनसंख्या भएको जिल्ला हो। स्वास्थ्य मन्त्रालयले डेंगु संक्रमणको उच्च जोखिममा रहेका ४३ वटा क्षेत्र पहिचान गरी लामखुट्टे उन्मूलन अभियान पनि सञ्चालन गरिरहेको बताएको छ।

फ्रान्सको राष्ट्रिय दिवसका विशेष अतिथि प्रधानमन्त्री मोदी

पेरिस/ यही असार २९ गते फ्रान्सले राष्ट्रिय दिवसका अवसरमा राजधानी पेरिसमा विशेष समारोह आयोजना गर्दै छ। सो समारोहमा भारतका प्रधानमन्त्री मोदीले विशेष अतिथिका रूपमा भाग लिने पेरिसस्थित भारतीय राजदूतावासले जनाएको छ। 'बास्टिल डे' भनिने फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा पेरिसको 'च्याम्प्स एलिसेस'मा आयोजना हुने सैन्य परेडमा भारतका तीनवटा राफेल लडाकु विमान पनि समावेश हुने भारतीय दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। भारतीय राफेल लडाकु विमान अन्य फ्रान्सेली विमानसँगै परेडमा उड्नेछन्। यसअघि एड्लो-फ्रान्सेली जगुआर लडाकु विमान परेडमा सामेल भएका थिए।

विकासमा बहुराष्ट्रिय समस्या

देश विकास हुन नसक्नुमा आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक तथा राजनीतिकजस्ता बहुराष्ट्रिय समस्या देखिन्छन्, यद्यपि कारक तत्त्व राजनीति नै हो



अर्थ संवाद

● कृष्णमणि पराजुली

विकास बहुआयामिक शब्द भएको हुनाले यसले विभिन्न पक्षसँग सरोकार राखेको हुन्छ। त्यसकारण के भयो भने विकास हुन्छ भन्ने प्रश्न सधैं अनुत्तरित हुन्छ। अर्थशास्त्रीको दृष्टिकोणबाट हेर्दा आर्थिक वृद्धिलाई मापक बनाउन सकिन्छ भने समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा सामाजिक तथा सांस्कृतिक क्षेत्रको विकासलाई लिन सकिन्छ। त्यस्तैगरी राजनीतिज्ञहरूले राजनीति र प्रशासनविद्ले प्रशासन क्षेत्रको विकासलाई लिएको पाइन्छ। यसरी विकास के हो भन्ने सम्बन्धमा विभिन्न क्षेत्रमा भएको विकासलाई नै विकास भनिएको पाइन्छ। सारमा भन्नुपर्दा सर्वसाधारणले बुझेको विकास पनि यही हो। सबै क्षेत्रको विकासबाट नै मुलुकको चौतर्फी विकास भएको हुन्छ।

बुझ्नुपर्ने विषय के छ भने नेपालजस्तो अल्पविकसित देशमा विकास भन्नु नै गाँस, वास र कपासको समस्या समाधान गर्नु हो। यी वस्तु मानिसका लागि आधारभूत आवश्यकताअन्तर्गत पर्छन्। के यी आवश्यकता पूरा भएका छन् त ? निश्चय नै पूरा भएका छैनन्। अहिलेको २१औं युगमा पनि हामी मानवीय जीवनयापन गर्ने वस्तुको खोजीमा नै अल्मलिन पुगेका छौं। यो नै नेपाली जनताको लागि दुर्भाग्य हो।

प्रसिद्ध विकासवादी इब्राइम मस्लोको विचार पनि यही नै देखिन्छ। सर्वप्रथम मानिसले बाँच्न पाउनुपर्छ। यसका लागि गाँस, वास र कपास नै आवश्यक पर्छ। यी आवश्यकता पूरा भएपछि मात्र अन्य आवश्यकता देखिन्छ। पहिले जग निर्माण गरेर मात्रै अरू आवश्यकता पूर्ति गर्नेतर्फ लाग्नुपर्छ। अहिले हामी यिनै चिजमा अल्मलिइरहेका छौं।

विकासका कुरा गर्दा हामीले बुझेका र जानेका यिनै तीन अवयव हुन्। यीभन्दा परको विकास नेपाली जनताले देखेकै छैनन्। यति मात्र पूरा भए पनि धेरै उपलब्धि मान्न सकिन्थ्यो। तर, दुर्भाग्य यही पनि उपलब्ध हुन सकेको छैन। अनि, यसभन्दा अघिको विकास कसरी हेर्ने ?

विकास धेरै पक्षसँग जोडिएको हुन्छ। घरमा चुलो बल्न सक्दैन, किनभने मूल्यवृद्धि उच्च छ। खेतबारीमा मल पुग्दैन, किनभने विदेशबाट मल आयात गर्नुपर्छ। खेतबारीमा सिँचाइ छैन, किनभने आयोजनाहरू समयजन्य र लागतजन्य छन्। टाउकोमा प्रतिव्यक्ति ७४ हजार रुपैयाँ ऋण छ। त्यसैले कृषि ऋण पाइँदैन किनभने २२ खर्ब ऋण तिर्ने बाँकी छ। यो ऋण तिर्न अर्को ऋण लिनुपर्ने अवस्था छ। कृषिमा आधारित जनसंख्या ६७ प्रतिशतभन्दा बढी छ र राष्ट्रिय आयको २४ प्रतिशत यही क्षेत्रले ओगटेको छ। कृषि क्षेत्रको विकास नगरी जनताको जीवनस्तरमा सुधार ल्याउन सकिँदैन। तर, यही क्षेत्र उपेक्षित अवस्थामा छ।

देखिने विकास भनेको सडक सञ्जाल हो। सडक कहाँ र कसरी निर्माण गरिन्छ, त्यो सबैलाई अवगत नै छ। दुई-चारवटा घर भएको ठाउँमा करोडौं रुपैयाँ खर्च गरेर सडक पुऱ्याइन्छ। कसका लागि किन बनाइन्छ, प्रश्न आफैं प्रस्टिन्छ। यहाँ प्रश्न सडकको मात्र होइन, राष्ट्रिय बजेटको पनि छ। अहिले आर्थिक वर्ष ०८०/०८१ को बजेट सदनमा छलफल भइरहेको छ। बजेट विकासको दृष्टिकोणबाट विनियोजन नभएको तथा राष्ट्रिय साधनस्रोतको विवेकपूर्ण किसिमबाट किन बजेट विनियोजन भएन भन्नेबारे संसद्मा बहस जारी छ। राष्ट्रको बजेट पनि जसको शक्ति उसको भक्तिमा केन्द्रित गर्ने हो भने के नेपालको विकास सन्तुलित हुन सक्ला र ? प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री र बहालवाला अर्थमन्त्रीको जिल्लामा बजेट केन्द्रित भयो भनेर संसद्मा चर्को बहस प्रारम्भ भएको छ। यस्ता कुराले राजनीति स्वार्थकेन्द्रित भएको छ भन्ने कुरा बुझ्नुपर्छ।

जनताले अनभूति गर्ने विकास भनेको शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता क्षेत्र हुन्। निःशुल्क र सर्वसुलभ शिक्षा भनिए पनि यो कागजमा मात्र देखिन्छ। व्यवहारमा देखिँदैन। शिक्षा महँगो भएको हुनाले विद्यालय छोडाउन अभिभावक बाध्य छन्। स्वास्थ्यको अवस्था झनै नाजुक छ। अस्पतालको बिल भुक्तानी गर्न नसकेर आत्महत्या भएका घटना बारम्बार सामाजिक सञ्जालमा आई नै रहेका छन्। स्वच्छ खानेपानीको पहुँच कति छ ? भनिरहनुपर्दैन। ३० वर्षमा मेलम्ची सम्पन्न भयो। तैपनि काठमाडौं सहर अहिलेसम्म काकाकुल नै छ। समस्या कहाँ छैन ? रोजगारीको समस्या त्यत्तिकै जटिल छ। विकासका लागि आवश्यक पर्ने ऊर्जाशील जनशक्ति विदेश पलायन भएको छ। उनीहरूले पठाएको रकमले देशको अर्थतन्त्र धानिएको छ। खर्च भएको राष्ट्रिय बजेटकै हाराहारीमा विप्रेषण प्राप्त हुने गरेको छ। तत्कालका लागि विप्रेषणले देशको अर्थतन्त्र धानिए पनि दिगो र भरपर्दो भने हुन सक्दैन। रोजगारदाता मुलुकले श्रमिक आपूर्ति बन्द गरिदिए भने देशको अर्थतन्त्र चौपट हुन सक्छ। त्यसैले अहिले देशको अर्थतन्त्र अस्थिर अवस्थामा छ। यसैगरी, सामाजिक तथा संस्कृतिको अवस्था पनि दयनीय हुँदै गएको छ। राजनीतिक सुझबुझको अभावमा प्रदेशको नामकरणलाई लिएर झगडा भइरहेको छ। यस्ता विषयमा किन विवाद सिर्जना हुन्छन्, राज्यले सल्टाउन सकिरहेको छैन। हामीलाई चाहिएको विकास हो। यस्ता कुरामा अल्झिने होइन। राज्यको पहिचानको रूपमा रहिआएको धर्म, संस्कृति, जातजातिमा वैमनस्य बढ्दै गएको छ। यस्ता कुरा विकास प्रक्रियाका बाधकका रूपमा आएका हुन्छन्।

बहुमुखी रूप हुनाले विकास एउटा विषयमा मात्र सीमित हुँदैन। अतः विकास गर्न त्यति सजिलो पनि हुँदैन। मानिसका लागि जति नै आवश्यकता हुन्छन्, ती सबैको विकास गर्नुपर्छ। अहिले देशको अर्थतन्त्र खुम्चिएको छ। आयातमा उच्च वृद्धि हुँदै गएको छ। आयात वृद्धि हुँदा स्वदेशी उत्पादन धराशयी भएका छन्। आयातीत वस्तु सस्तो हुने भएकाले स्वदेशी उत्पादन विस्थापित हुँदै गएको अवस्था छ। आयातीत वस्तुलाई स्वदेशी उत्पादनले विस्थापित गर्नुपर्नेमा विदेशी वस्तुले स्वदेशी वस्तुलाई विस्थापित गर्दै गएको छ। यसरी हाम्रो अर्थतन्त्र उल्टो दिशातिर गएको छ।

विकासका लागि अर्थतन्त्र बलियो हुनुपर्छ। आर्थिक वृद्धि बढेको र मूल्यवृद्धि घटेको हुनुपर्छ। खाद्यान्न, लत्ता-कपडा, औषधोपचार सहज र सुलभ हुनुपर्छ। बैंक तथा वित्तीय संस्था जनतामुखी हुनुपर्छ। अनि मात्र जनताले विकासको अनभूति गर्न सक्छन्। अहिले विकासलाई हरेक कुरामा जोड्ने काम मात्र भएको देखिन्छ। तर, जनताले विकासको प्रतिफल प्राप्त गर्न नसकेको अवस्था छ।


विकासका लागि २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना प्रारम्भ गरियो। यही अवधिदेखि योजनाबद्ध प्रक्रियाको सुरुवात भएको हो। अहिले हामी पन्ध्रौं पञ्चवर्षीय योजनामा आइपुगेका छौं। योजनाबद्ध विकास प्रक्रियाको यात्रा ६७ वर्ष पार गरिसक्दा पनि हाम्रा विकासका आवश्यकता र लक्ष्य उही र उस्तै देखिन्छन्। प्रत्येक पञ्चवर्षीय योजनामा पुरानै प्राथमिकता, उद्देश्य तथा लक्ष्य पुनरावृत्ति भएका हुन्छन्। यस्तो चिप्ले किराको हिँडाइले विकासको लक्ष्य कहिले प्राप्त गर्न सकिएला ?

देशको मूल नीति भनेको राजनीति हो। यही नीतिबाट अन्य नीति निर्देशित भएका हुन्छन्। अर्थ, व्यापार , परराष्ट्र, विकासजस्ता नीतिको उद्गमस्थल भनेको राजनीति नै हो। तर, राजनीति भने खस्कँदै गएको देखिन्छ। राजनीतिमा राष्ट्रप्रेम देखिँदैन। देशको सिमाना हराउँदै गएको छ। कालापानी, लिपुलेक र लिम्पियाधुराबाट भारतीय अतिक्रमण हटाउन सकिएको छैन। देशमा भ्रष्टाचारले जरो गाडेको छ। भ्रष्टाचारका ठुल्ठूला मुद्दा राजनीतिसँग जोडिएका छन्।

देशको विकासमा अहम् भूमिका निर्वाह गर्ने जिम्मेवारी बोकेका उच्चपदस्थ राजनीतिकर्मी तथा प्रशासक नै भ्रष्टाचारमा मुछिएको समाचार अन्तर्राष्ट्रिय जगत्मा प्रवाह भएपछि नेपालको राजनीति छवि के भएको होला सहजै अनुमान लगाउन सकिन्छ। संक्षेपमा भन्नुपर्दा नेपालको विकास हुन नसक्नुमा बहुराष्ट्रिय समस्या देखिन्छन्। आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, राजनीतिक आदि लाई लिन सकिने भए पनि मुख्य कारक तत्व भनेको राजनीति नै हो। जहिलेसम्म राजनीतिमा शुद्धीकरण हुन सक्दैन, तबसम्म हुने भनेको यस्तै हो। अहिले शासन सञ्चालन गर्नेबारे विभिन्न दल मिलेर बनेको गठबन्धन सरकार बनेको छ। भिन्नभिन्न सिद्धान्त, विचार , नीति बोकेका दलहरू राज्य सञ्चालनमा रहेका हुँदा विकासले गति लिनुभन्दा विकृतिका चाङ थपिँदै गएका छन्।

राजनीति उल्टो बाटोतिर लागेकाले अहिले विकास अघि बढ्न नसकेको हो। अतः विकासका लागि हाम्रो राजनीतिले प्रभावकारी भूमिका निर्वाह गर्नैपर्छ। अन्यथा नेपाल र नेपालीले अझै धेरै वर्ष विकासका लागि नयाँ पुस्ताको अनुहार कुर्नुपर्ने हुन्छ।

(पराजुली पूर्वउपसचिव हुन्।)



> विकास हुन अर्थतन्त्र बलियो हुनुपर्छ। आर्थिक वृद्धि बढेको र मूल्यवृद्धि घटेको हुनुपर्छ। खाद्यान्न, लत्ताकपडा, औषधोपचार सहज र सुलभ हुनुपर्छ। बैंक तथा वित्तीय संस्था जनतामुखी हुनुपर्छ। अनि मात्र जनताले विकासको अनभूति गर्न सक्छन्।

अर्थ ज्ञान

चालू आर्थिक वर्षको ११ महिनामा घरजग्गा किनबेच र संकलित राजस्व

महिना	घरजग्गा किनबेच संख्या	राजस्व संकलन (रु.)
साउन	३३ हजार ८३४	२ अर्ब ७४ करोड
भदौ	३४ हजार ७२०	३ अर्ब ५६ करोड
असोज	२५ हजार ७८९	२ अर्ब ५७ करोड
कात्तिक	२७ हजार ९३९	३ अर्ब ७६ लाख
मंसिर	२९ हजार १८४	२ अर्ब ६५ करोड
पुस	३८ हजार ८७१	३ अर्ब ७२ करोड
माघ	४१ हजार ०८६	३ अर्ब ७५ करोड
फागुन	४० हजार ७३४	३ अर्ब ५७ करोड
चैत	४९ हजार १५०	४ अर्ब ५१ करोड
वैशाख	४२ हजार ४६१	३ अर्ब ४८ लाख
जेठ	५५ हजार ६९	३१ अर्ब ७५ करोड
कुल	चार लाख १८ हजार ८३७	३८ अर्ब ८३ करोड २४ लाख


स्रोत : भूमि व्यवस्थापन तथा अभिलेख विभाग

बिजनेस @ 4



डा. सूर्यराज आचार्य, पूर्वाधारविद्

ठूला दलहरूले कर्मचारी प्रशासन, शिक्षा, समाजसेवा, सहकारीलगायत समाजका हरेक अवयवमा घिनलाग्दो राजनीतीकरण गरे। यसले निम्त्याएको विकृतिले समाज थला परेको छ। अब आमजनता ठूलो पीडामा छन् र दलप्रति आक्रोशित छन्। सर्पको मुखको भ्यागुताले जिम्रो निकालेर किरा टिपेझैं दलहरू भने अझै भागबन्डामा।



रेनुका जिसी, शिक्षक

बढुवा हुँदा तलब घट्ने म ! खाइपाइ आएको तलब दुई ग्रेड कम हुँदा मासिक तीन हजार घाटा लागेको छ र लागिरहनेछ। तैपनि निमावि द्वितीयबाट मावि तृतीय श्रेणीको शिक्षक भइयो भनेर चित्त बुझाइएको छ। कठै ! हाम्रो देशको शिक्षानीति।



निर्मल प्रसाईं, सोसल इन्फ्लुएन्सर

देशको पैसा राष्ट्रपतिको उपचारमा, उपराष्ट्रपतिको सल्लाहकारमा, प्रधानमन्त्रीको कोर टिममा, मन्त्रीको गाडीमा, सांसदको तलबभत्तामा। बदलामा देशलाई घुसखोरी, महँगी र बेरोजगारी। नेताप्रधान देश, मुलुकभन्दा नेता विशेष।

अर्थ विश्व

ट्विटरलाई टक्कर दिने मेटाको एप 'थ्रेड्स'

मार्क जुकरबर्ग स्वामित्वको मेटाले इन्स्टाग्रामको एक नयाँ एपमाथि काम गरिरहेको छ। यसले एलन मस्कको सामाजिक सञ्जाल ट्विटरलाई टक्कर दिने बताइएको छ। 'थ्रेड्स' नामक एप सार्वजनिक भएको छ। यो एउटा टेक्स्ट बेस्ड कन्भर्सेसन एप हो। ट्विटरमा मिल्ने अक्षर सीमा थ्रेड्समा पनि हुनेछ। प्रयोगकर्ताले इन्स्टाग्राम प्रयोग गरी थ्रेड्समा लगइन गर्न सक्नेछन्। इन्स्टामा फलो गर्नेलाई प्रयोगकर्ताले थ्रेडमा पनि फलो गर्न सक्छन्। थ्रेड्स एपबारे थप जानकारी आएको छैन। जनवरीदेखि प्रोजेक्ट-९२ अन्तर्गत मेटाले यो एप डेभलप गरिरहेको बताएको छ।

■ **'करेन्ट' र 'ट्रेन्डिङ' दुवै विषयमा चर्चा गर्न सकिने** : एपमा करेन्ट र ट्रेन्डिङ दुवै विषयमा चर्चा गर्न सकिने बताइएको छ। यसमार्फत आफ्ना लोकप्रिय क्रिएटर्ससँग जोडिन सकिन्छ भने आइडिया र विचार साझा गरी आफ्नै लोयल फलोइङ पनि बनाउन सकिन्छ। यो एपले आर्थिक जानकारी र सम्पर्क सूत्रजस्ता डेटा संग्रह गर्नेछ।



■ **'थ्रेड्स'का कारण मस्क–जुकरबर्गबीच 'केज फाइट'** : केही दिनअघि मेटाले ट्विटरजस्तै प्लेटफर्म लन्च गर्ने भनेको थियो। त्यसमाथि बेलायतको डेली मेलले 'ट्विटर सिध्याउने जुकरबर्गको मास्टर प्लान' रिपोर्ट प्रकाशित गऱ्यो। यो रिपोर्ट सामाजिक सञ्जालमा भाइरल भयो। क्रिया-प्रतिक्रिया आउन थाले। त्यसैमध्येको एक प्रतिक्रियामा मस्कले जुकरबर्गलाई केज फाइटको चुनौती दिए, जसलाई जुकरबर्गले स्वीकारसमेत गरेका थिए।

■ **मस्कको मनोमानीमा ट्विटरमा व्यापक परिवर्तन** : गत वर्ष ट्विटर अधिग्रहण गरेसँगै ट्विटरमा मस्कले मनोमानी ढंगले धेरै चिज परिवर्तन गरेका छन्। यसमध्येको महत्त्वपूर्ण परिवर्तन सशुल्क 'ब्लु टिक' हो। कुनै वेला निःशुल्क ब्लु टिकलाई अहिले सशुल्क गरेका छन्। ब्लु टिक भएका प्रयोगकर्ताको अक्षर सीमा २५ हजार पुऱ्याएका छन्, जुन पहिले दुई सय ८० थियो। हालसालै मस्कले ट्विटर पोस्ट पढ्न पनि सीमा तय गरेका छन्।

राष्ट्रिय युवा परिषद् : आवश्यकता कि चुनौती ?

राष्ट्रिय युवा परिषद्को हालको संरचना हेर्दा राज्यकोषलाई आर्थिक व्ययभार मात्रै परेको देखिन्छ, उपलब्धि भने अपेक्षाअनुरूप छैन



● सरोज बानियाँ

नेपालको जनगणनालाई आधार मान्दा १६ देखि ४० वर्ष उमेरसमूहको युवाको संख्या ४२.५६ प्रतिशत छ, जुन नेपालका लागि ठूलो अवसर पनि हो। विश्वका कैयौं देशमा यो उमेरसमूहका युवाको संख्या कम हुँदा विकासको मेरुदण्ड कम भएको महसुस हुन थालेको छ। मुलुकले आगामी डेढ दशकसम्म चल्ने जनसांख्यिक लाभांशलाई अवसरका रूपमा लिन सकेन भने 'एजिङ' अर्थात् प्रौढहरूको जनसंख्या युवाको भन्दा धेरै हुन्छ। हाल जापानलगायतका देशले एजिङ जनसंख्याको असर भोगेका छन्। प्रत्येक वर्ष आर्थिक अवस्थाको मापन नगरी वृद्धभत्ता वितरण गरिरहेको राज्यका लागि त्यो अवस्था अर्थराजनीतिक दृष्टिकोणले धान्ने नसक्ने हुने आकलन गर्न सकिन्छ। अतः राज्यले वेलैमा योजना निर्माण गरी युवा परिचालन वर्ष घोषणा गर्नुपर्छ।

राष्ट्रिय युवा परिषद्, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय ०७२ मा युवा हकहितको संरक्षण संवर्द्धन गर्ने, युवाको बृहत्तर विकास, युवा परिचालन र सशक्तीकरण गर्ने उद्देश्यका साथ युवाद्वारा नै नेतृत्व गर्ने उद्देश्यले स्थापित सरकारको माथिल्लो युवा निकाय हो। परिषद्मा एक मन्त्रीसहित ३५ सदस्य रहन्छन्। त्यसको अध्यक्ष मन्त्री स्वयं हुने प्रावधान छ। नेपाल सरकारबाट मनोनीत एकजना राज्यमन्त्रीसरहको सेवासुविधासहित उपाध्यक्ष, सात विभिन्न मन्त्रालयका सचिव पदेन सदस्य, एक राष्ट्रिय योजना आयोगको सचिवालय सचिव, २१ जना विभिन्न क्षेत्रबाट युवा मनोनीत र चारजना सामाजिक संघसंस्थाबाट प्रतिनिधित्व गर्ने भनी प्रावधान भए पनि त्यसअनुरूप नियुक्ति हुन सकेको छैन। त्यसैगरी, ७ वटै प्रदेशमा प्रदेश युवा परिषद्, जिल्ला-जिल्लामा जिल्ला युवा परिषद् छ। राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्मा कार्यकारी उपाध्यक्ष रहने व्यवस्था छ। त्यसका उपाध्यक्षले राज्यमन्त्रीसरहको सेवासुविधा राज्यकोषबाट लिने गर्दछन् भने जिल्ला युवा परिषद्को अध्यक्षले पनि मासिक रूपमा २० हजारबराबरको सेवासुविधा लिन्छन्। राष्ट्रिय युवा परिषद्को वर्तमान संरचनालाई हेर्दा निकै ठूलो आर्थिक व्ययभार राज्यकोषलाई परिरहेको छ, तर उपलब्धि भने अपेक्षाकृत छैन। हरेक वर्ष राज्यकोषबाट युवा परिचालन, क्षमता अभिवृद्धि गर्ने भनी करोडौंको बजेट विनियोजन हुन्छ। तर, त्यो बजेट कहाँ र कसरी खर्च भइरहेको छ भन्ने स्वयं युवाले नै थाहा पाउँदैनन्। गत दुई आर्थिक वर्षको तथ्यांकलाई हेर्दा निकै ठूलो धनराशि खर्च गरेको पाइन्छ। तर, खर्चको तुलनामा उपलब्धि देखिएको छैन। यस्तै, पछिल्लो तीन वर्षको बजेटको तथ्यांकलाई हेर्दा परिषद्को कार्यक्रम र पदाधिकारीको पारिश्रमिकमा निकै ठूलो धनराशि खर्च भएको देखिन्छ।

> हरेक वर्ष राज्यकोषबाट युवा परिचालन, क्षमता अभिवृद्धि गर्ने भनी करोडौंको बजेट विनियोजन हुन्छ। तर, त्यो बजेट कहाँ र कसरी खर्च भइरहेको छ भन्ने स्वयं युवाले नै थाहा पाउँदैनन्।

गत दुई वर्ष र यो वर्ष विनियोजित परिषद्का पदाधिकारीको पारिश्रमिक हेर्ने हो भने राज्यकोषलाई ठूलो व्ययभार परिरहेको देखिन्छ। आव ०७८/७९ मा एक करोड ८० लाख मात्र परिषद्का पदाधिकारीको पारिश्रमिकस्वरूप खर्च भएको देखिन्छ। त्यसैगरी, आव ०७९/८० मा झन् बढेर एक करोड ८९ लाख खर्च नै भएको पाइन्छ। अहिले बजेटमा हेर्ने हो भने एक करोड एक लाख मात्र राखिएको छ। तर, यति मात्रैले पुग्दैन भन्ने यसअघिका दुई आवको खर्चले प्रमाणित गर्छ।

सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठीसम्बन्धी खर्च शीर्षकमा आव ०७८/७९ मा ४७ लाख खर्च भएको देखिन्छ। आव ०७९/८० मा बढेर ५२ लाख खर्च भएको अनुमान गरेको छ भने आव ०८०/८१ मा २९ लाख रुपैयाँ विनियोजन गरिएको छ, जुन विगतका वर्षभन्दा निकै कम रकम हो।

राष्ट्रिय युवा परिषद्को आव ०७८/७९ मा कार्यक्रम खर्च शीर्षकमा २ करोड ६७ लाख र ०७९/८० मा दुई करोड ८८ लाख खर्चको आँकडा आएको छ। यो खर्च धेरै हो। आव ०८०/८१ मा दुई करोड २८ लाख विनियोजन गरेको देखिन्छ। परिषद्ले हरेक वर्ष अन्तर्राष्ट्रिय युवा दिवसका दिन प्रदेशस्तरीय रूपमा कार्यक्रम गर्छ। यो कार्यक्रमबाहेक परिषद्को अर्को कुनै कार्यक्रम भएको देखिँदैन। यद्यपि, खर्च भने निकै ठूलो परिमाणमा भएको देखिन्छ।

आव ०७८/७९ मा संस्थालाई अनुदान ससर्त शीर्षकमा १९ लाख बाँडिएको देखिन्छ। यो किन र के कार्यका लागि हो भन्ने कुरा अन्योल नै छ। त्यसवेला परिषद्को कार्यकारी उपाध्यक्षका रूपमा नेकपा एमालेका नेता माधव ढुंगेल थिए। उनले आफ्नो कार्यकालमा जिल्ला युवा परिषद्मा अध्यक्ष नियुक्ति गर्ने र केही प्रदेशमा उपाध्यक्ष नियुक्ति गरेका थिए।

डेढ वर्षदेखि परिषद्को कार्यकारी उपाध्यक्षमा माओवादी नेता सुरेन्द्र बस्नेत छन्। यद्यपि, यो अवधिमा उनले उल्लेख्य काम गर्न सकेका छैनन्। उनले जिल्ला, प्रदेशसमा युवालाई जानकारी गराउँदै युवाको प्रतिनिधित्व गर्दै केही विभिन्न देशमा समेत भ्रमण गरेको देखिन्छ। तर, युवालक्षित अन्तर्राष्ट्रियस्तरको कार्यक्रम भने नेपालमा कार्यान्वयन भएको पाइँदैन।

मेरो विचारमा परिषद्ले कम्तीमा हरेक वर्ष विश्व युवा सम्मेलन नेपालमा आयोजना गर्नुपर्छ, जसले गर्दा नेपालको पर्यटनको प्रचारप्रसारसमेत हुन्छ। हरेक प्रदेशमा एक प्रविधिमैत्री युवा अध्ययन केन्द्र स्थापना गर्ने र कम्तीमा त्यस प्रदेशका युवालाई त्यहाँ निःशुल्क तालिम लिन पाउने व्यवस्था मिलाउनुपर्छ। यस्तै, प्रदेशमा आइडिया प्रतियोगिता गरी त्यहाँबाट छनोट भएका उत्कृष्ट आइडियालाई आर्थिक सहयोग प्रदान गर्ने र त्यस्ता परियोजनालाई वेलावेलामा राज्यबाट अनुगमन र काउन्सिलिङ दिने व्यवस्था मिलाउनुपर्छ। यस्तै, प्रत्येक युवालाई सामाजिक रूपमा कम्तीमा एक महिना स्वयंसेवी कार्य गर्न प्रेरित गर्ने र त्यस्ता कार्यक्रमलाई जिल्ला युवा समितिमार्फत सञ्चालनमा ल्याउने गरी कार्यक्रम सञ्चालनसमेत गर्नुपर्छ।

(बानियाँ युवा अभियन्ता हुन्।)

सेयर बजार

२० असार ०८०

नेप्से २,०४९.४४ ▼ -३९.२६ -१.८८%

कारोबार रकम	जम्मा सेयर
३,०७,३९,९२,१३६.७८	८०,९२,९६९



[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं। email: arthapatrika@gmail.com]

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २१ असार ०८०

मोफसलमा पाँचतारे होटेलको संख्या दर्जन पुग्यो साढे ३२ अर्ब लगानीमा १३ होटेल थपिँदै

२०२५ सम्ममा उपत्यकाबाहिर मात्रै पाँचतारे होटेलको संख्या २५ पुग्ने, सञ्चालनमा रहेका होटेलहरूमा १,२५१ र निर्माणाधीनमा १,५१२ कोठा क्षमता

नवीन अर्याल/नयाँ पत्रिका

साढे दुई अर्ब लगानीमा सिद्धार्थ हस्पिटालिटी ग्रुपले भैरहवामा गत साताबाट पाँचतारे होटेल 'सिद्धार्थ भिलासा' सञ्चालन गरेको छ। एक महिनाअघि मात्रै पूर्वी नेपालको व्यापारिक केन्द्र इटहरीमा पाँचतारे 'सोल्टी वेस्टेन्ड इटहरी' सञ्चालनमा आएको थियो। काठमाडौंबाट नजिकै काभ्रेको धुलिखेलमा ८५ कोठाको पाँचतारे 'दुसित थानी हिमालयन रिसोर्ट' सञ्चालनको तयारीमा छ। साढे दुई अर्ब लगानीको होटेल जुलाईभित्रै सञ्चालनमा आउनेछ। यस्तै, झापामा दुईवटा पाँचतारे सञ्चालनमा आइसकेका छन् भने थप दुईवटा निर्माण भइरहेका छन्। घरजग्गा व्यवसायी इच्छाबहादुर वाग्लेले सिमराको इच्छा होटेललाई स्तरोन्नति गरी मधेस प्रदेशकै पहिलो पाँचतारे होटेल बनाए। तनहुँको बन्दीपुरमा निर्माणाधीन पाँचतारे 'क्विन टावर' ०८० फागुनदेखि सञ्चालनको लक्ष्य छ।

केही वर्षयता मोफसलमा ठूला पाँचतारे होटेलमा लगानी गर्ने होडबाजी चलिरहेको छ। पूर्वको झापादेखि पश्चिमको बाँकेसम्म दर्जन पाँचतारे होटेल सञ्चालनमा छन्। अझै थप १३ वटा पाँचतारे निर्माणाधीन छन्, जसमा करिब साढे ३२ अर्ब लगानी हुँदै छ।

निर्धारित समयभित्र निर्माण सम्पन्न भए सन् २०२५ सम्म मोफसलमा मात्रै पाँचतारेको संख्या २५ पुग्ने देखिन्छ। सञ्चालनमा रहेका पाँचतारेमा एक हजार २५१ कोठा छन्। नयाँ होटेलका एक हजार ५१२ कोठा थपिँदा पाँचतारेमा कोठा संख्या दुई हजार ७६३ पुग्नेछन्। अहिले काठमाडौंभित्र ११ वटा पाँचतारे सञ्चालनमा छन्।

काठमाडौंबाहिर सञ्चालित १२ पाँचतारे होटेलमध्ये नौवटाले पर्यटन विभागबाट पाँचतारा लिइसकेका छन्। भैरहवाको पवन प्यालेस र सिद्धार्थ भिलासा तथा काभ्रेमा यसै महिनादेखि सञ्चालनमा आउने दुसित थानी हिमालय रिसोर्टले पाँचतारा लिन बाँकी छ।

■ फूलबारी रिसोर्ट मोफसलकै पहिलो

काठमाडौंबाहिर पहिलो पाँचतारे पोखरामा 'फूलबारी रिसोर्ट एन्ड स्पा' खुलेको थियो। सन् १९९६ मा खुलेको फूलबारी रिसोर्टलाई देशमै पहिलोपटक 'स्पा कल्चर' भित्र्याएको श्रेय जान्छ। अमात्य परिवारले सञ्चालनमा ल्याएको रिसोर्ट अहिले विविध कारणले बन्द छ। एक समय फूलबारी एसियाकै उत्कृष्ट रिसोर्टमध्येमा दहरिन्थ्यो। दोस्रो पाँचतारेका १७ वर्षअघि 'पोखरा ग्रान्ड' होटेल खुल्यो, जसमा १४० कोठा छन्।

बाराही हस्पिटालिटी ग्रुपले पोखराको पामेमा पाँचतारे 'सेदी लक्जरी रिसोर्ट' निर्माण गरिरहेको छ। रिसोर्ट निर्माण कार्य ४२ प्रतिशत सम्पन्न भएको ग्रुपका अध्यक्ष विप्लव पौडेलले बताए। साढे पाँच अर्ब लगानी रहने रिसोर्टमा १८५ कोठा हुनेछन्। ११ वटा भिल्ला (घर) रहनेछन्। ठूला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-सम्मेलन आयोजना गर्न मिल्ने गरी रिसोर्ट निर्माण भइरहेको उनको भनाइ छ।



हालै भैरहवामा सञ्चालनमा आएको सिद्धार्थ भिलासा

■ मोफसलमा निर्माणाधीन पाँचतारे होटेल

होटेल	ठाउँ	कोठा	लगानी
क्विन टावर	बन्दीपुर	८२	२.५० अर्ब
ज्याडिसन विराटनगर	विराटनगर	१४६	३ अर्ब
मेघा-२	भैरहवा	११७	२.५० अर्ब
रोयल टुलिप	चितवन	६४	८५ करोड
सेदी लक्जरी रिसोर्ट	सेदी पोखरा	१८५	५.५० अर्ब
होली डे इन	भैरहवा	१२५	१ अर्ब
एसियन इन्टरनेसनल रिजेन्सी	भैरहवा	१०३	३ अर्ब
सफ्रोन होटेल	बुटवल	१०८	१.४५ अर्ब
आइएमई ग्रुप	बुटवल	१५०	३.५० अर्ब
एट्रियम क्यासिनो होटेल	बिर्तामोड	११५	४.५० अर्ब
होटेल इस्टर्न	धुलाबारी	८७	१.६९ अर्ब
होटेल रमाडा	इटहरी	८०	१ अर्ब
आइडिया होटेल	कैलाली	१५०	२ अर्ब
कुल	१३ होटेल	१,५१२	३२.४९ अर्ब

■ रूपन्देहीमा तीनवटा सञ्चालन, चारवटा तयारीमा

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सुरु भएसँगै भैरहवाका होटेलमा लगानी ओइरिएको छ। तीनवटा पाँचतारे सञ्चालनमा आइसकेका छन् भने चारवटा निर्माणाधीन छन्। बहुराष्ट्रिय कम्पनी सिल्भर हेरिटेजले कोटिहवामा पाँच अर्ब लगानी गरेर टाइगर प्यालेस रिसोर्ट सञ्चालनमा ल्याएको छ। एक सय दुई कोठा रहेको यो लुम्बिनी क्षेत्रको पहिलो पाँचतारे रिसोर्ट हो।

भैरहवाको अञ्चलापुरमा खुलेको सिद्धार्थ भिलासामा साढे दुई अर्ब लगानी छ, जहाँ ८५ कोठा छन्। चार बिघा क्षेत्रफलमा फैलिएको रिसोर्टमा ठूलो क्यासिनो राख्ने सिद्धार्थ ग्रुपका अध्यक्ष चिन्तामणि न्यौपानेले बताए। उनले भने, 'हामीले लुम्बिनी, अन्तर्राष्ट्रिय विमानस्थल र भारतीय पर्यटकलाई लक्षित गरेर पाँचतारे होटेलमा लगानी गरेका हौं।'

लुम्बिनीनजिकै पवन प्यालेस सञ्चालनमा छ। तीन बिघामा रहेको होटेलमा साढे दुई अर्ब लगानी भएको छ, जसमा १४७ कोठा छन्। अन्तर्राष्ट्रिय एयरपोर्ट बनेपछि पर्यटक ओइरिने आसमा पवन कुमार हलुवाइले पाँचतारे होटेल निर्माण गरेका हुन्, तर पर्यटक नआउँदा होटेल बिक्रीमा राखेका छन्। भैरहवाकै बुद्धचोकमा तीन अर्ब लगानीमा १०३ कोठाको एसियन इन्टरनेसनल रिजेन्सी होटेल सञ्चालनको अन्तिम तयारीमा छ।भैरहवाकै लुम्बिनी रोडमा बहुराष्ट्रिय चेन होटेल 'होली डे इन' निर्माण भइरहेको छ। एक अर्बभन्दा बढी लगानीमा १२५ कोठाहरू रहने होली डे इनका सञ्चालक सुरज उप्रेतीको भनाइ छ। भैरहवाको बेलहियामा साढे दुई अर्ब लगानीमा ११७ कोठाको पाँचतारे 'मेघा-टु' होटेल निर्माण भइरहेको छ। बुटवलको सुक्खानगरमा पनि डेढ अर्ब लगानीमा १०८ कोठाको सफ्रोन होटेल बनिरहेको छ। दुवै होटेलमा सिभिल स्ट्रक्चरको काम अन्तिम चरणमा पुगेको सञ्चालकले बताएका छन्।

आइएमई समूहले पाल्पाको वसन्तपुरमा केबुलकारसहितको पाँचतारे होटेल निर्माण गर्दै छ। बुटवलबाट वसन्तपुर जोड्ने २.६ किलोमिटर लामो केबुलकार सञ्चालनमा आइसकेको छ। वसन्तपुरमा १५० कोठाको पाँचतारे रिसोर्ट, क्यासिनो, रेस्टुरेन्ट, ब्यांक्वेट, स्विमिङ पुल, बाल उद्यानलगायत निर्माण गरिने आइएमई समूहका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए। 'केबुलकारमा डेढ अर्ब लगानी भइसकेको छ,' उनले भने, 'रिसोर्टसहित सबै पूर्वाधार निर्माण सकिँदा लगानी पाँच अर्ब पुग्ने अनुमान छ।'

■ मोफसलमा सञ्चालनमा आइसकेका पाँचतारे

होटेल	ठाउँ	कोठाहरू
द फूलबारी रिसोर्ट	पोखरा	१६५
पोखरा ग्रान्ड होटेल	पोखरा	१४०
टाइगर प्यालेस	रुपन्देही	१०२
सोल्टी वेस्टेन्ड प्रिमियम	नेपालगन्ज	८०
सेन्ट्रल प्लाजा	कोहलपुर	८०
पवन प्यालेस	लुम्बिनी	१४६
होटेल सिद्धार्थ भिलासा	भैरहवा	८५
इच्छा होटेल	सिमरा	१००
होटेल मेची क्राउन	धुलाबारी	१०१
होटल द किंग्सबरी	बिर्तामोड	८२
दुसित थानी हिमालयन रिसोर्ट	धुलिखेल	८५
सोल्टी वेस्टेन्ड इटहरी	इटहरी	८५
कुल	१२ होटेल	१,२५१

■ बाँकेमा दुईवटा पाँचतारे

पश्चिम नेपालको व्यापारिक सहर बाँकेमा दुईवटा पाँचतारे होटेल सञ्चालनमा छन्। नेपालगन्जमा सोल्टी वेस्टेन्ड प्रिमियम र कोहलपुरमा होटेल सेन्ट्रल प्लाजा सञ्चालनमा छन्। मानसरोवर जाने भारतीय पर्यटकलाई लक्षित गरेर पाँचतारे होटेल खुलेका हुन्। दुवै होटेलमा ८०-८० कोठा छन्।

■ झापामा दुई सञ्चालन, दुई थपिँदै

झापाको धुलाबारीमा १०१ कोठाको होटेल मेची क्राउन र बिर्तामोडमा ८२ कोठाको होटेल द किंग्सवरी सञ्चालनमा छन्। ०७७ असोजमा खुलेको होटेल मेची क्राउन पूर्वी नेपालकै पहिलो पाँचतारे होटेल हो। झापामै थप तीनवटा पाँचतारे सञ्चालनमा आउँदै छन्। व्यवसायी दुर्गा प्रसाईंले साढे चार अर्ब लगानीमा 'एट्रियम क्यासिनो होटेल' ल्याउँदै छन्। चार बिघा क्षेत्रफलमा बनेको होटेलमा पाँचवटा भिल्लासहित ११५ कोठा हुनेछन्। झापाको मेचीनगर-१० मा अर्को पाँचतारे होटेल इस्टर्न नेपाल सञ्चालनमा आउँदै छ। १८ रोपनी क्षेत्रफलमा रहने होटेल इस्टर्नमा ८७ कोठा रहने र एक अर्ब ६९ लाख लगानी हुने बताइएको छ।

■ इटहरीमा खुल्यो, विराटनगरमा खुल्दै

इटहरीमा पाँचतारे 'सोल्टी वेस्टेन्ड इटहरी' सञ्चालनमा आएको छ। स्थानीय व्यवसायी भीम पौडेल र बलराम आचार्यको डेढ अर्ब लगानी रहेको होटेलमा सोल्टी समूहले व्यवस्थापन सम्हालेको छ। ८५ कोठाको होटेल पाँचतारास्तरमा वर्गीकरण भइसकेको सोल्टीका उपाध्यक्ष सुदर्शन चापागाईंले बताए।

व्यवसायी देशबन्धु बस्नेतले इटहरीमै 'रमडा' ब्रान्डमा पाँचतारे होटेल सञ्चालनमा ल्याउन लागेका छन्। इटहरीमा निर्माणाधीन ग्रान्ड सेन्ट्रल होटेललाई अमेरिकी विन्डहाम होटेल्स एन्ड रिसोर्टको चेन ब्रान्ड 'रमडा'ले सञ्चालन गर्ने सम्झौता भइसकेको छ। २०२४ बाट सञ्चालनमा आउने आठ तलाको ८० कोठा रहने होटेलमा एक अर्ब लगानी हुनेछ। सेन्चुरी ग्रुपले विराटनगरमा मलसहितको पाँचतारे होटेल निर्माण गरिरहेको छ। अन्तर्राष्ट्रिय चेन ब्रान्ड ज्याडिसनले व्यवस्थापन सम्हाल्ने होटेलमा तीन अर्ब लगानी हुनेछ। कोभिड महामारीका कारण होटेल सञ्चालनमा केही ढिलाइ भएको सेन्चुरी ग्रुपका निर्देशक आदित्य दुगडले बताए।

■ इच्छा मधेसकै पहिलो, काभ्रेमा दुसित थानी

बाराको सिमरास्थित इच्छा होटेलले पर्यटन विभागबाट १३ चैत ०७९ मा पाँचताराको प्रमाणपत्र पाएको छ। दुई बिघामा बनेको होटेलमा स्तरोन्नतिपछि सय कोठा पुगेका छन् भने लगानी पनि डेढ अर्ब पुगेको छ। सञ्चालक वाग्लेले भने, 'होटेल व्यवस्थापनमा बहुराष्ट्रिय ब्रान्ड ल्याउन 'अलफ्ट'सँग कुरा चलिरहेको छ।'

काभ्रेको धुलिखेलमा पनि पाँचतारे रिसोर्ट तयार भएको छ। यही जुलाई महिनामै रिसोर्ट सञ्चालनमा आउने बताइएको छ। धितोपत्र बोर्डको अध्यक्ष रहेका रमेश हमालको नेतृत्वमा साढे दुई अर्बमा 'दुसित थानी हिमालयन रिसोर्ट' सञ्चालनमा आउन लागेको हो। दुसित थानी थाइल्यान्डको चर्चित होटेल चेन हो। उनले भने, 'रिसोर्टमा लक्जरी भिल्लासहित ८५ कोठा छन्, रिसोर्ट ६३ रोपनी क्षेत्रफलमा फैलिएको छ।

■ कहाँ-कहाँ बन्दै छन् पाँचतारे

तनहुँको बन्दीपुरमा पाँचतारे होटेल सञ्चालनको अन्तिम तयारीमा छ। 'क्विन टावर' टावर नाम दिइएको १७ तले होटेलमा ८२ कोठा हुनेछन्। केबुलकारसहितको होटेलमा साढे तीन अर्ब लगानी हुनेछ। होटेलमा मात्रै साढे दुई अर्ब लगानी रहने सञ्चालकमध्येका एक रामचन्द्र शर्माले बताए। २१ जना मान्छे बोक्ने, दुईवटा सिसैसिसाको पारदर्शी र ६ वटा रेस्टुरेन्ट (रेस्ट्रो-कार) गन्डोला रहेको केबुलकार एक-डेढ महिनाभित्रै सञ्चालनमा आउनेछ। होटेल फागुनसम्म सञ्चालमा आउनेछ।

रामेश्वर शाहले चितवनमा रोयल टुलिप रिसोर्ट सञ्चालनमा ल्याउँदै छन्। ८५ करोड लगानी गरेर ३४ रोपनीमा निर्माण भइरहेको रिसोर्टमा ६४ कोठा रहने शाहले बताए। यो रिसोर्ट फ्रान्सेली 'लुभ्र होटेल्स' ग्रुपले सञ्चालन गर्नेछ। यो चितवनकै पहिलो पाँचतारे रिसोर्ट हुनेछ।

एनआरएनहरूको समूह आइडिया ग्रुपले सुदूरपश्चिमको कैलाली अत्तरियामा दुई बिघामा क्यासिनोसहितको पाँचतारे होटेल बनाउँदै छ। दुई अर्ब लगानी हुने १५० कोठाको होटेलमा पोखराको सौभाग्य रियलस्टेट एन्ड कम्पनी पनि लगानीकर्ता छ।

असार तेस्रो सातासम्म २२ प्रतिशत मात्र रोपाइँ, तथ्यांकमा मल छ, किसानलाई छैन

नयाँ पत्रिका

असारको तेस्रो साता सकिनलाग्दा पनि देशभर धान रोपाइँ २२ प्रतिशत मात्र सकिएको छ। कृषि मन्त्रालयअन्तर्गत बाली विकास तथा कृषि जैविक विविधता संरक्षणका अनुसार सबैभन्दा धेरै रोपाइँ सुदूरपश्चिम प्रदेशमा भएको छ। उक्त प्रदेशमा ४८ दशमलव ९ प्रतिशत भएको छ। त्यस्तै, सबैभन्दा कम धान रोपाइँ मधेस प्रदेशमा ९ दशमलव ५ प्रतिशत मात्र भएको हो। अघिल्लो वर्ष यो समयमा करिब ३० प्रतिशतसम्म रोपाइँ सम्पन्न भइसकेको थियो।

समग्रमा हालसम्म तीन लाख २८ हजार हेक्टर जमिनमा रोपाइँ भएको छ। सरकारले यस वर्ष १४ लाख ८५ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा धान रोप्ने लक्ष्य राखेको छ। अघिल्लो वर्ष १४ लाख ४७ हजार हेक्टर धान रोपिएको थियो। समयमै पानी नपर्दा र मनसुन ढिलो सक्रिय हुँदा रोपाइँ कम भएको बाली विकास तथा जैविक विविधता संरक्षणका प्रवक्ता मुकुन्द भुसालले जानकारी दिए। उनले भने, 'पानी ढिलो पर्दा कम रोपाइँ भएको हो, मधेसमा



साउन अन्तिमसम्म रोपाइँ हुन्छ, त्यसैले असारसम्ममा ६५ प्रतिशतसम्म रोपाइँ भइसक्छ।'

तथ्यांकमा मल छ, किसानलाई छैन

कृषि मन्त्रालयले पर्याप्त मल रहेको तथ्यांक सार्वजनिक गरिरहे पनि किसानलाई भने मलको चरम अभाव भइरहेको छ। अहिले पनि विभिन्न स्थानका किसानले मल नपाएर गुनासो गर्दै आइरहेको नेपाल कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेतले जानकारी दिए। दाङ, चितवन, नवलपरासीलगायतका स्थानबाट मल अभाव भएको गुनासो आइरहेको उनले बताए। कृषि मन्त्रालयका अनुसार हालसम्म ७८ हजार चार सय ७५ मेट्रिकटन मल मौज्दात रहेको छ।

■ कुन प्रदेशमा कति रोपाइँ भयो

प्रदेश	रोपाइँ %	रोपाइँ हेक्टर
कोसी	१६.९	५७ हजार
मधेस	९.५	३८ हजार
बागमति	२६.३	३३ हजार
गण्डकी	१७.५	१७ हजार
लुम्बिनी	२४.४	६५ हजार
कर्णाली	४५.३२	२० हजार
सुदूरपश्चिम	४८.९	८६ हजार

जसमा डिएपी १६ हजार नौ सय ९३ मेट्रिकटन रहेको छ भने युरिया ६१ हजार चार सय १२ मेट्रिकटन मौज्दात रहेको छ। अझै बाँकी रहेको २५ हजार मेट्रिकटन मल असारको अन्तिम साताभित्र आइसक्ने मन्त्रालयका सहसचिव राजेन्द्रप्रसाद मिश्रले जानकारी दिए। उनले भने 'केही स्थानमा बाटोको समस्याका कारणले मल समयमा पुग्न नसक्दा अभाव भएको हुन सक्छ, तर हामीले विगतमा जस्तो मल अभाव हुन दिएका छैनौं।'

लक्ष्यको आधा मात्रै आयो वैदेशिक सहायता

एक महिना बाँकी रहँदा लक्ष्यको ५७ प्रतिशत मात्रै आयो वैदेशिक सहायता प्रतिबद्धता, १ खर्ब २९ अर्बको विदेशी ऋण र ४० अर्बको अनुदान

नयाँ पत्रिका

सरकारले चालू आर्थिक वर्षको जेठसम्म एक खर्ब ७० अर्ब ५१ करोड रुपैयाँबराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त गरेको छ। यो सरकारी लक्ष्यभन्दा एक खर्ब २७ अर्ब कम (५७ प्रतिशत) मात्रै हो। सरकारले चालू आर्थिक वर्षमा कुल बजेटमध्ये दुई खर्ब ९७ अर्ब ७२ करोड वैदेशिक सहायताबाट व्यहोर्ने लक्ष्य राखेको थियो।

अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाले सार्वजनिक गरेको जेठसम्मको वैदेशिक सहायतासम्बन्धी प्रतिबद्धता तथा सम्झौताको प्रतिवेदन तथ्यांकले यस्तो देखाएको हो। जसअनुसार अन्तर्राष्ट्रिय दातृ निकायहरूले एक खर्ब २९ अर्ब ८४ करोड ऋण र ४० अर्ब ६७ करोडको अनुदान सहायता दिने प्रतिबद्धता गरेका छन्।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

यो प्रतिबद्धता लक्ष्यभन्दा कम छ नै, तर ऋण प्राप्ति पनि झनै कमजोर देखिएको छ। खर्बभन्दा बढीको प्रतिबद्धता आए पनि प्राप्त हुने ऋण भने निकै कम छ। चालू आर्थिक वर्षमा सरकारले ७९ अर्ब ६७ करोड विदेशी ऋण प्राप्त गरेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जानकारी दिएको छ। यो चालू आर्थिक वर्षको जेठसम्म प्राप्त भएको ऋण हो।

चालू आर्थिक वर्षमा सरकारले दुई खर्ब ४२ अर्ब २६ करोडको विदेशी ऋण र ५५ अर्ब ४६ करोडको अनुदान उठाउने लक्ष्य राखेको थियो। सरकारी लक्ष्यअनुसार वैदेशिक सहायता नआएको र राजस्वसमेत लक्ष्यभन्दा कम आएपछि हाल आन्तरिक ऋणमार्फत खर्च व्यवस्थापन गरिरहेको छ। जेठसम्ममा दुई खर्ब २० अर्ब ३८ करोडबराबरको आन्तरिक ऋण उठाइसकेको कार्यालयले जानकारी दिएको छ। तर, एक खर्ब ६४ अर्ब रुपैयाँ भने आन्तरिक ऋणको साँबाब्याज भुक्तानीमै खर्चिनुपरेको छ।

■ कुन निकायबाट कति सहायता ?

ऋणमा सबैभन्दा ठूलो प्रतिबद्धता विश्व बैंकबाट र अनुदानमा सबैभन्दा बढी प्रतिबद्धता बेलायतबाट प्राप्त भएको छ। विश्व बैंकले ८१ अर्ब ३४ करोड रुपैयाँ ऋण दिने र बेलायतले १९ अर्ब ६६ करोडको अनुदान दिने प्रतिबद्धता गरेको छ।

विश्व बैंकले ग्रीन रिसाइलेन्ट एन्ड इन्क्लुसिभ डेभलपमेन्ट (ग्रीड), एक्सेलेरेडि नेपाल्स रिजनल ट्रान्सपोर्ट एन्ड ट्रेड कनेक्टिभिटी (एक्सेस), डिजिटल नेपाल एक्सेलेरेसन र स्कुल सेक्टर ट्रान्सफरमेसन प्रोग्राममा ऋण दिने प्रतिबद्धता जनाएको हो। साथै स्कुल सेक्टर ट्रान्सफरमेसन प्रोग्राममा दुई अर्ब ६० करोडको अनुदान दिने विश्व बैंकको प्रतिबद्धता छ। एसियाली विकास बैंक (एडिबी)ले चालु आर्थिक वर्षमा ३४ अर्ब ३० करोड बराबरको ऋण र चार अर्ब चार करोडबराबरको अनुदान दिने बताएको छ।

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, स्कुल एजुकेसन सेक्टर प्लान र स्ट्रेन्थेनिङ सिस्टम टू प्रोजेक्ट एन्ड वुमेन प्रोजेक्ट जस्ता कार्यक्रममा एडिबीले सहायता दिने प्रतिबद्धता जनाएको हो। पहाडी क्षेत्रमा काष्ठफल तथा फलफूल विकास आयोजनाका लागि एडिबीले ऋण र अनुदान गरेर १० अर्ब २६ करोड दिने उल्लेख छ। स्कुल एजुकेसन सेक्टर प्लानका लागि एडिबीले २६ अर्ब ५१ करोड ऋण दिने भएको छ। त्यसबाहेक महिला सशक्तिकरणका लागि एक अर्ब ५७ करोड अनुदान दिने उल्लेख छ। जापान सरकारको सहयोग नियोग जाइकाले १४ अर्ब २० करोडको ऋण र दुई अर्ब ३५ करोडको अनुदान दिने उल्लेख छ। जसमा तराई सिंचाई सुधार र सहरी प्रसारण तथा वितरण प्रणाली सुधारका कार्यक्रम छन्।

युरोपियन युनियनले सरसफाइ र महिला सशक्तिकरण जस्ता कार्यक्रमका लागि ३ अर्ब ३७ करोड अनुदान दिने भएको छ। त्यस्तै कोरियाले कोरियाबाट फर्किएकाहरूको क्षमता विकास र प्रहरीको साइबर ब्यूरोको क्षमता अभिवृद्धि गर्न दुई अर्ब दिने उल्लेख छ। बेलायतले सबैभन्दा बढी अनुदान १९ अर्ब ६६ करोड रुपैयाँ दिने प्रतिबद्धता जनाएको छ। त्यस्तै स्विट्जरल्यान्ड, नर्वे, फिनल्यान्ड र एफओलेले पनि अनुदानको प्रतिबद्धता गरेका छन्।

घोराहीको आइपिओमा फर्जी आवेदन दिनेलाई जालसाजी मुद्दामा अनुसन्धान गरिने

भोजराज भण्डारी/नयाँ पत्रिका

घोराही सिमेन्टको प्राथमिक सेयर (आइपिओ)मा फर्जी आवेदन दिने लगानीकर्तालाई जालसाजी मुद्दामा प्रहरीले अनुसन्धान गर्ने भएको छ। बैंक खातामा भएको रकमभन्दा धेरैको आइपिओ आवेदन दिने लगानीकर्तालाई जालसाजी मुद्दामा अनुसन्धान गर्न धितोपत्र बोर्डले प्रहरीलाई जिम्मा लगाउने भएको हो।

बोर्डले पहिलोपटक प्रहरीलाई धितोपत्र कारोबारको फर्जी आवेदनमा प्रहरीलाई अनुसन्धान गर्न सिफारिस गरेको हो। फर्जी आवेदन दिनेमा गोरखाकी सावित्रा पराजुली, रुपन्देहीकी लक्ष्मी घिमिरे, मोरङकी मुना खत्री, चितवनका मनोज पाठक, सुनसरीका मिथिलेश कुमार मेहता, दोलखाका नवीन खत्री, ललितपुरका अनिल राना, पर्वतकी रञ्जना ढकाल पौडेल र काठमाडौंकी सुमित्रा बम रहेका छन्। उनीहरू प्रत्येकले १०-१० लाख कित्ताका लागि आवेदन दिएका थिए।

बोर्डको जाँचबुझ समितिले आस्वा सदस्य एनआइसी एसिया बैंकलाई पनि छानबिनको दायरामा ल्याएको छ। बैंकले खातामा रकम नै नभएका लगानीकर्ताको आइपिओ स्वीकृत गरेको पाइएको छ। त्यस्तै, बिक्री प्रबन्धक हिमालयन क्यापिटलले कम्पनीको सेयरमा आवश्यक कित्तामा आवेदन परेपछि पनि समय थप गरिएकोमा छानबिन गरेर आवश्यक कारबाही गर्ने बोर्डले जनाएको छ।

■ घोराही सिमेन्टको प्राथमिक सेयर पुनः खुला गरिने

जाँचबुझ समितिले कम्पनीको सेयरमा पुनः आवेदन खुला गर्ने निर्णय गरेको छ। फर्जी आवेदन दिने लगानीकर्ताहरूको निष्कासनकर्ता कम्पनी र निष्कासन तथा बिक्री प्रबन्धकको सञ्चालक र कर्मचारीसँग कुनै सम्बन्ध नदेखिएको र वैदेशिक रोजगारमा रहेका नेपाली तथा प्रभावित क्षेत्रका स्थानीयलाई निष्कासन गरेको सेयर बाँडफाँट भई २९ करोड ४६ लाख ७८ हजार दुई सय ५० रकमान्तर भइसकेको अवस्थामा शंकास्पद देखिएको विषयलाई छानबिन गरी निष्कासन अघि बढाउने निर्णय बोर्डले गरेको हो।

यसअघि आवेदन दिएका लगानीकर्ताहरूले कम्पनीको सेयरमा आवेदन झिक्न वा कित्ता संख्या घटबढ गर्न सकिने व्यवस्था पनि बोर्डले गरिदिएको छ। बोर्डले तीन दिनको समयभित्र रकम झिक्न वा कित्ता हेरफेर गर्न सकिने बताएको छ। तीन दिनको समय सकिएपछि बिक्री प्रबन्धकले सात दिन समय दिएर आइपिओ खुला गर्न सक्ने बोर्डले व्यवस्था गरेको हो।

कम्पनीको सेयरमा पाँच लाख ६२ हजारभन्दा धेरैले नौ अर्ब ८३ करोड रुपैयाँबराबर रकमको आवेदन दिएका थिए। कम्पनीको सेयरमा धेरै आवेदन परेको देखाउन सुरुमा केही दिनमा फर्जी आवेदन हालेको पाइएपछि ४ असारमा बोर्डको निर्देशनमा आवेदन रोक्का गरिदिएको थियो।

कम्पनीले प्रिमियमसहित प्रतिसेयर ४३५ रुपैयाँका दरले आइपिओ बिक्री गरिरहेको थियो। सर्वसाधारणका लागि ३२ जेठबाट कम्पनीले ६९ लाख ११ हजार ६७० कित्ता सेयर निष्कासन खुला गरेको थियो।

कामना सेवाले विद्यालयलाई दियो डस्टबिन



कमाठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले रुपन्देहीको सिद्धार्थनगर नगरपालिकामा रहेको वृहस्पति माध्यमिक विद्यालयलाई डस्टबिन वितरण गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय पदसरिमार्फत डस्टबिन हस्तान्तरण गरेको हो।

बैंकका शाखाप्रमुख रोशनी घिमिरेले विद्यालयका प्रधानाध्यापक युवराज उपाध्यायलाई डस्टबिन हस्तान्तरण गरेको जनाइएको छ। कार्यक्रममा विद्यालयका विद्यार्थी, शिक्षकलगायत बैंकका अन्य कर्मचारीको उपस्थिति रहेको जनाइएको छ। बैंकले आगामी दिनमा पनि सरोकारवालाको समन्वय तथा सहकार्यमा यस्ता प्रकृतिका सामाजिक कार्यलाई निरन्तरता दिने जनाएको छ।

एनएमबि क्यापिटलमा इ-म्यान्डेटमार्फत भुक्तानी प्रणाली

काठमाडौं/ एनएमबि क्यापिटलबाट एसआइपी गरेकाले इ-म्यान्डेटमार्फत भुक्तानी सेड्युल मिलाउन सक्ने भएका छन्। एनएमबि क्यापिटल र नेपाल क्लियरिङ हाउस (एनसिएचएल)बीच भएको सम्झौताअनुसार क्यापिटलका एकाइधनीहरूले एसआइपीको मासिक वा त्रैमासिक लगानी रकम इ-म्यान्डेटमार्फत स्वचालित रूपमा भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको हो।

आफूले चाहेअनुसार लगानी रकम र समयावधि थपघट गर्न सकिने हुँदा एसआइपीमार्फत लगानी गर्नेहरूको संख्या उलेख्य वृद्धि हुँदै गएको क्यापिटलले जनाएको छ। क्यापिटलले लगानीको विकास गर्ने गरी ससाना रकमको लगानीबाट लाभ लिन मिल्ने गरी एसआइपी योजना सञ्चालन गरिरहेको जनाइएको छ।

योजनामा आफूले चाहेअनुसार लगानी रकम र समयावधि थपघट गर्न सकिन्छ। इ-म्यान्डेटको प्रयोगले अब ग्राहक पटक-पटक भुक्तानी समय सम्झिने झन्झन्टबाट समेत मुक्त हुने क्यापिटले जनाएको छ।

चौधरी ग्रुपले सञ्चालनमा ल्यायो पोखराको सिजी प्लाजा

कास्कीमा **रोहितराज पराजुली**



चौधरी ग्रुप (सिजी)ले पोखरामा सिजी प्लाजा सञ्चालनमा ल्याएको छ। पोखरा महानगरपालिका वडा नम्बर २ अर्चलबोटमा रहेको प्लाजाको ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले उद्घाटन गरेका हुन्।

प्लाजाको उद्घाटनपछि निर्देशक चौधरीले पोखरामा सञ्चालनमा ल्याएको जस्तै प्लाजाहरू देशका अन्य प्रदेशमा समेत क्रमशः विस्तार गर्दै जाने ग्रुपको योजना रहेको जानकारी दिए। ग्रुपका उत्पादनलाई ग्राहकसमक्ष पुऱ्याउन यस्ता प्लाजाले सहयोग गर्ने भएकाले चाँडै अन्य प्रदेशमा समेत खोल्ने गरी काम भइरहेको उनको भनाइ थियो। ग्राहकलाई अझ राम्रो सहयोग र सुविधा प्रदान गर्ने उद्देश्यसमेत प्लाजाको रहेको उनले बताए।

■ एकै थलोमा सबै सेवा-सुविधा

नेपालमै पहिलोपटक सिजीले यस्तो प्लाजा सञ्चालनमा ल्याएको हो। सञ्चालनमा आएको प्लाजामा सबै सेवा-सुविधा उपलब्ध रहेको छ। सिजी डिजिटल सोरुमका प्रमुख सुमन घिसिडका अनुसार कम्पनीले सञ्चालनमा ल्याएको यस प्रकारको प्लाजा नेपालमै पहिलो रहेका जानकारी दिए।

उनका अनुसार चारतले भवनमा रहेको प्लाजाको भुइँतलामा सिजी मोटर्स सोरुम रहेको छ जहाँ सिजीको इलेक्ट्रोनिक कार 'नेटा भी' बिक्री र प्रदर्शनीका लागि राखिएको छ।

पहिलो तलामा सिजी डिजिटल सोरुम, सिजी नेट र सिजी फ्रेस छन् जहाँ एलजी, सिजी, गोदरेजका टिभी, फ्रिज, वासिङमेसिन, डिसवासर, चुलो, मिक्सर, ग्लाइन्डर, माइक्रोओभन, वाटरप्युरिफाई गर्ने विद्युतीय घरायसी सामान, टिसिएल, बेको, बी प्लस डी, केन्ट, एलिकालगायतका सामान बिक्री तथा प्रदर्शनका लागि राखिएका छन्। दोस्रो तलामा सिजीसँग सम्बद्ध नबिल बैंक, युनाइटेड इन्स्योरेन्स र फिनकोका शाखा सञ्चालनमा रहेका छन् भने तेस्रो तलामा सिजीको प्रदेश कार्यालय रहेको छ।

सिजी प्लाजाका सञ्चालक तथा सिनियर म्यानेजर वसन्त पालका अनुसार एउटै भवनमा सिजीका सबै बिजनेस एकाइ सम्मिलित रहेका छन्। सञ्चालनमा आएको प्लाजाले ग्राहकहरूलाई एकैठाउँबाट सिजी व्यवसायसँग सम्बन्धित सबै जानकारी र सेवा प्राप्त गर्न सहयोग गर्ने उनले बताए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीहरुको विवरण		
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ८३५९/०७७/०७८ अन्तर्गत मिति २०७७/०४/१४ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सुनसरी जिल्ला, धरान उप.म.न.पा. वडा नं. ८, स्थित रजिष्टर्ड कार्यालय रहेको **कुमार एण्ड सन्स अटो मोवाइल** (मिति २०७७/०४/१४ मा दर्ता भएको कुमार एण्ड सन्स हेल्मेट एण्ड एक्सेसरिज हाउस नामक फर्म घरेलु तथा साना उद्योग विभागको मिति २०७७/०५/२६ गतेको निर्णय अनुसार नाम संशोधन भई हाल **कुमार एण्ड सन्स अटो मोवाइल कायम भएको**) **प्रोप्राईटर तथा जमानतकर्ता: कल्पना श्रेष्ठ**	**२) सुमन कुमार श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : कुमार श्रेष्ठ बाजे : गंगा बहादुर श्रेष्ठ	**३) सुशील कुमार श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : कुमार श्रेष्ठ बाजे : गंगा बहादुर श्रेष्ठ
	जमानीकर्ताहरुको विवरण		
	१) कुमार श्रेष्ठ स्थायी ठेगाना : भोजपुर जिल्ला, चाकु गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : गंगा बहादुर श्रेष्ठ बाजे : पहल मान श्रेष्ठ	**२) सुमन कुमार श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १५ बाबु : कुमार श्रेष्ठ बाजे : गंगा बहादुर श्रेष्ठ	**३) सुनिता श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : साजर श्रेष्ठ ससुरा : कुमार श्रेष्ठ पति : सुमन कुमार श्रेष्ठ
	४) उषा श्रेष्ठ स्थायी ठेगाना : झापा जिल्ला, ज्यामिरगढी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : योगेन्द्र श्रेष्ठ ससुरा : कुमार श्रेष्ठ पति : सुसिल कुमार श्रेष्ठ	**५) सुशील कुमार श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : कुमार श्रेष्ठ बाजे : गंगा बहादुर श्रेष्ठ	**६) कल्पना श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : कुमार श्रेष्ठ बाजे : गंगा बहादुर श्रेष्ठ
	धितोको विवरण		
	१) ठेक बहादुर श्रेष्ठकी छोरी, गंगा बहादुर श्रेष्ठकी बुहारी, कुमार श्रेष्ठकी पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बस्ने कल्पना श्रेष्ठको नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स. वडा नं. ५/ख, स्थित कित्ता नं. ७५५ को क्षेत्रफल ०-०-१४.२५-० (विगाह) को घरजग्गा र सुनसरी जिल्ला, बाक्रगारा गा.वि.स. वडा नं. १/क स्थित कित्ता नं. ४९५३, ४५४५, १११०६ को क्षेत्रफल क्रमश: ०-१-०, ०-०-१८-०, ०-०-९$^{५/८}$ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ठेक बहादुर श्रेष्ठकी छोरी, गंगा बहादुर श्रेष्ठकी बुहारी, कुमार श्रेष्ठकी पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बस्ने कल्पना श्रेष्ठको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, दुलारी गा.वि.स. वडा नं. ७क स्थित कित्ता नं. ५८४, ६१४, ६०५ र ६१२ को क्षेत्रफल क्रमश: ०-०-१०-०, ०-०-१०-०, ०-०-१६-३ र ०-०-१०-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) कुमार एण्ड सन्स अटो मोवाइलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीहरुको विवरण		
	४) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता. नं. २२०३८१/०७६/०७७ अन्तर्गत मिति २०७६/०४/१९ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेको **भिन्टेज फेमेली रिसोर्ट प्रा.लि.** **सञ्चालक तथा जमानीकर्ता: सुमन कुमार श्रेष्ठ**	**५) सुनिता श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : साजर श्रेष्ठ ससुरा : कुमार श्रेष्ठ पति : सुमन कुमार श्रेष्ठ	
	जमानीकर्ताहरुको विवरण		
	१) कुमार श्रेष्ठ स्थायी ठेगाना : भोजपुर जिल्ला, चाकु गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : गंगा बहादुर श्रेष्ठ बाजे : पहल मान श्रेष्ठ	**२) सुमन कुमार श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : कुमार श्रेष्ठ बाजे : गंगा बहादुर श्रेष्ठ	**३) सुनिता श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : साजर श्रेष्ठ ससुरा : कुमार श्रेष्ठ पति : सुमन कुमार श्रेष्ठ
	४) उषा श्रेष्ठ स्थायी ठेगाना : झापा जिल्ला, ज्यामिरगढी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : योगेन्द्र श्रेष्ठ ससुरा : कुमार श्रेष्ठ पति : सुसिल कुमार श्रेष्ठ	**५) सुशील कुमार श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : कुमार श्रेष्ठ बाजे : गंगा बहादुर श्रेष्ठ	**६) कल्पना श्रेष्ठ** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बाबु : ठेक बहादुर श्रेष्ठ ससुरा : गंगा बहादुर श्रेष्ठ पति : कुमार श्रेष्ठ
	धितोको विवरण		
	७) साजर श्रेष्ठकी छोरी, कुमार श्रेष्ठकी बुहारी, सुमन कुमार श्रेष्ठकी पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बस्ने सुनिता श्रेष्ठको नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, बाक्रगारा गा.वि.स. वडा नं. ३/ग स्थित कित्ता नं. ३८६ र ३८७ को क्षेत्रफल क्रमश: ०-०-१२-० र ०-३-८-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडल: Maruti Suzuki Vitara Brezza ZXI+ | च्यासिस नं.: MA3NYFJ1SMD768013, ईन्जिन नं.: K15BN4134816, सवारी दर्ता नं.: वागमती प्रदेश (०१ ०२५च ४०५३ (उल्लेखित सवारी साधन ऋणी कम्पनी भिन्टेज फेमेली रिसोर्ट प्रा.लि.को कर्जामा धितो रहेको) । ३) भिन्टेज फेमेली रिसोर्ट प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**	
२)	**जय सिंह ठगुन्ना** स्थायी ठेगाना : दार्चुला जिल्ला सिप्टी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : दार्चुला जिल्ला महाकाली न.पा. वडा नं. ४ बाबु : गुजे ठगुन्ना बाजे : हर सिंह ठगुन्ना	**बसन्ती ऐरी (ठगुन्ना)** स्थायी ठेगाना : दार्चुला जिल्ला सिप्टी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : दार्चुला जिल्ला महाकाली न.पा. वडा नं. ४ बाबु : गजान सिंह ऐरी ससुरा : गुजे ठगुन्ना पति : जय सिंह ठगुन्ना	
	धितोको विवरण		
	हर सिंह ठगुन्नाको नाति, गुजे ठगुन्नाको छोरा, दार्चुला जिल्ला सिप्टी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल दार्चुला जिल्ला महाकाली न.पा. वडा नं. ४ बस्ने जय सिंह ठगुन्नाको नाममा मालपोत कार्यालय दार्चुलाको लगतमा दर्ता कायम रहेको दार्चुला जिल्ला, खलंगा, गा.बि.स. वडा नं. ५ स्थित क्रमश : कित्ता नं. २१२३ र १३५६ को क्षेत्रफल ०-४-०-० र ०-३-२-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।		

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

सरकारी निकायमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य बनाउन माग



नयाँ पत्रिका

सरकारी निकायमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य बनाउन नेपाल उद्योग परिसंघले माग गरेको छ। उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालसँग भेटेर परिसंघका नवनिर्वाचित पदाधिकारीले यस्तो माग गरेका हुन्।

परिसंघका नवनिर्वाचित अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको परिसंघ पदाधिकारीहरूले बुधबार अर्थतन्त्र, औद्योगिक उत्पादन वृद्धिका लागि गरिनुपर्ने सुधारका विषयमा छलफल गरेका हुन्। अध्यक्ष अग्रवालले मन्दीमा रहेको अर्थतन्त्रलाई उकास्न अतिआवश्यक रहेको र त्यसका लागि प्रभावकारी बजेट कार्यान्वयन एवं निजी क्षेत्रको मनोबल बढाउनुपर्ने बताए। उद्योग प्रवर्द्धनका लागि नीतिगत स्थिरतामा उनले जोड दिए।

ठूला उद्योग तथा व्यावसायिक कृषिका लागि जग्गामा हदबन्दी हुन नहुने, चोरीपैठारी नियन्त्रण गर्न कडाइ गर्नुपर्ने, उद्योगी व्यवसायीहरूलाई उधारो उठाउन सहजीकरण गर्न उधारो उठाउने ऐन र अग्रिम जमानत कानुन ल्याउनुपर्ने उनको भनाइ थियो। उनले औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडेलमा सञ्चालन गर्ने बजेटमा भएको घोषणा छिटो कार्यान्वयनमा लैजान पनि आग्रह गरे।

मेक इन नेपाल स्वदेशी अभियानमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सरकारी तथा सार्वजनिक संस्था, सेना, प्रहरीहरूले प्रयोग गर्ने उपभोग्य वस्तुहरूमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य गरिनुपर्नेमा जोड दिए।

छलफलमा मन्त्री रिजालले निजी क्षेत्रले नै उद्योग व्यवसाय गर्नुपर्ने उल्लेख गर्दै सरकारले त्यसका लागि सहजीकरण गर्ने बताए। उनले परिसंघ नयाँ कार्यसमितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना पनि दिए।

उक्त छलफलमा उपाध्यक्षहरू वीरेन्द्रराज पाण्डे, रोहित गुप्ता, अमित मोर, भीम घिमिरे, पदाधिकारीमा स्थायी आमन्त्रित सदस्यहरू छाया शर्मा, गोकुल भण्डारी, महानिर्देशक दीपकराज जोशी सहभागी थिए।

■ निजी क्षेत्रको मनोबल बढाउन मुख्यसचिवलाई आग्रह

यसैबीच परिसंघले मुख्यसचिव वैकुण्ठ अर्याललाई भेटेर मन्दीमा रहेको अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रको मनोबल उकास्न आग्रह गरेको छ। परिसंघका अध्यक्ष अग्रवालले बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै सार्वजनिक निजी साझेदारीमा नयाँ औद्योगिक क्षेत्र अगाडि बढाउनुपर्ने, जलविद्युत् आयोजनाको पिपिए खुला गरिनुपर्ने बताए।

नेपाल एसबिआई बैंकले ऋणपत्र निष्कासन गर्ने

काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले दुई अर्ब रुपैयाँबराबरको ऋणपत्र निष्कासन गर्ने भएको छ। बैंकले धितोपत्र निष्कासन गर्नका लागि नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन)मा अन्तिम स्वीकृतिका लागि आवेदन दिएको हो।

कम्पनीले २० लाख कित्ता ऋणपत्र निष्कासन गर्न बोर्डमा अनुमतिका लागि आवेदन दिएको जनाएको छ। ऋणपत्र निष्कासन गर्न बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल लिमिटेड नियुक्त भएको बैंकले उल्लेख गरेको छ। कम्पनीले आगामी १० वर्षसम्मका लागि वार्षिक ९ प्रतिशत ब्याजदरमा ऋणपत्र निष्कासन गर्न लागेको हो। कम्पनीले कुल कित्तामध्ये आठ लाख कित्ता सर्वसाधारणका लागि र १२ लाख कित्ता ऋणपत्र व्यक्तिगत तवरबाट बिक्री गर्ने उल्लेख गरेको छ।

सहजले माग्यो कृषि विकासका प्रस्ताव

विराटनगर/ स्विस सरकारको सहयोगमा सञ्चालित सहज परियोजनाले कोसी प्रदेशमा कृषि उद्यम गर्न चाहने उद्यमीहरूबाट परियोजना माग गरेको छ। सहज च्यालेन्ज फन्डका रूपमा चार वर्षका लागि सञ्चालन भएको परियोजनाले देशभरिका उद्यमीबाट कोसी प्रदेशमा दूध, अलैंची, मौसमी तरकारी र मकैखेतीमा नवीनतम सोच भएका कृषक र उद्यमीहरूबाट परियोजना माग गरेको हो।

सहजले उत्कृष्ट परियोजना पेस गर्ने कृषक, उद्यमी र अनुसन्धानकर्तालाई प्रतिपरियोजना पाँचदेखि ५० लाखसम्म अनुदान प्रदान गर्ने सहज परियोजनाकी टिम लिडर रिमा श्रेष्ठले जानकारी गराइन्। श्रेष्ठका अनुसार परियोजनाले कोसी प्रदेशमा कृषि विकास प्रवर्द्धनका लागि उत्पादन, ढुवानी र बजार प्रवर्द्धनमा सहयोग गर्नेछ।

परियोजनाका लागि खाद्य प्रविधि तथा परामर्श सेवा प्रदायक, उत्पादन विकास र गुणस्तर सेवामा कार्यरत प्रदायक, अनुसन्धान तथा विकास सेवा प्रदायक, खाद्य परीक्षण र प्रयोगशाला सेवा अनि गुणस्तर प्रमाणीकरण गर्ने सेवाका प्रदायकहरूले आफ्नो नवीनतम सोचसहित परियोजना पेस गर्न सक्ने जनाइएको छ।

युवा उद्यमी मञ्च ललितपुरको अध्यक्षमा श्रेष्ठ



काठमाडौं/ नेपाल युवा उद्यमी मञ्च ललितपुर च्याप्टरको अध्यक्षमा सुविन श्रेष्ठ चुनिएका छन्। काठमाडौंमा सम्पन्न च्याप्टरको दोस्रो वार्षिक साधारणसभाबाट उनी अध्यक्ष चुनिएका हुन्।

साधारणसभामा निवर्तमान अध्यक्ष राजकरण श्रेष्ठले नवनिर्वाचित अध्यक्ष सुविनलाई संस्थाको नेतृत्व हस्तान्तरण गरेका थिए। साधारणसभाले आगामी कार्यकालका लागि श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति पनि चयन गरेको छ।

जसअनुसार च्याप्टरको प्रथम उपाध्यक्षमा नितु श्रेष्ठ र द्वितीय उपाध्यक्षमा एल्भिस रञ्जित चयन भएका छन्। उनीहरूको चयनबाट संस्थाको नेतृत्व समूह अझ बलियो भएको मञ्चले जनाएको छ। नयाँ नेतृत्वले संस्थालाई नयाँ अवधारणामा अघि बढाउने विश्वास व्यक्त गरिएको छ।

साधारणसभाले व्यावसायिक प्रगति, सञ्जालीकरणको अवसर तथा सामुदायिक सहभागिताको प्रतिबद्धता व्यक्त गरेकाले संस्थाको सशक्तीकरणमा ठूलो योगदान पुग्ने जनाएको छ।

कालीकोटका विद्यार्थीलाई महालक्ष्मी बैंकको छात्रवृत्ति

काठमाडौं/ महालक्ष्मी विकास बैंकले कालीकोट जिल्लाका पाँचजना विद्यार्थीलाई प्लस टु वा डिप्लोमा अध्ययनका लागि छात्रवृत्ति हस्तान्तरण गरेको छ। बैंकले कर्णाली प्रदेश पर्यटकीय तथा सांस्कृतिक संरक्षण केन्द्रलाई कालीकोट जिल्लाका पाँचजना विद्यार्थीको अध्ययनमा सहयोग पुऱ्याउन दुई लाख ५० हजार रुपैयाँबराबरको छात्रवृत्ति प्रदान गरेको हो।

बैंकका निक्षेप बजारीकरण तथा संस्थागत सम्पर्क विभागका प्रमुख वसन्त बक्सीले कर्णाली प्रदेश पर्यटकीय तथा सांस्कृतिक संरक्षण केन्द्रका अध्यक्ष टेकराज शाहीलाई छात्रवृत्ति रकमको चेक हस्तान्तरण गरेको जनाइएको छ।

बैंकले कालीकोट जिल्लाका सरकारी विद्यालयबाट एसइई उत्तीर्ण गरी काठमाडौं वा अन्य जिल्लामा गई थप अध्ययन गर्न इच्छुक, तर परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएका कक्षा ११ र सिटिइभिटीअन्तर्गत डिप्लोमा अध्ययन गरिरहेका पाँचजना विद्यार्थीले उक्त छात्रवृत्ति पाउने जनाएको छ।



बैंकले अध्ययनमा उत्कृष्ट, तर पारिवारिक आर्थिक स्थिति कमजोर भएका विद्यार्थीको अध्यापनमा सहयोग पुऱ्याउने उद्देश्यले भक्तपुरको वागेश्वरी माध्यमिक विद्यालयमा अध्ययनरत दत्त कठायत, बुढानीलकण्ठको लोयल्टी एकेडेमीमा अध्ययनरत ईश्वरी शाही, सुर्खेतको भैरव माध्यमिक विद्यालयमा अध्ययनरत भावना शाही, बुढानीलकण्ठको ब्रेन ल्यान्ड एकेडेमीमा अध्ययनरत सृष्टि शाही र चाबहिलको रिलायन्स इन्टरनेसनल एकेडेमीमा अध्ययनरत सृष्टिकुमारी शाहीलाई पनि प्रतिविद्यार्थी ५० हजार रुपैयाँबराबरको छात्रवृत्ति उपलब्ध गराएको जनाएको छ। आगामी दिनमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरूलाई थप प्रभावकारी रूपमा निरन्तरता दिने बैंकले जनाएको छ।

■ विमानस्थलबाट नौ किलो सुन चोरी प्रकरण

सुरक्षागार्डको पनि मिलेमतो

नयाँ पत्रिका

ई-सिगरेट (विद्युतीय चुरोट)भित्र लुकाएर तस्करी हुन लागेको नौ किलो सुन विमानस्थलको भन्सार कार्यालयबाटै चोरी भएको घटनामा सुरक्षागार्डको पनि मिलेमतो देखिएको छ। भन्सार कार्यालयबाट सुन चोरी हुँदा सुरक्षागार्ड अमृत कार्कीलाई करिब एक तोला सुन घुस दिइएको प्रहरी अनुसन्धानमा खुलेको हो।

कार्कीलाई पनि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको छ। यो प्रकरणमा भन्सारका नासु तथा भन्सार एजेन्टलगायत ६ जना पक्राउ परिसकेका छन्। सुरक्षागार्ड कार्कीले उक्त सुन पसले निर्मलकुमार विकलाई दिएका थिए। विकलाई पनि सिआइबीले यसअघि नै पक्राउ गरिसकेको छ। सबैलाई आपराधिक विश्वासघात र संगठित अपराधसम्बन्धी कसुर लगाइएको छ। तर, चोरी भएको थोरै मात्र सुन बरामद भएको छ।

गत ३० वैशाखमा विमानस्थलस्थित भन्सार कार्यालयका नासु रेवन्त खड्कालाई पक्राउ गरी सिआइबीले यस घटनाको अनुसन्धान थालेको थियो। नासु खड्का र भन्सार एजेन्टको योजनामा भन्सार कार्यालयको गोदाममा रहेको सुनसहितको विद्युतीय चुरोट साटेर नौ किलो सुन चोरी भएको थियो। भन्सार एजेन्ट बस्नेत पनि सिआइबी हिरासतमै छन्। यो घटनाको अनुसन्धान अन्तिम चरणमा पुगेको सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले बताइन्।



घडी पसलेले बेचे सुन

तस्करी भएको उक्त सुन न्युरोडमा घडी पसल चलाउने वेदप्रसाद अग्रवालले बिक्री गरेको खुलेको छ। उनले सुन जाँच्ने साहेब राव मर्गामार्फत सुन बिक्री गरेका थिए। अग्रवाल र मर्गलाई पनि सिआइबीले पक्राउ गरिसकेको छ। उनीहरूले बिक्री गरेको सुन भने बरामद हुन सकेको छैन। तस्करीको धेरै सुन भारत गएको अनुमान गरिएको छ।

सुन बिक्रीमा भन्सार एजेन्ट बस्नेतका आफन्त पनि संलग्न छन्। सुनको पैसाबाट उनले आफन्तको नाममा जग्गासमेत खरिद गरेको अनुसन्धानमा खुलेको छ। सो जग्गा रोक्का राख्न प्रहरीले पत्राचार गरेको छ।

कसरी भयो चोरी ?

गत १० पुसमा विमानस्थलस्थित भन्सार कार्यालयले ई-सिगरेट रहेका दुई सुटकेस शंका लागेपछि रोकेको थियो। एक चिनियाँ नागरिकले ठूलो मात्रामा ई-सिगरेट ल्याएकोमा शंका लागेर भन्सारले रोकेको थियो। ती सुटकेस दुबईबाट ल्याइएको थियो।

लिलामीका लागि भनेर ती सुटकेस लामो समय भन्सारको गोदाममा रहे। सुटकेसमा रहेको विद्युतीय चुरोटमा सुन रहेको थाहा पाएपछि भन्सार एजेन्ट बस्नेतले सुटकेसभित्रको चुरोट साट्ने योजना बनाएर नासु खड्कासँग सल्लाह गरे। सोहीअनुसार उनले नै बजारबाट विद्युतीय चुरोट लगेर सुन राखिएको चुरोट निकालेर बिक्री गरिएको थियो। त्यसबापत नासु खड्काले ६५ लाख रुपैयाँ लिएको स्वीकारेका छन्। उनले पैसा लिएको स्वीकार गर्दै २५ लाख प्रेमिकाको खातामा राखेको र बाँकी एक आफन्तलाई ऋण तिर्न दिएको प्रहरीको बयानमा बताएका छन्। सिआइबीको अनुसन्धानमा ई-सिगरेटभित्र करिब नौ किलो सुन रहेको र त्यसलाई ६ करोडमा बिक्री गरिएको खुलेको छ।

चीनबाट कुन समूहले सुन ल्याएको थियो भन्ने नै खुल्न नसक्दा तस्करी गर्ने समूहको विषयमा प्रहरीले विस्तृत पत्ता लगाउन सकेको छैन। ई-सिगरेटभित्र विगतमा पनि त्यसैगरी सुन ल्याएर तस्करी भएको आशंकामा प्रहरीले अनुसन्धान गरिरहेको छ। सुटकेस लिएर चिनियाँ नागरिक त्यसअघि पनि पटकपटक नेपाल आएको अध्यागमनको तथ्यांक छ।

■ बार र न्याय प्रशासन विवाद

सर्वोच्च र उच्चमा न्यायाधीश नियुक्तिको योग्यता संशोधन गर्न माग

शिल्पा कर्ण/नयाँ पत्रिका

न्यायाधीश नियुक्तिका विषयमा कानुन, न्याय तथा अदालतका कर्मचारी एकातिर र कानुन व्यवसायी अर्कोतिर देखिएका छन्। नेपाल बार एसोसिएसनले न्यायाधीश नियुक्तिमा 'सम्मानजनक' प्रतिनिधित्व मागिरहेका बेला जिल्ला न्यायाधीश, पूर्वन्यायाधीशदेखि अदालतका कर्मचारीसमेतले 'क्याडर जज' नियुक्तिका लागि दबाब दिइरहेका छन्।

महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीले समेत संविधान संशोधनको माग गरेका छन्। महान्यायाधिवक्ताको कार्यालयमा सक्रिय नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन र नेपाल निजामती कर्मचारी संगठनले संयुक्त रूपमा मंगलबार विज्ञप्ति जारी गर्दै न्याय सेवामा कार्यरत कर्मचारीलाई विभेदकारी व्यवस्था रहेको भन्दै संविधान संशोधनको माग गरेका हुन्।

'नेपालको संविधानले सर्वोच्च र उच्च अदालतका न्यायाधीशका लागि आवश्यक पर्ने योग्यता तय गर्दा न्याय सेवामा कार्यरत जनशक्तिलाई विभेद हुने गरी व्यवस्था गरेको देखिन्छ। अन्य पक्षको हकमा कुनै विशिष्ट योग्यता आवश्यक पर्ने व्यवस्था नराखी राजपत्रांकित अधिकृतको हकमा मात्र जटिल व्यवस्था किटान गरिनु विभेदपूर्ण र अन्यायपूर्ण रहेको छ,' कर्मचारीहरूले विज्ञप्तिमा भनेका छन्, 'उच्च तथा सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुनका लागि राजपत्रांकित प्रथम श्रेणीको योग्यता निर्धारण गरी निकै लामो सेवा अवधि तोकेर संवैधानिक रूपमा नै योग्य जनशक्तिलाई पाखा लगाउन खोजिएकाले सबैलाई न्याय हुने गरी एकरूपता कायम गर्न तथा न्याय सेवामा कार्यरत जनशक्तिलाई विभेद हुने गरी गरिएका संवैधानिक व्यवस्था अविलम्ब सच्याउन जोडदार माग गर्दछौं।'

हाल सर्वोच्च अदालतमा ६, उच्च अदालतहरूमा साढे तीन दर्जन न्यायाधीश र ६ जना मुख्य न्यायाधीशको पद रिक्त छ। यसैगरी, देशभरका जिल्ला अदालतमा झन्डै तीन दर्जन दरबन्दी रिक्त छन्। 'रिक्त रहेका सर्वोच्च र उच्च अदालतका न्यायाधीश पदमा नियुक्त गर्दा न्याय सेवाअन्तर्गतका न्याय, कानुन र सरकारी वकिल गरी तीनवटै समूह, कानुन व्यवसायी, उच्च तथा जिल्ला न्यायाधीशलगायत सबै पक्षको सम्मानजक प्रतिनिधित्वको माग गर्दछौं,' विज्ञप्तिमा छ।

संविधानले जिल्ला न्यायाधीशको नियुक्ति प्रतिस्पर्धाबाट हुने व्यवस्था गरेको छ भने सर्वोच्च अदालतमा नियुक्तिका लागि संसदीय सुनुवाइको व्यवस्था छ। तर, उच्चमा भने दुवैको अवस्था नरहेको भन्दै कर्मचारीले उच्चको नियुक्ति अपारदर्शी रहेको उल्लेख गरेका छन्। यहाँ नातागोता र राजनीतिक आबद्धताका आधारमा नियुक्ति भइरहेको भन्दै यस्तै अवस्था रहिरहे निकट भविष्यमा सर्वोच्च अदालत 'राजनीतिक दलको भर्तीकेन्द्र र नातागोताको क्लब'मा रूपान्तरण हुन सक्ने खतरा रहेको विज्ञप्तिमा औंल्याइएको छ।

● **यस्तो छ, न्यायाधीश नियुक्तिको व्यवस्था**

संविधानको धारा १४९ मा जिल्ला न्यायाधीशमा रिक्त रहेकोमध्ये २० प्रतिशत पदमा कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतमध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमता मूल्यांकनका आधारमा नियुक्त हुन्छन् भने ४० प्रतिशतका लागि सोही श्रेणीका अधिकृतबीच खुला प्रतियोगितात्मक परीक्षा हुन्छ। बाँकी ४० प्रतिशतमा भने अधिवक्ताका रूपमा निरन्तर आठ वर्ष काम गरेका वा कानुनको अध्यापन, अन्वेषण वा कानुन तथा न्यायको क्षेत्रमा निरन्तर आठ वर्ष काम गरेकाहरूबीच खुला प्रतियोगितात्मक परीक्षा हुन्छ।

उच्चका लागि पाँच वर्ष काम गरेका जिल्ला न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताका रूपमा कम्तीमा १० वर्ष वकालत गरेका वा उति नै अवधि कानुनको अध्यापन, अन्वेषण वा यस क्षेत्रमा निरन्तर काम गरेको हुनुपर्ने व्यवस्था छ। धारा १४० (२) ले योग्यताबारे थप भनेको छ, '... न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको छ।'

सर्वोच्चको न्यायाधीशका लागि योग्यता धारा १२९ (५) मा उल्लेख छ। जसमा भनिएको छ, 'कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १५ वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्का रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ।'

● **उच्च र सर्वोच्चमा नियुक्तिका प्रावधान कठिन : कर्मचारी**

कर्मचारीले विशेष गरी उच्च र सर्वोच्चको नियुक्तिमाथि प्रश्न गरेका छन्। सरकारी कर्मचारीलाई न्यायाधीशका रूपमा नियुक्त हुन यी संवैधानिक प्रावधानले कठिन बनाएको उनीहरूको भनाइ छ। 'जिल्ला न्यायाधीशको नियुक्तिको सन्दर्भमा कानुन व्यवसायी, न्याय सेवाको राजपत्रांकित अधिकृत र कानुनको अध्यापन वा अनुसन्धान गर्ने व्यक्तिलाई समान हैसियतका रूपमा स्वीकार गरिसकेपछि सर्वोच्च र उच्च अदालतको न्यायाधीशमा न्याय सेवाको कर्मचारीको हकमा मात्र अन्यथा व्यवस्था गरिनु आपत्तिजनक रहेको छ,' विज्ञप्तिमा छ।

बालुवाटारको सरकारी...

पृष्ठ १ बाट क्रमशः

१० आना एक पैसा दुई दाम जग्गामा उनले भाटभटेनी सुपरमार्केटको विशेष गोदाम बनाएका छन्। गोदामको पक्की संरचना मात्रै आठ रोपनी एक आना एक पैसा दुई दाममा फैलिएको छ।

जुन उनी अहिले पनि निर्वाध रूपमा प्रयोग गर्दै छन्। सिआइबीका अनुसार गुरुङले हडपेकोमध्ये ९, १०, ७९, ८०, ८१, ८२, १२, ५७, ५६, ५५, ३७९, ३१७, ३१४, २८४, २१५, ६१, २८२, २८५, ५९, २८६, ५८, १४, २१, ३७७, २७६, २१८, १०२, १००, ३७५, ३०७, २७३, १०१ र २७४ नम्बर कित्तामा विशाल गोदाम बनाएका छन्। उनलाई सिआइबीले एक साताअघि पक्राउ गरेर अनुसन्धान गरिरहेको छ।

गुरुङले उक्त जग्गा २५ चैत ०६० मा शैलजा राणा, सुनीति राणासँग र ८ वैशाख ०६१ मा रुक्मशमशेर जबरासँग लिएका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दामा उक्त जग्गा जफत गरिनुपर्ने भनिएको छ। घटनामा संलग्न भएको भन्दै अख्तियारले उनीविरुद्ध भाटभटेनी डेभलपमेन्ट कम्पनीको तर्फबाट ११ करोड २० लाख रुपैयाँ र व्यक्तितर्फबाट २९ करोड २७ लाख ६८ हजार रुपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ।

ललितानिवासकै हडपिएको जग्गामा गैरआवासीय नेपाली संघ (एनआरएनए)ले विशाल भवन निर्माण गरेको छ। उक्त भवन पाँच रोपनी १२ आना जग्गामा बनेको छ। संघको कार्यालय सोही भवनमा छ। संघले ललितानिवासको ७४८, ७५२, ७४४, ७४६, ७५० नम्बर कित्ताको तीन रोपनी जग्गा गैरकानुनी ढंगले हडपेको छ। यो जग्गा एनआरएनएका तत्कालीन कार्यकारी प्रमुख राजेशशमशेर राणाले संघको नाममा खरिद गरेका थिए।

राणाले उक्त जग्गा शोभाकान्त ढकाल र रामकुमार सुवेदीबाट प्रतिआना २६ लाख ५० हजार रुपैयाँका दरले १२ करोड ७२ लाखमा खरिद गरेका थिए। ३१ वैशाख ०७२ मा जग्गा पास गर्दा संघले रजिस्ट्रेसन दस्तुरसमेत छुट पाएको थियो। संघलाई जग्गा बिक्री गर्ने ढकाल र सुवेदी ललितानिवास जग्गा हिनामिनाका मुख्य योजनाकार हुन्। घटनामा संलग्न राणालाई भने प्रहरीले पक्राउ गरेको छैन। उनीविरुद्धको भ्रष्टाचार मुद्दा विशेष अदालतमा विचाराधीन छ।

त्यस्तै, हेमान्द्रीशमशेर जबराले ललितानिवासको कित्ता नं. ९१ को ३ रोपनी ५ आना ३ पैसा जग्गा गैरकानुनी ढंगले आफ्नो नाममा बनाएका थिए। उनले उक्त जग्गामा निजी घर बनाएका छन्। उक्त घर उनले पनि निर्वाध ढंगले प्रयोग गर्दै आएका छन्। उनीविरुद्धको भ्रष्टचार मुद्दा पनि विशेष अदालतमा विचाराधीन छ। उनीविरुद्ध अख्तियारले ४२ लाख रुपैयाँ बिगो दाबी गरेको गर्दै अदालतमा मुद्दा पेस गरेको छ।

नूतन श्रेष्ठको नाममा पनि ललितानिवासको ९६, ४६८, ४८६, ९३, ९४, ८९, ४६६ कित्ता नम्बरको जग्गा छ। जसमध्ये ५ आना ३ पैसा ३ दाम जग्गामा उनले पनि निजी घर बनाएर प्रयोग गर्दै आएको अनुसन्धानमा देखिएको छ। उनले किता नं. ४८६ को जग्गा इन्द्रदेव गुरुङबाट, किता नं. ९६ र ४६८ को जग्गा कुमार रेग्मीबाट, कित्ता नं. ८९ र ९३ को जग्गा मीनबहादुर गुरुङबाट तथा कित्ता नं. ९४ र ४६६ को जग्गा सरस्वती गुरुङबाट खरिद गरेकी थिइन्। उक्त जग्गा जफत गर्न भन्दै अख्तियारले अदालतमा मुद्दा पेस गरेको छ। रेग्मी सर्वोच्च अदालतका बहालवाल न्यायाधीश हुन्। जग्गा प्राप्तिका लागि वकालत गरेबापत उनले उक्त जग्गा पाएका थिए। त्यसवेला उनी वरिष्ठ अधिवक्ता थिए।

ललितानिवासको हडपिएकोमध्ये कित्ता नं. १०० को जग्गा धर्मशोभा शाक्यको नाममा छ। उनले पनि यो जग्गाको ६ आना २ पैसा २ दाम जग्गामा निजी घर बनाएकी छिन्। उनले उक्त जग्गा भाटभटेनी डेभलपमेन्ट कम्पनीसँग १५ लाखमा खरिद गरेकी थिइन्। उनको जग्गा पनि जफत गरिनुपर्ने भन्दै अदालतमा मुद्दा परेको छ।

त्यस्तै, कित्ता नम्बर ४८०, ५०४, ४७८ र ४०१ को जग्गा शर्मिला शाक्यको नाममा छ। उक्त जग्गाको ६ आना २ पैसा २ दाम जग्गामा उनले निजी घर बनाएकी छिन्। उनले कित्ता नं. ४८० चमेली श्रेष्ठसँग, कित्ता नं. ५०४ सरस्वती घलेसँग, कित्ता नं. ४७८ अगम ढुंगानासँग र कित्ता नं. ४०१ रेणुकुमारी मारवाडीसँग ०७१ मा खरिद गरेकी थिइन्।

कित्ता नं. १०१, १११ र ९८ को जग्गा रेणु बज्राचार्यको नाममा दर्ता भएको देखिन्छ। ६ आना २ पैसा ३ दामको उक्त जग्गामा उनले निजी घर बनाएकी छिन्। उनले मालपोतको डोरबाट १० लाख रुपैयाँमा आफ्नो नाममा पास गराएकी थिइन्।

सिआइबीको तथ्यांकअनुसार हडपिएकामध्ये ३२५, ३४४, १०२, १००, ९८ कित्ताको जग्गा सरिता मानन्धरको नाममा दर्ता भएको छ। ६ आना दुई पैसा दुई दाम जग्गामा उनले पनि पक्की घर बनाएकी छिन्। उनले उक्त जग्गा १८ मंसिर ०६३ मा ३२ लाख २५ हजार रुपैयाँमा मीनबहादुर गुरुङ, सरस्वती घले र कल्याण गुरुङबाट खरिद गरेकी थिइन्।

त्यस्तै, कित्ता नं. ११६, २९, ३१, २४ को जग्गा सन्ध्या शाक्यको नाममा दर्ता भएको छ। हडपिएकोमध्ये ६ आना २ पैसा १ दाम जग्गामा उनको पक्की घर छ। उनले उक्त जग्गा प्रतिआना सात लाख रुपैयाँका दरले ६ साउन ०६४ मा मीनबहादुर गुरुङबाट खरिद गरेकी थिइन्।

महेशराज तुलाधरको नाममा ललितानिवासको ५१, १५, १८ नम्बर कित्ताको जग्गा देखिन्छ। जसमध्ये ६ आना २ पैसा जग्गामा उनले पनि पक्की घर बनाएका छन्। उनले उक्त जग्गा २४ साउन ०६४ मा सरोज बज्राचार्यबाट खरिद गरेका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दर्ता गरेको मिसिलअनुसार तुलाधरसहित शाक्य, बज्राचार्य र मानन्धरको जग्गा पनि जफत गरिनुपर्ने भनिएको छ। तर, लामो अवधिसम्म मुद्दा किनारा नलाग्दा हडपिएका सबै जग्गा अभियुक्तले निर्वाध प्रयोग गर्दै आएका छन्।

हडपिएका अन्य व्यक्तिको नाममा रहेको जग्गा पनि विभिन्न व्यक्तिले निजी प्रयोजनमा प्रयोग गर्दै आएको देखिन्छ। जसमध्ये केहीमा नर्सरी लगाइएका छन्, केही निजी कम्पनीले पार्किङका रूपमा प्रयोग गर्दै आएका छन् भने केहीमा भने नेपाल राष्ट्र बैंकले निर्माण सामग्री स्टोर बनाएको छ।

अनुसन्धानमा संलग्न सिआइबीका एसएसपी दिनेश आचार्यले हडपिएका जग्गा निजी प्रयोजनमा प्रयोग भएको जानकारीमा रहेको बताए। उनले भने, 'हडपिएका जग्गा निजी प्रयोजनमा प्रयोग हुँदै आएको नोटिसमा छ। त्यसलाई के गर्ने भन्नेतर्फ हामीले ध्यान दिएका छैनौं।'

अदालतको फैसला नआउँदासम्म जग्गा रोक्का मात्रै गर्न सकिन्छ

● **स्वागत नेपाल, अधिवक्ता**



ललितानिवासको हडपिएको जग्गा हलसम्मको अवधिमा विवादित छ। सोही विवाद मुद्दाका रूपमा अदालतमा विचाराधीन छ। दुवै झगडियाले जग्गामा आ-आफ्नो दाबी गरिरहेका छन्। यसको किनारा लागिसकेको छैन। अदालतको फैसला नआउँदासम्म यस्तो जग्गा रोक्का हुन सक्छ, तर यसले भोगचलनमा बाधा पुऱ्याउँदैन। अदालतले उक्त जग्गा सरकारकै रहेको र त्यसमा बनेको संरचना हटाउने फैसला गऱ्यो भने त्यो जसरी पनि हटाउनुपर्ने हुन्छ। त्यसपछि झगडियाले भोगचलन गर्न पाउँदैन।

लाइसेन्सका लागि अनलाइन भुक्तानी सुरु

नयाँ पत्रिका

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सवारीचालक अनुमतिपत्रका लागि अनलाइन भुक्तानी सेवा शुभारम्भ गरेको छ। बुधबार मन्त्रालयमा आयोजित कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले यातायात व्यवस्था विभागको सिस्टममा लिंक खोलेर सेवाको सुरुवात गरेका हुन्।

पहिलो चरणमा गण्डकी प्रदेशबाट यो सेवा सुरु गरिएको छ। हाल देशभरका यातायात कार्यालयमा सेवाग्राहीको भिड हुने गरेको छ। डिजिटल प्रणालीबाट भुक्तानी गर्ने सेवा सुरु भएपछि यातायात कार्यालयको भिड घट्ने अनुमान गरिएको छ। मन्त्री ज्वालाले अब एक महिनाभित्रै सबै प्रदेशबाट सेवा प्रारम्भ हुने बताए। गण्डकी प्रदेशबाट सेवा सुरु गरेका छौं, एक महिनाभित्र देशभरि नै सुरु हुन्छ। यसले यातायात कार्यालयमा हुने अनावश्यक भिड समाधान गर्नेछ, साथै बिचौलियाको पनि अन्त्य गर्छौं,' उनले भने, 'साथै यातायात कार्यालयमा हुने बिचौलियाको पनि अन्त्य गर्छौं।'



प्रकाश ज्वाला, यातायातमन्त्री

गण्डकी प्रदेशबाट सेवा सुरु गरेका छौं, एक महिनाभित्र देशभरि नै सुरु हुन्छ। यसले यातायात कार्यालयमा हुने अनावश्यक भिड समाधान गर्नेछ, साथै बिचौलियाको पनि अन्त्य गर्छौं।

यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले सबै यातायात कार्यालयमा भिड कम गर्न अनलाइन प्रणाली लागू गरिने बताए। उनका अनुसार हालसम्म देशभर ३३ लाख चार हजारभन्दा बढीले चालक अनुमतिपत्र लिइसकेका छन्। विभागले सवारीचालक अनुमतिपत्र अब दश वर्षमा नवीकरण गर्ने मिल्ने प्रक्रिया अघि बढाइसकेको छ। 'अब चालक अनुमतिपत्रको कार्ड लिन सहज बनाउन प्रिन्टर मेसिन थप गर्दै छौं,' उनले भने, 'प्रदेश सरकारले पनि प्रिन्टर मेसिन खरिदका लागि बजेट विनियोजन गरेको छ।

आक्रामक इतर...

पृष्ठ १ बाट क्रमशः

कार्यशैलीलगायतलाई मुख्य रूपमा उठाउने तयारीमा छ। पूर्वसहमहामन्त्री तथा इतर समूहका नेता अर्जुननरसिंह केसी समग्र विषयमा गम्भीर छलफल हुनुपर्ने बताउँछन्। उनी बैठकलाई औपचारिकतामा सीमित गर्न नहुने र नेतृत्वले आलोचनालाई स्वीकार गर्न तयार हुनुपर्ने बताउँछन्।

'निर्वाचन, गठबन्धन, सरकारको समीक्षा, अन्तर्राष्ट्रिय परिस्थिति, आर्थिक अवस्था र पुराना दलप्रति जनतामा देखिएका नैराश्यतालगायत सबै विषयमा केन्द्रीय समितिमा कुरा राख्न पाउनुपर्छ,' उनले भने, 'बैठक औपचारिकतामा सीमित गरिनुहुँदैन। समस्यालाई निराकरण गर्ने गरी छलफल हुनुपर्छ।' उनका अनुसार इतर समूह कसरी प्रस्तुत हुने भन्नेबारे छलफल हुन बाँकी छ।

महामन्त्रीद्वय शर्मा र थापासमेतले सभापति देउवाको कार्यशैलीमाथि प्रश्न उठाउने तयारी गरिरहेका छन्। महामन्त्रीद्वयले सभापति देउवाको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै आएका छन्। बैठकमा देउवाले आफूहरूलाई निरन्तर बाइपास गरेको विषयलाई महामन्त्रीद्वयले उठाउने तयारी गरेका छन्। महामन्त्रीहरूले सार्वजनिक रूपमै यसको संकेत गर्दै आएका छन्। महामन्त्री थापाले भदौबाट तल्लो तहमा जाने तयारी गरिरहेका छन्। नेताहरू बैठकमा सबै विषयमा गम्भीर छलफल हुने बताउँछन्।

कांग्रेस रूपान्तरण अभियानमा सक्रिय केन्द्रीय सदस्य मधु आचार्य अभियानका क्रममा तल्लो तहबाट आएका विषयलाई बैठकमा कुनै न कुनै रूपमा प्रस्तुत गरिने बताउँछन्।

कांग्रेस विधानमा प्रत्येक दुई महिनामा एकपटक केन्द्रीय समिति बैठक बस्ने व्यवस्था छ। तर, कांग्रेसले ५ भदौ ०७९ मा पूर्वकेन्द्रीय सदस्य तथा नेता प्रदीप गिरिको निधनमा आकस्मिक कार्यसमिति बैठक बोलाएदेखि बैठक बसेको छैन। कांग्रेसले यस अवधिमा पदाधिकारी बैठकमा छलफल र कार्यसम्पादन समिति बैठकबाट आवश्यक निर्णय गर्दै आएको थियो।

कांग्रेस सचिव प्रकाश शर्माका अनुसार महाधिवेशनपछि २१ पटक केन्द्रीय कार्यसम्पादन समिति बैठक बसेर विभिन्न निर्णय भएका छन्। केन्द्रीय समिति बैठकको मिति तय गर्नुअघि सभापति देउवाले उपसभापति धनराज गुरुङ र महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापासँग धुम्बाराहीस्थित निवासमा बोलाएर छलफल गरेका थिए।

सम्पत्ति शुद्धीकरणमा...

पृष्ठ १ बाट क्रमशः

थियो। 'अन साइट भिजिट', विभिन्न चरणको छलफल, अध्ययन र गृहकार्यपछि एपिजीले गत २३ माघमा सरकारलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मूल्यांकनको प्रारम्भिक मस्यौदा दिएको थियो।

मस्यौदामाथि विभिन्न चरणमा सरकारको प्रतिक्रिया, 'फेस टु फेस भिजिट', त्यसलाई समेटेर नयाँ मस्यौदा, स्वतन्त्र र अन्तर्राष्ट्रिय संघसंस्थाद्वारा समीक्षालगायत कार्य भएका थिए। यसैलाई समेटेर नेपालले तयार गरेको प्रतिवेदन एपिजीको साधारणसभामा पेस हुनेछ। त्यसमाथि एपिजीका सदस्यराष्ट्र, अन्तर्राष्ट्रिय संघसंस्थाबीचमा बृहत् प्रश्नोत्तर, छलफल र बहस हुनेछ।

नेपालका लागि कठिन परीक्षा

एपिजी साधारणसभामा सम्पत्ति शुद्धीकरण नियन्त्रण, आतंकवादी गतिविधिमा वित्तीय लगानी रोकथाम, आमविनाशक हतियारको विस्तार रोक्नेसम्बन्धी व्यवस्थाको परिपालना र त्यसको प्रभावकारितामाथि छलफल हुनेछ। मूल्यांकन प्रक्रियामा हालसम्म एपिजीको विज्ञ समूहसँगमात्र जोडिएकामा अब एपिजीका ४१ सदस्य राष्ट्र र अन्तर्राष्ट्रिय संघसंस्था पनि छलफलमा प्रत्यक्ष सहभागी हुनेछन्।

'हालसम्म नेपाल एपिजीसँगमात्र जोडिएको थियो,' टोलीमा सहभागी एक सदस्यले भने, 'अब नेपालको सम्पत्ति शुद्धीकरण नियन्त्रणसम्बन्धी विषयमा अन्य देश र अन्तर्राष्ट्रिय संघसंस्थाले पनि चासो र प्रश्नोत्तर गर्नेछन्।' सर्वपक्षीय छलफल हुने र प्रभावकारितामाथि पनि मूल्यांकन हुने भएकाले बैठक पेचिलो हुने क्यानडा जान लागेका टोलीका एक सदस्यले बताए।

छलफलबाट निस्केको निष्कर्षका आधारमा अन्तिम पारस्परिक मूल्यांकन प्रतिवेदन बन्नेछ। त्यसैका आधारमा एपिजीले नेपाललाई अनुगमन (अब्जर्भेसन)मा राख्नेछ। सम्पत्ति शुद्धीकरण नियन्त्रणमा नेपालको स्थान भने थप अध्ययन गरेर वित्तीय कारबाही कार्यदल (एफएटिएफ) ले निर्धारण गर्नेछ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Institutional Development Support Component (IDSC)
Jawalakhel, Lalitpur

Notice for time extension

(Date of publication: 2080-03-21 (6th July, 2023)

It is informed that the time of following key events has been changed (extended) as follows regarding the bid notice published in this (nayapatrika) national daily dated 2080-03-13 (28th June, 2023).

Pre-Bid Meeting: 2080-04-10 B.S. (26 July, 2023) 13:00 Hours at IDSC, Jawalakhel
Last date and time of Bid Submission: 2080-04-21 B.S. (6th AUG, 2023) 12:00 Noon
Technical Bid Opening date and time: 2080-04-15 B.S. (6th AUG, 2023) 15:00 PM at IDSC, Jawalakhel
All other information remains same as in earlier notice.

Office Chief

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
हेटौंडा, मकवानपुर

कागजात पेश गर्ने बारे अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०३/२१)

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका तपसिलमा उल्लिखित करदाताहरुको आ.व.२०७५/०७६ को कारोबारको पूर्ण कर परीक्षण गरी आयकर ऐन, २०५८ को दफा ९०(ड) र दफा १०१ तथा मू.अ.कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरिएकाले सो कर निर्धारण हुनुनपर्ने कुनै प्रमाण र आधार भएमा यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र जवाफ पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (६) र मु.अ.कर ऐन, २०५२ को दफा २० को उपदफा (५) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानुन बमोजिम आवश्यक कारवाही भई जाने व्यहोरा अनुरोध गर्दै विस्तृत जानकारीको लागि यस कार्यालयमा करदाता स्वयम् वा आधिकारिक प्रतिनिधिमार्फत तोकिएको समयभित्र सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

तपसिलः

क्र.सं.	कारोबारको नाम	स्थायी लेखा नं.	ठेगाना	प्रोपाईटर/संचालक/साझेदार	करको प्रकार
१	ओम साई एण्ड कम्पनी प्रा.लि.	६०६६४१५७५	हेटौंडा १६, पुतलीबजार	होमनाथ गौतम/सरोज गौतम	आयकर र मु.अ.कर
२	एम.वि.निर्माण सेवा प्रा.लि.	६०४३३५२४१	हेटौंडा ०४, हुप्रा चौर	मच्छिन्द्र बर्तौला	

बिहीबार २१ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.ह.नि.इ.न. १७/०६९/७७०

पछि हट्यो सशस्त्र

रमेश सुवेदी / नयाँ पत्रिका


फाइल तस्बिर

■ एन्फाले आफ्नो माग बेवास्ता गरेको भन्दै सशस्त्र प्रहरी बलको एपिएफ क्लबले गत आइतबार आफ्ना ११ महिला खेलाडीलाई राष्ट्रिय टोलीको प्रशिक्षणमा नपठाउने निर्णय गऱ्यो, तर व्यापक विरोधपछि बुधबार आफ्नो पूर्ववत् निर्णय सच्याएर खेलाडीलाई प्रशिक्षणमा पठाएको छ

सशस्त्र प्रहरी बलको एपिएफ फुटबल क्लब आफ्नो निर्णयबाट पछि हटेको छ। एपिएफले गत आइतबार आफ्ना ११ राष्ट्रिय महिला खेलाडीलाई अखिल नेपाल फुटबल संघ (एन्फा) को प्रशिक्षणमा नपठाउने निर्णय गरेको थियो। जसका कारण एपिएफका महिला खेलाडीले तीन दिनदेखि प्रशिक्षण गर्न पाएनन्। एपिएफमा राष्ट्रिय टोलीका कप्तान तथा गोलरक्षक एन्जिला तुम्बाप्पो सुब्बा, स्ट्राइकर सावित्रा भण्डारी, सरु लिम्बू, अनिता केसी, गीता राना, हिराकुमारी भुजेलसहित अधिकांश खेलाडी आबद्ध छन्।

एपिएफका ११ खेलाडी प्रशिक्षणमा सहभागी नहुँदा २८-३१ असारसम्म बंगलादेशमा हुने दुई मैत्रीपूर्ण फुटबल प्रतियोगिता अनिश्चित बनेको थियो। बंगलादेशसँगको मैत्रीपूर्ण खेलबारे एन्फा अन्योलमा रह्यो। एन्फा सिनियर खेलाडी र यू-२० राष्ट्रिय टोलीमध्ये एक ढाका पठाउने अवस्थामा पुगेको थियो। व्यापक विरोधपछि एपिएफले बुधबार आफ्नो पूर्ववत् निर्णय सच्याएर आफ्नो मातहतमा रहेका खेलाडीलाई प्रशिक्षणमा पठाएको छ।

यससँगै एपिएफका ११ राष्ट्रिय महिला खेलाडीले सातदोबाटोस्थित एन्फाको होस्टेलमा बसेर प्रशिक्षण सुरु गरेका छन्। एपिएफका महत्त्वपूर्ण ११ खेलाडीले बंगलादेशसँग खेल्ने पक्का भएको छ। 'एपिएफले आफ्ना खेलाडी प्रशिक्षणमा पठाएको छ। पहिलो दिनको प्रशिक्षण सम्पन्न भयो,' एन्फाका प्रवक्ता सुरेश शाहले नयाँ पत्रिकासँग भने।

मुख्य प्रशिक्षक अनन्तराज थापाले खेलाडी प्रशिक्षणमा फर्किएकोमा खुसी जनाएका छन्। 'खेलाडी राष्ट्रको सेवामा फर्किएका छन्, यो सबैलाई खुसीको समाचार हो,' थापाले भने, 'अब बंगलादेशविरुद्ध राम्रो नतिजा निकाल्न तयारी गर्नुपर्छ।' पहिलो दिनको प्रशिक्षणमा ३० खेलाडी उपस्थित रहेको थापाले बताए। एक हप्ताको प्रशिक्षणपछि २३ खेलाडी नाम सार्वजनिक हुनेछ।

प्रशिक्षक विवाद कायमै

चीनको होन्जाउमा ६ असोजबाट हुने १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)का लागि महिला टोलीको प्रशिक्षण चलिरहेको छ। नेपालले एसियाडकै तयारीका रूपमा बंगलादेशसँग अभ्यास खेल्न लागेको हो। एसियाड खेल्ने र बंगलादेशविरुद्ध खेल्ने नेपाली खेलाडी पनि एकै हुन्। प्रशिक्षकबारेको विवाद समाप्त भएको छैन। अहिले नेपाली टोलीलाई एन्फाबाट प्रशिक्षक अनन्तराज थापाले प्रशिक्षण दिइरहेका छन्। अर्कोतर्फ, बालगोपाल महर्जन र अरुणा गुरुङले पनि प्रशिक्षण गराएका छन्।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले एसियाडमा भाग लिने २९ खेलको तयारीदेखि सम्पूर्ण खर्च बेहोर्नेछ। राखेप सदस्यसचिव टंकलाल घिसिङले २९ संघलाई नै आफ्नो तयारी आफैँ गर्न भनेका छन्। राखेपले आवश्यक खर्च भुक्तानी गर्नेछ। 'खेलाडीको प्रशिक्षण सम्बन्धित संघले गराउने हो, राखेपले संघलाई नै प्रशिक्षणको जिम्मेवारी दिएको छ,' सदस्यसचिव घिसिङले भने, 'खेलाडीको छनोट संघले नै गर्ने हो, यसमा संघसँग बायस हुनुपर्ने छैन।' महिला फुटबलको प्रशिक्षकबाहेक अन्य खेलमा विवाद छैन।

एनफाबाट मुख्य प्रशिक्षकमा थापा र राखेपबाट मुख्य प्रशिक्षक गुरुङ नियुक्त भएका छन्। तर, गुरुङले सदस्यसचिव घिसिङको निर्देशन लत्याउँदै करारमा रहेका प्रशिक्षक महर्जनलाई प्रशिक्षणमा झिकाएकी छिन्। दुई प्रशिक्षकले प्रशिक्षण गराउँदा खेलाडी अन्योलमा छन्। 'महिला फुटबलको प्रशिक्षणमा देखिएको प्रशिक्षक विवाद चाँडै समाप्त हुनुपर्छ, यसको असर खेलाडीमाथि हुनेछ,' एन्फाका एक पदाधिकारीले भने, 'विवाद कायम रहँदा प्रशिक्षण प्रभावकारी हुन सक्दैन।'

एन्फाभित्रै किचलो

राष्ट्रिय महिला टोलीको प्रशिक्षण नै प्रभावित हुनुमा एन्फाभित्रकै आन्तरिक किचलो मुख्य कारण मानिन्छ। अहिले एन्फाभित्र दुई गुट देखिएका छन्। गत वर्षको ६ असारमा पंकजविक्रम नेम्वाङ एन्फा अध्यक्षमा निर्वाचित भएका थिए। उनले एक वर्षभित्र पदाधिकारीलाई सन्तुलनमा राख्न सकेनन्। महिला प्रशिक्षणमा त्यही प्रभाव देखिएको हो। एन्फाका महिला सदस्यद्वय पेमा लामा र सरिला श्रेष्ठबीच राम्रो सम्बन्ध छैन। राखेपको बोर्ड सदस्य पेमा अहिले एन्फा संस्थापकइतर समूहबाट छिन्। लामा एन्फाको महिला फुटबल संघकी अध्यक्ष हुन्। श्रेष्ठ अध्यक्ष नेम्वाङनिकट मानिन्छिन्। अध्यक्ष पंकजले श्रेष्ठलाई एएफसी महिला कमिटीमा नियुक्त गराउन र महिला फुटबल समिति मनोनीत गर्न मुख्य भूमिका निर्वाह गरेका थिए। कर्माछिरिङ शेर्पाको चारवर्षे कार्यकालमा पेमाको महिला फुटबलमा दबदबा थियो। 'अहिलेको प्रशिक्षण विवादमा एन्फाभित्रै आन्तरिक द्वन्द्व मिसिएको छ। श्रेष्ठ र लामाले एकअर्काको अस्तित्व स्विकार्दैनन्,' ती एन्फा पदाधिकारीले भने।

■ 'म्याच फिक्सिङ' विवाद

एपिएफले आफ्नो उजुरीमाथि एन्फाले प्रतिक्रिया नजनाएको भन्दै महिला खेलाडीलाई प्रशिक्षणमा रोक लगाएको थियो। २७ जेठमा सम्पन्न सहिद स्मारक 'ए' डिभिजन लिगबाट एपिएफ ०६२ पछि 'बी' डिभिजनमा घटुवा भएको थियो। रेलिगेसनमा परेपछि एपिएफले लिगका दुई खेलमा 'म्याच फिक्सिङ' भएको र तीनपटकको च्याम्पियन श्री स्टारले गैरकानुनी रूपमा विदेशी खेलाडीलाई मैदानमा उतारेको आरोप लगाउँदै आएको छ। एन्फाले सोमबार 'उजुरीमाथि अनुसन्धान प्रक्रिया अगाडि बढेको' भन्दै खेलाडी फर्काउन एपिएफसँग अनुरोध गरेको थियो।

एपिएफले चर्च ब्वाइज-श्री स्टारबीचको खेलको नतिजा मिलेमतोमा आएको दाबी गरेको छ। यसैगरी, संकटा-फ्रेन्ड्स क्लबबीचको खेलमा पनि मिलेमतो भएको एपिएफको भनाइ छ। २३ जेठमा चर्च ब्वाइजले श्री स्टारसँग गोलरहित बराबरी खेलेको थियो। २४ जेठमा संकटा र फ्रेन्ड्सले १-१ गोलको बराबरी खेले। श्री स्टारले भिसा सकिएका विदेशी खेलाडी अजयी मार्टिन्स र पिटर सेगुन मैदान उतारेको आरोप एपिएफको छ।

नेपाली खेलाडीको वरीयता खस्कियो


फाइल तस्बिर

काठमाडौं / अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बुधबार सार्वजनिक गरेको एकदिवसीय वरीयतामा पाँच नेपाली खेलाडीले पूर्ववत् वरीयता गुमाएका छन्। दुई खेलाडीले वरीयतामा सुधार गरेका छन्। नेपाली टोलीका कप्तान रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, ललित राजवंशी र आसिफ शेखले वरीयता गुमाएका हुन्। नेपाली टोलीका पूर्वकप्तान सन्दीप लामिछाने र बलर करण केसीले वरीयतामा सुधार गरेका छन्।

आइसिसीले जिम्बावेमा चलिरहेको एकदिवसीय विश्वकप ग्लोबल छनोट प्रतियोगितामा गरेको प्रदर्शनका आधारमा वरीयतासँगै रेटिङ प्रदान गरेको हो। पहिलोपटक ग्लोबल छनोटमा पुगेको नेपाल सुपर सिक्ससम्म पुग्न सकेन। आयरल्यान्डसँग दुई विकेटले पराजित हुँदा नेपाल १० टोली सहभागी ग्लोबल छनोटमा आठौँ स्थानमा रह्यो।

एकदिवसीय विश्वकप ग्लोबल छनोटमा ब्याटिङ र बलिङमा खराब प्रदर्शन गरेपछि नेपाली खेलाडीको आइसिसी वरीयता खस्कियो

जिम्बावेमा बलर र ब्याट्सम्यानले स्तरीय प्रदर्शन गर्न नसक्दा नेपालले समूह 'ए'मा चारमध्ये एक खेलमा जित निकाल्यो। समूह चरणमा नेपालले अमेरिकालाई हराएको थियो भने जिम्बावे, नेदरल्यान्ड र वेस्ट इन्डिजसँग पराजित भयो।

सन्दीप र करणको सुधार

ग्लोबल छनोटको पछिल्ला खेलमा सन्दीप लयमा देखिए। उनले बलिङसँगै ब्याटिङमा समेत राम्रो प्रदर्शन गरे। एकदिवसीय क्रिकेटमा छिटो सय विकेट पूरा गरेका उनी जुलाईको बलिङ वरीयतामा २४औँ स्थानमा रहेका छन्। ५६८ रेटिङ पाएका उनले एक स्थान सुधार गरेका हुन्। सन्दीपले ग्लोबल छनोटको ६ खेलमा सात विकेट लिए। उनले चार मेडन ओभर बलिङ गरे।

सोमपाल कामी घाइते भएपछि नेपालको ओपनिङ बलिङमा दबाब सामना गरेका करण बलिङ वरीयताको ८५औँ स्थानमा रहे। ४२१ रेटिङ पाएका उनले दुई स्थान सुधार गरेका हुन्। उनले ग्लोबल छनोटमा ६ खेलमा १२ विकेट लिए। छनोटमा सर्वाधिक विकेट लिने सूचीमा उनी आठौँ स्थानमा छन्।

दीपेन्द्र पाँच र शेख चार स्थान तल

अलराउन्डर भूमिका निर्वाह गर्ने दीपेन्द्रले एकदिवसीय वरीयतामा पाँच स्थान गुमाएका छन्। अघिल्लोपटक ५७औँ स्थानमा रहेका उनी यसपटक ६२औँ स्थानमा झरेका छन्। नेपाली खेलाडीमध्ये धेरै स्थान गुमाउनेमा उनी अगाडि छन्। दीपेन्द्रले ४७० रेटिङ पाएका छन्। ग्लोबल छनोटमा उनले ६ खेलमै बलिङ गरी चार विकेट लिए। दीपेन्द्रपछि धेरै स्थान गुमाउने आसिफ शेख हुन्। यसपटक चार स्थान गुमाउँदा उनी ७७औँ स्थानमा रहे। शेखले ४७५ रेटिङ पाएका छन्। यसैगरी, कप्तान रोहितले ब्याटिङमा एक स्थान गुमाएका छन्। ४८० रेटिङ अंक पाएका उनी यसपटक ७३औँ स्थानमा रहे। बलिङ वरीयतामा सोमपाल कामी ४२७ रेटिङका साथ ७८ स्थानमा छन्।

उनले दुई स्थान गुमाएका छन्। यसैगरी ललित राजवंशी एकदिवसीय बलिङ वरीयतामा ९८औँ स्थानमा रहे। एक स्थान गुमाएका उनले ३८८ अंक प्राप्त गरे। ललितले छनोट खेलमा तीन खेलमा बलिङ गरी चार विकेट लिएका थिए। आसिफले ग्लोबल छनोटको चार खेलमा १०६ रन जोडेका थिए।

खेल संक्षेप

आर्मी च्याम्पियन

काठमाडौं / नेपाल आर्मी प्रकाश दाहाल स्मृति पुरुष तथा महिला खुला बक्सिङ प्रतियोगितामा च्याम्पियन बनेको छ। आर्मी पुरुष र महिलातर्फ च्याम्पियन बनेको हो। नेपाल बक्सिङ संघको आयोजनामा बुधबार भएको प्रतियोगिताको पुरुषमा आर्मी ६ स्वर्ण, ५ रजत र १ कांस्यसाथ टिम च्याम्पियन बन्यो। महिलातर्फ शीर्ष स्थानमा रहेको आर्मीले ३ स्वर्ण, १ रजत र ४ कांस्य हात पाऱ्यो। प्रतियोगिताको पुरुषमा बक्समान्डुका सिंहवीर लिम्बू तथा महिलामा जेन एक्सकी स्वस्तिका तिरुवा उत्कृष्ट खेलाडी घोषित भएका छन्।

इन्टरनेसनल टेक्निकल अफिसियल (आइटिओ)का पुस्कारराज पन्तका अनुसार उत्कृष्ट खेलाडीले जनही ५० हजार रुपैयाँ पाएका छन्। प्रतियोगिताको पुरुषमा १३ तथा महिलामा ९ गरी जम्मा २१ स्पर्धामा प्रतिस्पर्धा भएको थियो।

मनास्लु र बलर्सलाई उपाधि

काठमाडौं / मनास्लु वर्ल्ड कलेज र बलर्स बास्केटबल एकेडेमीले चौथो सूर्योदय एसईई खुला श्री बाई श्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। मनास्लु पुरुष र बलर्स महिलातर्फ च्याम्पियन बनेका हुन्। बुधबार भएको पुरुष फाइनलमा मनास्लुले ग्रान्डीलाई १७-१६ ले पराजित गऱ्यो। मनास्लुले १५ हजार र बलर्सले १० हजार रुपैयाँ पाए। टाइम आउट तेम्रो भयो। महिलाको रोमाञ्चक भिडन्तमा बलर्सले आइएसए नेपाललाई अतिरिक्त समयमा १२-११ ले हरायो। निर्धारित समयको खेल १०-१० को बराबरीमा सकिएको थियो।

पुरुषमा मनास्लुका निरन लामा र महिलामा बलर्सकी पेम्बा डोमा शेर्पाले 'मोस्ट भेलुएबल प्लेयर' भएर शतप्रतिशत छात्रवृत्ति पाए। दुई दिनसम्म चलेको प्रतियोगितामा पुरुषतर्फ २४ र महिलामा १२ टोली सहभागी थिए।

प्याराग्लाइडिङ उडान प्रशिक्षण

कास्की / प्याराग्लाइडिङ उडान सुरक्षित बनाउने उद्देश्यले बुधबार पोखरामा प्रविधि प्रयोग र प्रशिक्षण कार्यक्रम सञ्चालन भएको छ। नेपाल हवाई खेलकुद संस्था र नेपाल नागरिक उड्डयन प्राधिकरणले संयुक्त रूपमा आयोजना गरेको प्रशिक्षणमा दुई सय ५० पाइलटको सहभागिता थियो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै प्याराग्लाइडिङलाई व्यवस्थित र सुरक्षित बनाउन प्रशिक्षण आयोजना गरिएको हो। पोखरास्थित नेपाल नागरिक उड्डयन प्राधिकरणले प्याराग्लाइडिङ उडान एयर स्पेसभित्र मात्र गनुपर्ने परिस्थितिलाई ध्यानमा राखी नियमन तथा अनुगमन गर्न आयोजित कार्यक्रममा ६० भन्दा बढी प्याराग्लाइडिङ कम्पनीले भाग लिएका थिए।

पूर्वमुख्यमन्त्री राजेन्द्रलाई उपाधि

काठमाडौं / कोसी प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई र गण्डकी प्रदेश सांसद लिलबहादुर थापाको जोडीले मदन स्मृति ब्याडमिन्टन प्रतियोगिताको उपाधि जितेको छ। राई र थापाको जोडीले दिलमान पाखिन र यज्ञराज सुनुवारको जोडीलाई फाइनलमा २-० को सेटमा हरायो। पूर्वउपप्रधानमन्त्री एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापा र गणेश थापाको जोडी तथा नवराज सिलवाल र पूर्वमन्त्री भानुभक्त ढकालको जोडी संयुक्त रूपमा तेस्रो स्थानमा रहे। नेपाल खेलकुद महासंघको आयोजना भएको प्रतियोगिताको पुरुष जोडीको फाइनल प्रवेश गर्ने क्रममा राजेन्द्रको जोडीले थापाको जोडीलाई २-० को सेटमा हराएको थियो।

सूर्यपुरले जित्यो चितवन च्याम्पियनसिप



भरतपुर / सूर्यपर फुटबल क्लबले छैटौँ चितवन च्याम्पियनसिपको उपाधि जितेको छ। नेपाल प्रहरी शिक्षालय भरतपुरको मैदानमा बुधबार भएको फाइनलमा गैँडाकोट फुटबल क्लबलाई ७-१ को फराकिलो अन्तरले हराउँदै सूर्यपुर च्याम्पियन बनेको हो। सूर्यपुरका लागि विमल घर्तीमगरले खेलको १४औँ मिनेटमा अग्रता गोल गरेका थिए। खेलको ३०औँ मिनेटमा कप्तान बिक्की राईले सूर्यपुरलाई २-० को अग्रता दिलाए। ३३औँ मिनेटमा सूर्यपुरले आत्मघाती गोल बेहोरेपछि गैँडाकोट २-१ को स्थितिमा पुग्यो।

खेलको ६९औँ मिनेटमा कप्तान बिक्कीले व्यक्तिगत दोस्रो गोल गर्दा सूर्यपुरले ४-१ को अग्रता लियो। खेलको ७१औँ मिनेटमा आशिष चौधरीले सूर्यपुरलाई ५-१ को स्थितिमा राखे। अतिरिक्त समयमा सूर्यपुरले दुई गोल गऱ्यो। खेलमा विजयी टोलीका विमल म्यान अफ दी म्याच भएका थिए।

च्याम्पियनले तीन लाख र उपविजेताले एक लाख ५० हजार रुपैयाँ पाए। प्रतियोगितामा गैँडाकोटका युसुफ थपलियाले उत्कृष्ट खेलाडी हुँदै २० हजार रुपैयाँ प्राप्त गरे। सूर्यपुरका प्रदीप भण्डारी उत्कृष्ट गोलरक्षक, सूर्यपुरकै कुलदीप कार्की उत्कृष्ट डिफेन्डर र गैँडाकोटका जय लामा उत्कृष्ट मिडफिल्डर भए। प्रतियोगितामा पाँच गोल गरेका सूर्यपुरकै बिक्की सर्वाधिक गोलकर्ता बने।

प्रतियोगिताका उत्कृष्ट खेलाडीले जनही १० हजार रुपैयाँ प्राप्त गरे। एभरेस्ट क्लबको आयोजनामा ५ असारदेखि भएको प्रतियोगितामा १२ टिम सहभागी थिए। विजयी खेलाडीलाई उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले पुरस्कृत गरे।

सुपर सिक्समा वेस्ट इन्डिजको पहिलो जित

हरारे / एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको ग्लोबल छनोटअन्तर्गत बुधबार वेस्ट इन्डिजले पहिलो जित हात पारेको छ। दुईपटकको पूर्वविजेतासमेत रहेको वेस्ट इन्डिजले ओमानलाई सात विकेटले हराएको हो। हरारेमा पहिलो ब्याटिङ गरेको ओमानले ५० ओभरमा नौ विकेट गुमाएर दुई सय २१ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा वेस्ट इन्डिजले ३९.४ ओभरमा तीन विकेट गुमाउँदै दुई सय २२ रन जोड्यो। सुपर सिक्समा शीर्ष दुईभित्र नपरेपछि वेस्ट इन्डिज पहिलोपटक विश्वकप खेल्नबाट वञ्चित भइसकेको छ।

एकदिवसीय विश्वकपको पहिलो दुई संस्करण वेस्ट इन्डिजले जितेको थियो। वेस्ट इन्डिजको जितमा ओपनर ब्रान्डोन किङले शतकीय इनिङ्स खेलेका थिए। उनले एक सय चार बलमा सय रनको योगदान दिए। लक्ष्य पछ्याएको इनिङ्समा वेस्ट इन्डिजका लागि निकोलास पुरन र साई होपले चौथो विकेटका लागि ३० बलमा ३९ रनको साझेदारी गरेका थिए।



साइले ६५ बलमा चार चौका र दुई छक्काको सहयोगमा ६३ रन बनाए। पुरनले १४ बलमा दुई चौका र एक छक्का प्रहार गरी १९ रन बनाए। खेलका म्यान अफ दी म्याच भएका किङले एक सय ३७ मिनेट क्रिजमा रही १५ चौका प्रहार गरेका थिए। उनी इनिङ्सको ३४.४ ओभरमा आउट भए। उनलाई विलाल खानले विकेट पछाडि सुरज कुमारबाट क्याच आउट गराए। क्यार्थीले २९ रन बनाए।

ओमानको इनिङ्समा दुई अर्धशतक

पहिलो ब्याटिङ गरेको ओमानका लागि दुई ब्याट्सम्यानले अर्धशतक बनाए। सोयब खानले ५० रन र सुजर कुमारले ५३ रन जोडे। सोयब र सुरजबीच सातौँ विकेटका लागि ८५ रनको साझेदारी गर्दै ओमानलाई ११६-६ बाट २०१-७ को स्थितिमा राखे। सोयबले ७४ बलमा पाँच चौका र एक छक्का प्रहार गरे। सुरजले ६६ बल सामना गरी पाँच चौका र एक छक्का प्रहार गरे। ओपनर कश्यप प्रजापतिले ४५ बलमा दुई चौका र एक छक्काको सहयोगमा ३१ रन जोडे। मध्यक्रमका आयान खानले ३० रन बनाउन तीन चौका र एक छक्का प्रहार गरे।


मापदण्डविपरीत घर बनाउँदा नेमारलाई जरिवाना



रियो दी जेनेरियोको तटीय क्षेत्रमा नेमारको निर्माणाधीन लक्जरी घर वातावरणमैत्री नभएका कारण ३.३ मिलियन डलर क्षतिपूर्ति तिर्नुपर्ने भएको छ

रियो / ब्राजिलियन खेलाडी नेमार जुनियरले मापदण्डविपरीत घर बनाउँदा ३.३ मिलियन अमेरिकन डलर क्षतिपूर्ति तिरेका छन्। ब्राजिलको राजधानी रियो दी जेनेरियोको समुद्री किनारमा रहेको मांगारातिबा सहरमा नेमारले नयाँ घर बनाइरहेका छन्। नेमारको नवनिर्मित घर वातावरणमैत्री नभएको भनी स्थानीयले रिपोर्ट गरेका छन्। स्थानीय सरकारले नियमविपरीत र वावावरण बिगार्ने गरी घर बनाएको ठहर गरी लाखौँ डलर क्षतिपूर्ति तिराएको ब्राजिलियन समाचार संस्थाले जनाएको छ।

यसैगरी, जर्मनीको विश्व च्यानलका अनुसार नेमारले बनाइरहेको भवन क्षेत्रमा कृत्रिम ताल र बिच समावेश गरेका छन्। स्थानीय सरकारले घरको कम्पाउन्डभित्र कृत्रिम ताल वा बिच बनाउन निषेध गरेको छ। तर, नेमारले नियमविपरीत आफ्नो भवन निर्माणकार्यलाई तिव्रता दिए। स्थानीय अधिकारीहरूले उनलाई बारम्बार वातावरण कानुन पालना गर्न आग्रह गरेका थिए। नेमारले सरकारी अधिकारीहरूको आग्रहलाई पूरै बेवास्ता गर्दै घर बनाएको दाबी छ।



लक्जरी प्रोजेक्ट

जर्मनी च्यानलले कृत्रिम ताल र बिचसँगै नेमारको घरमा हेलिकोप्टर बिसाउन मिल्ने गरी निर्माणकार्य भइरहेको छ। तटीय क्षेत्रमा हेलिकोप्टर बिसाउने गरी घर निर्माण गर्न पाइँदैन। यस भवन निर्माणकार्यलाई 'लक्जरी प्रोजेक्ट' भनिएको छ। 'हामीले निर्माण भइरहेको निरीक्षण गऱ्यौं, जहाँ नेमारले वावरणमैत्री बनाएको देखिँदैन,' सरकारी अधिकारीले भनेका छन्, 'त्यहाँ कृत्रिम सानो तालमा कृत्रिम पानी बगाइरहेको पायौं, साथै बिच र हेलिकोप्टर ल्यान्ड गर्नसमेत स्थान छुट्याइरहेको छ।'

नेमारले सुरुमा सामान्य घर बनाउने भनेका रहेछन्। तर, उनले पछि लक्जरी घरका रूपमा परिणत गरेको सरकारी अधिकारीले दाबी गरेका छन्। 'सुरुको अनुमतिमा सामान्य घर बन्ने भनिएको थियो, बिस्तारै नेमारले एक लक्जरीका रूपमा परिणत गरे, थप भएका संरचना बनाउन अनुमति नै लिएको पाइँदैन,' सरकारी अधिकारीले भने, 'जुन स्थानीय सरकारको नियमविपरीत देखिन्छ।' यसैगरी, ब्राजिलियन मिडियाले नेमारबाट सबै नियम तोडिएको जनाएका छन्। नेमारले पछिल्लो कारबाहीसम्बन्धी कुनै प्रतिक्रिया दिएका छैनन्।

नयाँ पत्रिका

हिसाब मिलान गर्न आउनेबारे
अत्यन्त जरूरी सूचना

नयाँ पत्रिका राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण विज्ञापन एजेन्सी, विज्ञापनदाता तथा वर्गीकृत विज्ञापन संकलन केन्द्र सबैमा आर्थिक वर्ष ०७९/८० सम्मको सम्पूर्ण बाँकी बक्यौता रकम असारको मसान्तभित्र भुक्तान गरी हरहिसाब मिलान गर्नुहुन अनुरोध गर्दछौं ।

नयाँ प्रकाशन प्रा.लि.
स्टारमल, पुतलीसडक, काठमाडौं
रेमिन्यु विभाग
९८५१२१६८१०

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com